सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १५ ● अंक ४८ ● काठमाडौं, शुक्रबार, वैशाख ३, २०६७ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, Apr 16, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-

# नयाँ वर्षमा नयाँ संकल्प


विदुर खतिवडा/शिव मुखिया

**अरूलाई उज्यालो दिन पहिले आफू बल्न सक्नुपर्छ, अर्थात् आफू दीपक बने त्यसको उज्यालोको प्रभाव अरूमा पर्छ । नेपाली समाजलाई सकारात्मक बाटोतर्फ अग्रसर गराउन धेरै दीपकहरूको आवश्यकता छ । त्यसैले हामीले समाज र राष्ट्रलाई उजिल्याउन व्यक्तिबाटै यसको थालनी हुनुपर्छ भन्ने मान्यता राख्यौं । प्रत्येक व्यक्तिले वार्षिक रूपमा १० वटा प्रतिबद्धता गरे । त्यसबाट देश विकासका निम्ति धेरै नै महत्त्वपूर्ण योगदान पुग्छ, त्यतिमात्र होइन्, घोषित प्रतिबद्धताका कारण सामाजिक रूपमा प्रत्येक व्यक्ति निर्देशित भएर चल्छ । साप्ताहिकले तयार पारेको यो सामग्रीमा राष्ट्रिय स्तरका राजनेताहरू, सामाजिक क्षेत्रका प्रबुद्ध व्यक्तिहरू, युवा व्यवसायी, कलाकार र अन्य परिचित व्यक्तित्वहरू समेटिएका छन् । ती सबैले नयाँ वर्ष २०६७ को अवसर पारेर १० वटा प्रतिबद्धता जारी गरेका छन् । यसलाई लागू गर्न उनीहरू कति प्रतिबद्ध हुनेछन् भन्ने कुराचाहिँ समयले नै पुष्टि गर्नेछ ।**

**(विस्तृत विवरण पृष्ठ २ देखि ९ सम्म)**

मोबाइल रिङटोन तथा कलब्याकिङ टोनमा नेपाली गीत नै राख्छु । कसैलाई मिसकल गर्दिनँ र कसैको मिसकलमा कलब्याक पनि गर्दिनँ ।


**जितु नेपाल (कलाकार)**



म ५० मिटर टाढा नै किन नहोस् तर जेब्रा क्रसबाट मात्र बाटो काट्नेछु र साथीहरूलाई पनि जेब्रा क्रसबाट मात्र बाटो काट्न सल्लाह दिन्छु ।

**रामकुमारी झाँक्री (विद्यार्थी नेतृ)**





हाम्रा जति पनि पुरुष नेताहरू हुनुहुन्छ, सबै पितृसत्तामा विश्वास गर्नुहुन्छ । उहाँहरूलाई लैंगिक समानताका बारेमा सचेत गराउन एउटा विशेष तालिम सञ्चालन गरी उहाँहरूको विचारमा परिवर्तन ल्याउन सकौं- यो मेरो सपना हो ।

**आरजु देउवा (सभासद)**



संविधान बनेन भने नेताहरूलाई मुख छाडेर गाली गर्छु ।

**सुनिल पोखरेल (नाट्यकर्मी)**


विपन्न परिवारकी एक बहिनीलाई अध्यापन गराइरहेको कार्यलाई निरन्तरता दिनेछु र यो वर्ष एक भाइलाई अध्यापनको व्यवस्था मिलाउनेछु ।

**गगन थापा (सभासद)**



कलेज बंक गर्दिनँ र अरूलाई पनि नगर्ने सल्लाह दिन्छु । कुनै कारणले जान सकिनँ भने पनि गलत क्रियाकलापमा नलाग्न सल्लाह दिन्छु ।

**जेनिशा मोक्तान (मिसनेपाल)**





हामी केही नेपालीमा आफैं हिँड्ने बाटोमा थुक्ने बानी छ त्यसका कारण पनि कतिपय रोग सर्न सक्ने हुनाले जथाभावी थुक्ने कार्य रोक्न वकालत गर्नेछु ।

**सपना मल्ल प्रधान (सभासद, महिला-अधिकारकर्मी)**




तोकिएको समय जेठ १४ गते संविधान नबने मेरो जोडी केदारजीसँग केश खौरिएर संविधान निर्माणकर्ताको निधन भयो भनेर शोक मनाउनेछु ।

**सीताराम कट्टेल (कलाकार)**


बन्द, हड्ताल, चक्काजामजस्ता गतिविधिको समर्थन गर्दिनँ र समर्थन नगर्न सल्लाह दिन्छु ।

**राजेशपायल राई (गायक)**




फेसबुक/ट्विटर वा ब्लगको माध्यमबाट कम्युनिकेसन गर्ने एकदमै इच्छा छ । सम्भवतः यही वर्षको सुरुवातदेखि नै इन्टरनेटमा पनि आउनेछु, ।

**राजेश हमाल (नायक)**







## गगन थापा
**(सभासद)**

१. समय व्यवस्थापनमा ध्यान पुऱ्याउनेछु।

२. म जुन राजनैतिक जिम्मेवारी निर्वाह गर्दैछु, त्यससँग प्रत्यक्ष रूपमा जोडिएका विषयहरूमा नै आफ्नो सम्पूर्ण समय र ऊर्जा केन्द्रित गर्नेछु।

३. यो वर्ष कम्तीमा ५० वटा जिल्लाको भ्रमण गर्नेछु। जिल्ला भ्रमणमा जाँदा सकेसम्म ग्रामिण बस्तीहरूमा पुग्नेछु।

४. एउटा पुस्तक प्रकाशन गर्नेछु।

५. प्रत्येक महिना दुई दिन परिवारका लागि समर्पित गर्नेछु।

६. शारीरिक व्यायामलाई निरन्तरता दिनेछु।

७. विपन्न परिवारकी एक बहिनीलाई अध्यापन गराइरहेको कार्यलाई निरन्तरता दिनेछु र यो वर्ष एक भाइलाई अध्यापनको व्यवस्था मिलाउनेछु।

८. ट्राफिक नियमको पालनामा सचेत भएर लाग्नेछु।

९. बाख्रापालन एवं कुरिलो खेतीको व्यवसायलाई विस्तार गर्नेछु।

१०. खेलकुद एवं सूचना-प्रविधिका क्षेत्रमा लागेका एवं वैदेशिक रोजगारीमा गएका युवाका निम्ति केही ठोस काम गर्नेछु।



## निर्वाण चौधरी
**(युवा व्यवसाय)**

१. साउथ एसियन युथ काउन्सिलको निर्माणमा केन्द्रित रहनेछु, जहाँ दक्षिण एसियाका उच्चस्तरका व्यवसायी एवं युवा राजनीतिज्ञहरूले युवा विकासका कार्यक्रमहरूमा छलफल गर्नेछन्।

२. नेपालको राष्ट्रिय स्क्वास टिममा पुनरागमन गर्नेछु।

३. वातावरण परिवर्तन सद्भावना राजदूतको भूमिकालाई वर्ष २०६७ मा सशक्त ढंगले निर्वाह गर्नेछु।

४. वाईवाईको ज्ञान उदय छात्रवृत्ति कार्यक्रममार्फत शैक्षिक क्षेत्रमा थप सहयोग गर्नेछु।

५. समता निकेतनलाई सहयोग गर्दै यसको थप विकास र विस्तार गर्न सहयोग गर्नेछु।

६. संगीतको क्षेत्रमा यो वर्षदेखि फेरि सक्रिय हुनेछु।

७. बुद्धिज्मलाई बुझ्न गहन अध्ययन गर्नेछु।

८. मेरो एमबीएको अध्ययनलाई निरन्तरता दिनेछु।

९. स्टेकहोल्डर्सहरूको आशा एवं लक्ष्य परिपूर्ति गर्दै हाम्रो संस्थालाई दक्ष कर्मचारीहरूद्वारा सञ्चालित संस्थाका रूपमा परिचित गराउनेछु।

१०. नेपालमा ख्याति कमाएको कम्पनीलाई दक्षिण एसियाली क्षेत्रमा परिचित गराउने प्रयास गर्नेछु।



## निमा रुम्बा
**(गायक)**

१. यो वर्ष नयाँ एल्बम सार्वजनिक गर्नेछु।

२. नेपालमा थुप्रै पर्यटकीय स्थल छन्। ती स्थलहरूमा ट्रेकिङ जानेछु।

३. एकल सांगीतिक कार्यक्रम नगरेको धेरै भयो, यो वर्षभित्रमा एकल सांगीतिक कार्यक्रम गर्नेछु।

४. गत वर्ष मैले कागबेनी चलचित्रमा काम गरें। यो वर्ष अर्को चलचित्रमा काम गर्नेछु।

५. सांगीतिक कार्यक्रममार्फत च्यारिटी गरिरहेको छु यो वर्ष पनि त्यसलाई निरन्तरता दिनेछु।


६. पारिवारिक भ्रमण गर्नेछु।

७. आफ्ना कुलतहरू कम गर्नेछु, जुन विगतका वर्षहरूमा पनि छुटाउँछु भनेर सोचेको थिएँ।

८. खासगरी काठमाडौंमा सवारीचालकहरूले धेरै लापरबाही गरेको देखिन्छ। उनीहरूले अनुशासनको पालना गरेको पाइँदैन। त्यसैले उनीहरूलाई अनुशासन पालनका लागि प्रेरित गर्नेछु।

९. राजधानीमा सवारी साधन बढेकाले प्रदूषण पनि निकै बढेको छ। त्यसैले म आफू छोटो यात्रामा साइकल चलाउनेछु र अरूलाई पनि साइकल प्रयोग गर्न अनुरोध गर्नेछु।

१०. शारीरिक व्यायाम गरेर शरीरलाई चुस्त राख्नेछु।



## अनिल शाह
**(प्रमुख कार्यकारी, मेगा बैंक)**

१. यो वर्ष परिवारलाई महत्त्वपूर्ण समय दिनेछु।

२. मैले मेरा साथीहरूबाट निरन्तर माया एवं सहयोग पाउँदै आएको छु, यो वर्ष उनीहरूलाई तुलनात्मक रूपमा धेरै माया र सहयोग प्रदान गर्न प्रयास गर्नेछु।

३. मेगा बैंकलाई नेपालकै पहिलो पाँचतारे बैंकका रूपमा सञ्चालनमा ल्याउनेछु।

४. मेगा बैंक पाँचतारे बैंक मात्र हुनेछैन, सम्पूर्ण वित्तीय कारोबारको केन्द्रका रूपमा विकास गरिनेछ।

५. वित्तीय क्षेत्रमार्फत आर्थिक कारोबार, उत्पादन एवं सेवाको नयाँ ढंगले व्यवसायीकरण गर्नेछु, जसले आर्थिक वृद्धि गर्नुका साथै बजार विविधीकरणलाई बढावा गर्नेछ।

६. म मेरो स्वास्थ्यमा विशेष ध्यान दिनेछु, खासगरी शरिर, मस्तिष्क र मनलाई।

७. सामाजिक क्षेत्रमा राम्रो प्रभाव पार्ने कार्यक्रमहरूलाई आर्थिक सहयोग गर्नेछु।

८. नयाँ नेपाल निर्माण गर्ने र नयाँ संविधान निर्माण गर्न मेरो तर्फबाट सक्दो योगदान गर्नेछु।

९. आफूले विगतमा गरेका गल्ती र अरूका गल्तीहरूको अनुभवबाट सिक्दै त्यसमा सुधार ल्याउनेछु।

१०. बिहान उठ्दा प्रत्येक दिन भगवान्ले आज मलाई राम्रो काम गर्नका लागि दिएको सम्झिएर खुसीसाथ बिताउनेछु, साथै आफ्नो बिहानी व्यायामका साथीहरूका साथ बिताउनेछु।



## दीपक थापा
**(इभेन्ट म्यानेजर)**

१. कामलाई समयअनुसार प्राथमिकता दिनेछु।

२. सामाजिक दायित्व पूरा गर्न शिक्षा क्षेत्रमा एक जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नेछु।

३. ट्राफिक नियम पालना गर्नेछु। पदयात्रीलाई प्राथमिकता दिनेछु। अस्पतालमा हर्न बजाउँदिनँ, सवारी साधन चलाउँदा मोबाइलमा कुराकानी गर्दिनँ।

४. श्रम र सीपको सम्मान गर्दै श्रमिकहरूको हौसला बढाउँछु र जतिसक्दो नेपाली वस्तु र सेवा उपभोग गर्छु।

५. परिवार र मित्रलाई समय दिएर राम्रो व्यवस्थापक बन्नेछु।

६. कमसेकम एक जना व्यक्तिको धूम्रपान र मद्यपानको कुलत छुटाउने प्रयास गर्नेछु।

७. २०११ मा ११ जना विदेशी नेपाल भित्र्याएर नेपाल पर्यटन वर्ष सफल पार्न सहयोग गर्नेछु।

८. कुनै पनि कार्यमा छिटो र तदारूकताका साथ प्रतिक्रिया जनाउनेछु।

९. सुख परिवर्तन गर्छु व्यक्तित्व र नेतृत्व विकासका लागि।

१०. सबै प्रतिबद्धता कार्यान्वयन गर्नेछु।



## रविना जोशी
**(बैंकर्स)**

१. हामी अरूलाई माया गरिरहेका हुन्छौं, आफूलाई पनि माया गर्नुपर्छ। त्यसैले यो वर्ष म आफूलाई अझ बढी माया गर्नेछु।

२. आफ्ना लागि अझ बढी समय निकाल्नेछु। समय निकालेर योग अभ्यास गर्नेछु।

३. हामीले जीवनलाई सिरियस्ली लिइरहेका हुन्छौं। त्यसैले यो वर्ष म अझ धेरै हास्छु, खुसी हुनेछु।

४. म आफूसँग भएका पढ्न बाँकी पुस्तकहरू पढ्नेछु।

५. आफ्ना लागि निजी समय निकाल्नेछु।

६. म अरूबेला फोनमा सहजै उपलब्ध हुन्छु, के रात के दिन जतिबेला पनि फोनमा कुराकानी गरिरहनुपर्छ। यसरी फोनमै धेरै समय खर्चिनुपरेको छ। अबचाहिँ त्यतिसाह्रो फोनमा उपलब्ध हुँदिनँ।

७. मेरो रुचिको विषयमा समय दिन्छु।

८. बालबालिकाका लागि समय दिनेछु।


९. किनेर राखेको चलचित्र हेर्छु।

१०. हरेक मानिस फरक-फरक किसिमका हुन्छन्। कुनै मानिस अरूजस्तै बन्नुपर्छ भन्ने छैन। त्यसैले जो जस्तो छ, त्यस्तै स्विकार्छु।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

**वैशाख ३ गते : भक्तपुर ब्रह्माणी जात्रा, ४ गते : भक्तपुर छुमा गणेश जात्रा, ५ गते : भक्तपुर भैरव भद्रकाली जात्रा, ९ गते : पृथ्वीदिवस।**

### मेष

मान-सम्मान मिल्नेछ भने भोजभतेरमा सामेल हुने तथा प्रसन्नता बढ्ने योग छ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। रमाइलो यात्रा हुनेछ भने भेटघाटमा मन रमाउनेछ। प्रेम गर्ने अवसर प्राप्त होला।

### मिथुन

गरेका काम सन्तोषजनक रहनेछन्। अधुरा काम पूरा हुनेछन्। नयाँ साथीहरूको सहयोग पाइनेछ। यात्रामा सोचेजस्तै सफलता हात पार्न सकिनेछ। पहिलो भेटमै मन जित्न सफल हुनुहोला। शनिबार र आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। स्वास्थ्य गडबड हुनसक्छ।

### सिंह

विद्यामा गरेका लगानीहरू फलदायी हुनेछन्, अरूको विश्वासपात्र बन्न सकिनेछ। छात्रवृत्ति प्राप्त गरी विदेश जाने अवसर जुट्नेछ। महत्त्वपूर्ण जिम्मेवारी आउनेछ। विवाद एवं चिन्ता बढ्ने तथा स्वास्थ्य गडबड हुने योग छ। आफन्तहरूसाग मतभेद हुनुका साथै मानसिक तनाव पनि तीव्र हुनेछ।

### तुला

अरुलाइ सजिलै विश्वास दिलाउन सकिनेछ। मान-सम्मान पनि पाउनुहोला। भाग्यले साथ दिनेछ भने कर्म बलियो रहनेछ। जोस एवं जाागर बढ्नेछ। स्वास्थ्यमा समस्या देखा पर्न सक्छ। परिवारजनको सहयोग नपाउादा चिन्ता बढ्नेछ। विश्वास गरेकाहरूबाट धोका हुनसक्छ।

### धनु

काममा सानातिना समस्या सिर्जना भए पनि सफलता हात पर्नेछ। शनिबारदेखि धन आर्जन हुने योग छ भने ठूला व्यक्तिले तपाईंको खुलेर प्रशसा गर्नेछन्। नयाँ मित्रको आगमन हुनेछ। बुधबार तथा वृहस्पतिबार स्वास्थ्य गडबड हुनसक्छ। गरेका काम बिग्रनाले मानसिक तनावमा वृद्धि हुनेछ।

### कुम्भ

पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। मित्रहरूको सहयोग जुट्नेछ। बोलीको प्रभाव बढ्नुका साथै धन आर्जन हुने देखिन्छ। शनिबारदेखि चिन्ता एवं गलत विचारले सताउनेछ। कामहरू रोकिनेछन् भने रोग एवं शत्रुले पनि दुख दिन सक्छन्। अरूको विश्वासमा परे धोका हुनेछ।

### वृष

खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। झूटा आरोप पनि लाग्नसक्छ। शनिबारदेखि समय अनुकूल बन्दै जानेछ। काममा सफलता मिल्नेछ भने मान-सम्मान पनि प्राप्त हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ।

### कर्कट

सभा-सम्मेलनमा तपाईंको सम्मानजनक उपस्थिति रहनेछ। अरूको विश्वास जितेर अघि बढ्ने अवसर मिल्नेछ। धन आर्जन हुने योग छ भने जोस एवं जाागर पनि बढ्नेछ। तपाईंको लगनशीलता एवं इमानदारिताको धेरैले प्रशंसा गर्नेछन्। सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा झूटा आरोप लाग्ने सम्भावना छ।

### कन्या

स्वास्थ्य गडबड हुने, काममा अवरोध सिर्जना हुने तथा अरूबाट आलोचना हुन सक्ने देखिन्छ। घर झगडाले सताउने, लेनदेनमा विवाद हुने, नैराश्यता एवं उदासीनता बढ्ने योग छ। विश्वासमा पर्दा धोका हुनसक्छ। सोमबारदेखि भाग्यले साथ दिनेछ भने काममा सुधार आउनेछ। अरूबाट प्रशंसा पाउने एवं धन आर्जन हुने योग छ।

### वृश्चिक


काममा सफलता मिल्नेछ भने मित्रहरूको सहयोगले ठूला काम पनि सहजै गर्न सकिनेछ। पहिलो भेटमै अरूलाई प्रभावित तुल्याउन सफल हुनुहोला। सोमबार तथा मंगलबार अध्ययनमा बाधा सिर्जना हुने सम्भावना छ। मानसिक तनाव वृद्धि हुनसक्छ। काममा सफलता पाउन ठूलै प्रयास गर्नुपर्नेछ।

### मकर

घरेलु समस्या एवं गलत विचार बढ्नेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। मन अशान्त रहनेछ। अध्ययनमा लगानीअनुरूप सफलता पाइनेछैन। स-साना काममा समय खर्च हुने देखिन्छ भने महत्त्वपूर्ण काम ओझेल पर्नेछन्। सोमबारदेखि परिश्रम गर्दा काम बन्ने, धन आर्जन हुने योग छ। भेटघाटमा अरूलाई विश्वास दिलाउन सकिनेछ।

### मीन

बोल्दा विचार पुऱ्याउनुहोला। साताभरि नै सजगता अपनाउनुपर्ने देखिन्छ। एकपछि आउने अर्को अप्ठ्याराले मनोबल घटाउनेछ। तपाईंलाई उपयोग गर्नेहरूले प्रशस्त फाइदा लिनेछन्। त्यसैले आफ्नै प्रयासमा काम गर्नुपर्नेछ। शनिबारदेखि पराक्रम बढ्ने, अधुरा काम बन्ने, नयाँ काम पाइने तथा आफन्तहरूको पूर्ण सहयोग मिल्ने योग छ।


BAGPIPER
WORLD'S LARGEST
SELLING
WHISKY
BAGPIPER
WHISKY
DRINK RESPONSIBLY

● सम्पादकीय ●

# खस्कँदो सुरक्षास्थिति

हुम्लामा कर्फ्यु, त्रि–चन्द्र कलेजमा भिडन्त, बाजुरामा झडप, डीआईजीको घरमा लुट, मधेस बन्द, यी र यस्तै प्रकृतिका समाचारले सञ्चारमाध्यमहरूमा प्रमुखता पाएपछि पछिल्ला केहीसाता यता मुलुकको सुरक्षास्थिति खस्कँदै गएको अनुमान गर्न सकिन्छ । सरकार टिकाउने र ढाल्ने चलखेल भैरहेका बेला राजनैतिक दल र तिनका भ्रातृसंगठनलगायत आपराधिक तत्वले समेत मुलुकको कमजोर सुरक्षा व्यवस्थाको खिल्ली उडाउँदै आफ्ना गतिविधिहरू तीव्र पारेका छन् । कुनै पनि सरकारको पहिलो दायित्व भनेकै नागरिकहरूको जीउधनको सुरक्षा हो, तर बितेका केही वर्षदेखि मुलुकको गृह प्रशासन शिथिल हुनले एकातिर राजनैतिक दलका भ्रातृसंगठनहरू हिंसात्मक गतिविधिलाई मलजल गर्न अघि सरेका छन् भने अर्कातिर आपराधिक समूहले पनि आफ्ना गतिविधिहरू तीव्र पारेका छन् । नागरिक सुरक्षाको जिम्मेवारी लिएका प्रहरीका उपल्ला अधिकारी नै आफ्नो घर परिवारको सुरक्षा गर्न असमर्थ देखिन्छन् भने आम नागरिकले कोबाट सुरक्षाको प्रत्याभूति प्राप्त गर्ने ? यो प्रश्नले यतिखेर गृह प्रशासनलाई जति कमजोर प्रमाणित गरेको छ त्यति नै आम नागरिकलाई चिन्तित पनि बनाएको छ । प्रहरी र प्रशासन आम जनतालाई सुरक्षाको प्रत्याभूति दिन असफल भैरहेकै बेला विभिन्न राजनैतिक दलका भ्रातृसंगठनहरू आम नागरिक तर्सिने गरी हिंसात्मक क्रियाकलापमा संलग्न भएको समाचारहरू सार्वजनिक हुँदा राजनैतिक दलहरू मुलुक र जनताप्रति उत्तरदायी हुन नसकेको अनुमान सहजै गर्न सकिन्छ ।

संविधान निर्माणको मिति घर्किंदै गएको अहिलेको तरल अवस्थामा एकातिर आम नागरिक समयमै संविधान नबन्ने हो कि ? भन्ने पिरलोमा छन् भने अर्कोतिर संविधान बन्न नसकेको अवस्थामा उत्पन्न हुने राजनैतिक शून्यतालाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरातर्फ अहिले कसैको ध्यान जान सकेको छैन । यस्तो स्थितिमा मुलुकमा अराजकतामार्फत आफ्नो स्वार्थको खेती गर्नेहरूले चलखेल गर्नु स्वाभाविक हुन्छ । मुख्य कुरा त्यस्तो चलखेलका विरुद्ध सरकार र राजनैतिक दलहरू कति सक्रिय छन् भन्ने नै हो । अहिले दिनहुँ जसो हुने आपराधिक क्रियाकलापले मुलुकमा सरकार छैन कि भन्ने भान परेको छ । यस्तो स्थितिमा आम नागरिकले आफूलाई असुरक्षित महसुस गर्छन् भने त्यसको दायित्व कसले लिने ? सरकारले, सरकारमा सहभागी राजनैतिक दलहरूले वा प्रतिपक्षी दलहरूले ? यो प्रश्नको जवाफ संविधानसभामा रहेका सबै राजनैतिक दलहरूले जनतालाई दिनुपर्ने समय आइसकेको छ ।

**समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान ।**

# कांग्रेसका युवा नेताहरूसँग

● चिठीपत्र ●



प्रजातन्त्र भनेको चेतना हं आज कांग्रेसको बीस वर्षको अभ्या चेतनामा आधारित नभै चेतनारहि दास मानसिकता भएको चाकडीम आधारित छ । आजसम्म कांग्रेसव राजनीति भनेको राजा त्रिभुवनले ट रक्सी पिएर जो-कसैलाई पनि 'भोल आउनुस् म तपाईंलाई मन्त्र बनाउँछु' भन्ने र भोलिपल्ट त्यो व्यक्ति राजाले मन्त्री बनाउँछु भनेका छ भनेर ठाँट्टिएर दरबार पुग्दा युवरा महेन्द्रले 'बुबाले त रक्सी खाएर हो गुमेको अवस्थामा बोलिबक्सेको मा हो' भनी फिर्ता पठाए जस्तो नेताहरूव निगाह र मनपरी राजनीतिको सा साले प्रवृत्ति व्याप्त छ । जनताले सोचेका छन् त्यो गलतै भए पर्ा हामीले सही मान्नैपर्छ ।

बालकृष्ण खाणले नेतृत्व गरेको नेपाल विद्यार्थी संघमा लाखौं सदस्य थिए । किशोरसिंह राठौरले नेतृत्व गरेको नेपाल विद्यार्थी संघमा त्यो संख्या घटेर १०-२० हजार सदस्य थिए भने अहिले प्रदीप पौडेलले नेतृत्व गरेको नेपाल विद्यार्थी संघको कोर एरियामा २-४ हजार सदस्य छन् जवकि अरू ठूला पार्टीका भ्रातृ संगठनमा कम्तीमा पचासौं हजार कार्यकर्ता छन् । किनभने कांग्रेसका बूढा नेताहरूको व्यवहारले दिक्क भएर कोही पनि नेपाल विद्यार्थी संघमा पाइला टेक्न चाहँदैनन् । नेपाली कांग्रेसको त त्योभन्दा खराब अवस्था छ । पार्टीका कुल सक्रिय कार्यकर्ता चालीस हजारबाट घटेर चार-पाँच हजारमा पुगेका छन् । त्यसमा पनि राजनीतिमा सक्रिय कार्यकर्ता केवल डेढ-दुई सय जना मात्र छन् जसको नाम हामी निरन्तर सुन्छौं । आजका नेताहरूले जनताप्रति गर्ने व्यवहारलाई कुनै पनि हालतमा प्रजातान्त्रिक भन्न मिल्दैन । कांग्रेस नेतृत्वको संस्कार प्रजातान्त्रिक छैन । त्यो संस्कारलाई ध्वस्त नगर्ने हो र यिनै नेताहरू कायम रहे नेपाली कांग्रेस प्रजापरिषद जस्तो बन्नेछ ।

तपाईंहरू पनि बूढा नेताहरूको पदचिन्हमा हिंड्न थाल्नुभयो भने जनताले तपाईंहरूलाई पनि फ्याँकिदिनेछन् । त्यसैले आफूभित्र नयाँ प्रजातान्त्रिक संस्कार विकसित गर्दै पुरानालाई तत्काल बिदावारी गर्नुहोस् । होइन भने तपाईंहरूले पुरानै पुस्तालाई सुधार्ने वा कायम गरी उनीहरूकै पछि लाग्ने हो भने जनताले विश्वास गर्ने छैनन् । सत्ता र पद रोमान्सको विषय होइन । ३० वर्ष लडेर ल्याएको प्रजातन्त्र लागू नै नगरी नेताहरूले पारिवारिक निगाहको राजनीति गरेका होइनन् र ? प्रजातन्त्रमा जस्तो भोगी नभै जोगी जस्तो व्यक्ति नेता बन्नुपर्छ । यदि अब तपाईंहरू पनि सत्ता राजनीतिसँग रोमान्स गर्न थाले सिद्धिनुहुन्छ, जोगी भएर राजनीति गर्न लागे कम्युनिस्टहरूको प्रभाव कम गर्न सकिन्छ ।

त्यसैले तपाईंहरू खुट्टा दह्रो गरेर पुस्ता परिवर्तनका लागि हस्ताक्षर अभियान सुरु गर्नुहोस् । यदि सुरुदेखि नै तपाईंहरूले नेताहरूलाई जनतामाथि अप्रजातान्त्रिक व्यवहार गर्न रोकेको भए करोडौं युवा निराश भएर देशै रित्तिने गरी विदेशिनुपर्ने थिएन वा कम्युनिस्टहरूको निरङ्कुशताको पछाडि लाग्नुपर्ने थिएन अथवा कांग्रेस अहिले जस्तो युवा र जनाधारविहीन पार्टी हुने थिएन ।

पुस्ता परिवर्तनको कुरा गर्दा ४० वर्ष उपयुक्त उमेर हुन्छ तर कांग्रेसका ५० वर्षसम्मका सदस्यहरू केही गर्न नपाएर पूरै बर्बाद भएर मानसिक रोगी समेत बनेका छन् । आफ्नै नेताहरूबाट पीडित भएकै कारण उनीहरूले जीवनमा एक पटक भए पनि मौका पाउनुपर्छ । उनीहरूले पनि अन्य युवा कांग्रेससँग मिली सबै अप्ठेराहरूलाई चिर्दै बूढा नेताहरू विरुद्ध एकजुट भएर विद्रोह नगरे जनता बरु कम्युनिस्टको अत्याचार सहन गर्न तयार हुन्छन् तर कांग्रेसलाई मत दिंदैनन् ।

त्यसैले जनतालाई हामी उनीहरू जस्ता होइनौं, उनीहरूको व्यवहारसँग हामी खुसी छैनौं भन्ने कुरा दर्साउन पनि विद्रोह गर्नु आवश्यक भैसकेको छ । होइन भने जनताले तपाईंहरूप्रति पनि विश्वास गर्न छाड्नन् । विद्रोह भए पनि पार्टीले कसैलाई निकाल्न सक्दैन, किनभने पार्टीको स्वास्थ्य एकदम कमजोर छ, तपाईंहरूले आँट नगरेर मात्र हो । बूढा नेताहरूले हामी जनताप्रति जुन दुर्व्यवहार गर्छन् त्यो तपाईं युवा कार्यकर्ताको आधारमा टेकेर गरेका हुन् ।

उनीहरू तपाईंहरूका कारण मात्र नेता बनेका हुन् । तपाइंहरूले चाहेको समयसम्म मात्र उनीहरू नेता हुन्, त्यसपछि होइनन्, त्यसैले विद्रोह गर्नुहोस् । कांग्रेसका समस्त युवा पंक्तिले एकै स्वरमा विद्रोहको आवाज घन्काए मात्र बूढा नेताहरूको कुनै पनि तर्कले काम गर्दैन र उनीहरूले राजनीति छाड्न बाध्य हुनुपर्छ ।

**सञ्जीव सत्याल**

● तीतो सत्य ●

- सक्छौ भने असल मानिस बनेर देखाउने प्रयत्न गर, सक्दैनौ प्रयास मात्रै भए पनि गर ।
- जानेको कुरामा कम बोल, जान्दै नजानेको कुरामा बोल्दै नबोल ।
- अर्काको पछाडि बसेर खुट्टा तान्नुभन्दा आफ्नो गल्तीलाई सच्याएर अघि बढ्नु उत्तम हुन्छ ।

**नारायण प्रेमी जुगार, रोल्पा**

- व्यवहारमा क्षुद्रपन भयो भने सम्बन्ध दिगो हुन सक्दैन ।
- जहाँ विश्वास, त्यहाँ मित्रता, जहाँ मित्रता त्यहाँ समन्वय, जहाँ समन्वय त्यहाँ समझदारी, जहाँ समझदारी त्यहाँ मेलमिलाप, जहाँ मेलमिलाप त्यहाँ एकता, जहाँ एकता त्यहाँ शान्ति ।
- कठिनाइसँग जुध्न सकिंदैन भने यात्रामा सफलता र सहजता प्राप्त हुँदैन ।
- हरेक चीज र वस्तु प्रयोगपश्चात् काम नलाग्ने हुन्छन् ।
- हेला कहीं पनि, कोहीबाट कसैलाई गरिनु हुँदैन ।
- पटक-पटकको प्रयास नै सफलताको सिंढी हो ।
- त्यस्ता मानिसको सङ्गत गर जो उत्सुकता र विश्वासले पूर्ण छन् ।

**–अज्ञात**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

# आमा-बुवाको सम्झना

● सहर चर्चा ●



गायक सुगम पोखरेलको पछिल्लो चर्चित गीत 'झिल्के' को म्युजिक भिडियोमा 'झिल्के' को चरित्रमा देखिएका मोडल प्रवीण श्रेष्ठले आमाप्रतिको अगाध स्नेहलाई भिन्दै ढंगबाट प्रकट गरेका छन् । आमाको मात्र होइन, दिवंगत बुवाको सम्झनालाई समेत उनले आफ्नो शरीरबाट आजन्म नमेटिने गरी कुँदेका छन् । यही वैशाख १ गते आमाको मुख हेर्ने दिन नजिकिंदै जाँदा उनले आमालाई उपहार दिने भनि आफ्नी ६५ वर्षीया आमा रत्नेश्वरी श्रेष्ठको चित्र देब्रे काँधमा कुदाएँ । ट्याटु खोपाउने फेसन बढिरहेको सन्दर्भमा मानिसहरू विभिन्न शब्द, मनपरेका कलाकार, फुल, बुट्टा आदि खोप्ने गरेको उनले देखेका थिए । विगत एक दशकदेखि मोडलिङ तथा कोरियोग्राफ्रीमा सक्रिय प्रवीणले आमाको चित्रलाई ज्यानमा कुँदिएको उनको र पिठ्युँमा खोपाएको दिवंगत बाबु चन्द्रलालको चित्र देखाएपछि सुरुमा आमाले हकारेपनि छोराको आफुप्रतिको माया बुझेर रोएकी थिइन् । सयभन्दा बढी फेसन सोमा क्याटवाक गरेको तथा ३० भन्दा बढी म्युजिक भिडियोमा अभिनय गरेको अनुभव संगालेका प्रवीण भन्छन्-'मेरो यो शरिर आमा-बुवाकै देन हो । उहाँहरूकै कारण म धर्तीमा आएँ । त्यसैले मैले मेरो शरीरमा आमा-बुवाको चित्रको ट्याटु बनाएको छु । यसरी मेरो बुवा आमा सधैं मेरो साथमा रहनुहुनेछ ।'



● मोडल वाच ●

# मोडलिङमा साइमन

उमेर २२ वर्ष, उचाइ ५ फिट ८ इन्च, रुचिको विषय मोडलिङ । मैतीदेवीस्थित न्यूगोल्ड जिममा शारीरिक सुगठनको प्रशिक्षण दिइरहेका साइमन थापाको सामान्य परिचय यति हो, तर अब भने उनी मोडलिङमा स्थापित हुने धुनमा छन् । 'राम्रो पुरुष मोडल बन्न शारीरिक बनावट आकर्षक हुनैपर्छ,' साइमन भन्छन्, 'जिम गरेर नै पुरुषहरूले आफ्नो शरीरलाई आकर्षक बनाउन सक्छन् ।' जिम प्रशिक्षक साइमनले मिस्टर एन्ड मिस राजधानी २०१० मा सहभागिता जनाएर मिस्टर फिजिक्सको उपाधी समेत जितिसकेका छन् । यसबाहेक उनी केही पेपर एडमा पनि देखा परिसकेका छन् । साइमनलाई मन पर्ने पहिरन जिन्स र टिसर्ट हुन् । म्युजिक भिडियोमा काम गर्न इच्छुक साइमनले भविष्यमा सफल मोडल बन्ने लक्ष्य लिएका छन् । नेपालमा पुरुष मोडलहरूले कम अवसर पाइरहेको गुनासो गर्दै साइमनले भने, 'पत्रपत्रिकामा पनि महिला मोडललाई मात्र बढी स्थान दिइने गरेकाले पनि नेपालका पुरुष मोडलहरू अघि बढ्न सकेका छैनन् ।'

● मुखाले ●

अहिले सरकार बदल्नुभन्दा संविधान लेखन र शान्ति प्रक्रिया महत्त्वपूर्ण छ ।

**शेरबहादुर देउवा**

शान्ति प्रक्रिया र संविधान कुनै पनि काम यो सरकारले गर्न सक्दैन ।

**मोहन वैद्य**

एक साताभित्र माधव नेपाललाई बिदा गर्छौ ।

**सीपी गजुरेल**

तत्काल सरकार परिवर्तन हुन सक्दैन ।

**महेश आचार्य**

सडकमा जतिसुकै चिच्याए पनि सरकार ढल्दैन ।

**विजयकुमार गच्छदार**

नेपालको राजनीति रेफ्रिविनाको खेलजस्तै भएको छ ।

**कमल थापा**

मधेसलाई एक स्वायत्त प्रदेश घोषणा नगरिए हामी आफै मधेसलाई छुट्टै मुलुक बनाउने गृहकार्यमा जुट्छौं ।

**राजेन्द्र महतो**

सरकार नफेरे संविधान बन्दैन ।

**वामदेव गौतम**

रगतको खोलो बगे सेना चुप लाग्दैन ।

**रुक्माङ्गद कटुवाल**

माओवादी अड्चनले संविधानको अवधि उम्कादैछ ,

**राधेश्याम अधिकारी**

सेक्सभन्दा माथि जिन्दगी छ ।

**पूजा बराल**



एसपी कोइराला
(ऊर्जा सचिव, गीतकार)

१. चिया घटाएर दिनको दस कपमा झार्नेछु।
२. मन्दिरमा पूजा गर्न जाँदा फूल र अक्षता कुल्चँदै हिँड्नुपर्ने अहिलेको चलन तोड्न सानोतिनो जनचेतना अभियान सुरु गर्न पहल गर्नेछु।
३. टोलछिमेकमा हर्न बजाउन बन्द गरी हर्न निषेधित क्षेत्र बनाउनेछु।
४. आफू पढेको भोजपुरको विद्यालयका एक जना गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गर्नेछु।
५. पशुवली प्रथाको विरोध गर्नेछु।
६. एउटा कथा-संग्रह प्रकाशनमा ल्याउनेछु।
७. बिजुली बचत गर्नेछु र अरूलाई पनि गर्न प्रेरित गर्नेछु।
८. प्राणायम र व्यायाम नियमित गर्नेछु।
९. भोजपुरको राम अमर शहिद पुस्तकालयलाई थप पुस्तक र कम्प्युटर दिनेछु।
१०. आजको फाइललाई आजै टुंग्याउनेछु।



सुनिल पोखरेल
(नाट्यकर्मी)

१. आउने वर्ष कम्तीमा तीनवटा नेपाली नाटक गर्छु।
२. बिहान साढे पाँच बजे उठ्छु।
३. दुई जना बेसहारा बालकलाई पढाउँछु।
४. इमान्दार हुने प्रयास गर्छु।
५. एउटा अन्तर्राष्ट्रिय नाटक महोत्सव गर्नेछु।
६. संविधान बनेन भने नेताहरूलाई मुख छाडेर गाली गर्छु।
७. असल मानिस बन्ने प्रयास गर्नेछु।
८. गुरुकुलबाट कम्तीमा ६ वटा एकल सांगीतिक कार्यक्रम गर्नेछु।
९. अघोर सम्प्रदायको दीक्षा लिने प्रयास गर्नेछु।
१०. यीमध्ये केही पनि गर्दिनँ, जे मन लाग्यो त्यही गर्छु।



आलोक नेम्वाङ
(निर्देशक)

१. अलि-अलि बोसो घटाउनु छ, त्यसैले योग सुरु गर्छु।
२. ऊर्जासंकटलाई व्यवस्थित गर्ने काम हामीले केहि अघिदेखि गरेको भए यो स्थिति आउँदैनथ्यो। सानो भए पनि कन्ट्रिब्युसन गर्न सीएफएल प्रयोग गर्नेछु।
३ 'कोही मेरो' रिलिजका लागि एक्स्ट्रा टाइम दिएर सक्रिय रहनेछु।
४. हाम्रो देशको राजनीतिका सम्बन्धमा चासो लिन्छु। अहिलेसम्म लिएको थिइनँ।
५. साथीहरूसँग फेसबुक, इन्टरनेटमार्फत सम्पर्कमा आउँदैछु। वर्षौं सम्पर्कमा नभएका साथीहरू खोज्ने र भेट्ने अभियान चलाउछु।
६. म प्रवचन सुन्न जाने समय छुट्याउँछु, महिनामा २ पटक मात्रै भए पनि।
७. नेपालमा एनिमल राइट छैन, पशुपन्छीहरू आफैं आफ्नो अधिकारका लागि लड्न सक्दैनन्। पशुपन्छीको सहयोगका लागि हात अघि बढाउँदैछु आह्वान गर्न चाहन्छु।
८. काठमाडौंको प्रदूषणबाट बच्न वर्षमा २ पटक जोमसोम जानेछु।
९. कसले के भन्यो भन्ने कुराले मलाई असर गर्दैन। राम्रो- नराम्रो जे भने पनि म केही प्रतिक्रिया दिन्नँ। यो बानी कायम होस् भन्ने कामना गर्छु।
१०. यो वर्षदेखि व्यक्तिगत रूपमा मानिसहरूसँग संगत बढाउनेछु।



आलोकश्री
(संगीतकार)

१. यो वर्ष मेरो संगीतबाट आएको ५० प्रतिशत रकम गरिब एवं जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिमा लगानी गर्नेछु।
२. आफूले सवारी साधन चलाउँदा अनावश्यक ओभरटेक गर्दिनँ, बटुवालाई प्राथमिकता दिनेछु र आफ्नो कारणले अरूलाई कहिकतै केही हानि पुऱ्याउँदिनँ।
३. आफूलाई अध्ययनशील बनाउँनेछु।
४. वर्षको १ महिना आफ्नै गाउँको समाजसेवामा बिताउनेछु गाउँ जाने र गाउँलेसँगै बस्ने प्रयास गर्नेछु।
५. आफूलाई सिर्जनशील बनाउनेछु। संगीत सिर्जनामा पनि मौलिक ढंगले अघि बढ्नेछु। नेपाली संगीतलाई गुणस्तरीय एवं मर्मस्पर्शी बनाउनेछु।
६. संगीतकर्मीको हक- हितका लागि लड्नेछु र सांगीतिक आन्दोलनमा सहयोग गर्नेछु। सांगीतिक नवप्रतिभाहरूलाई सहयोग गर्नेछु।
७. सुरताल म्युजिक र गुञ्जन इन्टरटेन्मेन्टलाई नोटेबल कम्पनीका रूपमा अघि बढाउनेछु। दुवै कम्पनीलाई एउटै स्वरूपमा ल्याएर सशक्त ढंगले अघि बढ्नेछु।
८. उदितनारायण, आदित्यनारायण तथा दीपा झाको संयुक्त एल्बम बजारमा ल्याउनेछु।
९. राजनैतिक सचेतकको हिसाबमा आफूलाई प्रस्तुत गर्दै योगदानका निम्ति अघि सर्नेछु।
१०. आफूले बोलेको कुरा पुऱ्याउनेछु।



सीताराम कट्टेल
(कलाकार)

१. देश र समाजमा घट्ने हरेक घटनालाई लिएर राष्ट्रियता झल्कने तथा सन्देशमूलक कार्यक्रम बनाउनेछु।
२. मदिरा तथा सुर्तीजन्य पदार्थ खाएर समाजमा नकारात्मक असर पुऱ्याउनेहरूका लागि स्टेज तथा विज्ञापनमार्फत चेतनामूलक कार्यक्रम गर्नेछु।
३. अस्पताल तथा नर्सिङहोममा पान खाएर थुक्नेहरूलाई सम्झाई-बुझाई तथा हप्काई-दप्काई कार्यक्रम गर्नेछु।
४. विदेशमा कार्यक्रम गर्न जाँदा राष्ट्रिय पोसाक लगाएर जानेछु।
५. यो देशका जुनसुकै दलका साना-ठूला अथवा ठूटे नेताहरूसँग भेट्दा देशको मात्रै चिन्तन गर्नेछु।
६. तोकिएको समय जेठ १४ गते संविधान नबने मेरो जोडी केदारजीसँग केश खौरिएर संविधान निर्माणकर्ताको निधन भयो भनेर शोक मनाउनेछु।
७. कलाकारले भ्याट तिरेको पैसाबाट कलाकार सञ्चयकोष स्थापना गरी कलाकारलाई वृद्ध पर्दा खर्चिने र कलाकारिताको विकासका लागि मात्रै हुनुपर्छ भनेर वकालत गर्नेछु।
८. यो वर्षदेखि पिएलओ लुबिकेन्टसँगको सहकार्यमा गृहजिल्ला झापा गौरादहस्थित ज्ञानज्योति माविमा अध्ययन गर्ने दुई जना गरिब तथा दलित विद्यार्थीलाई निःशुल्क एसएलसीसम्म पढाउने घोषणा गर्नेछु।
९. आफ्नो जन्मदिन असोज ४ गते विभिन्न वृद्धाश्रममा रहेका गरिब तथा अशक्तहरूलाई १० हजार मूल्य बराबरको खाद्यान्न तथा लत्ताकपडा वितरण गर्नेछु।
१०. सानै भए पनि घर बनाउँदैछु। सुन्तलीसँगको सहकार्यलाई अगाडी बढाउँदै टेलिश्रृंखलालाई लोकप्रिय बनाउन सक्रिय रहन्छु।


"Freedom for Learning"
के तपाई Math, Science/ Test नदिई S.L.C. तथा १ वर्षमा +2 पास गर्न चाहानु हुन्छ ?
यदि चाहनु हुन्छ भने NIOS Board मा April 2011 को लागि Admission खुल्यो !
विदेश पठन जान सजिलो !
NIOS का विशेषताहरू :
- 5 Subjects पढे पुग्ने।
- Class 10 मा Math, Science तथा Test दिनु नपर्ने।
- नेपाल तथा world wide equivalent
- नेपालीबाट पनि Exam दिन पाईने।
- SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढन पाईने।
- 6/6 महिनामा Exam दिन पाईने।
WISDOM EDUCATION FOUNDATION
PH. 4238086
Bagbazar (एसिया पब्लिकेशनको अगाडि)

सिमित सिटको लागि भर्ना खुल्यो
व्यावसायिक तथा स्वरोजगारमुलक तालिम
फोटोग्राफी, भिडियोग्राफी तथा Video Editing & Animation
S.L.C दिएर बसेकाहरुलाई विषेष छुट
Gingko Photography & Videography Training Institute
चावहिल, काठमाडौं, फोन: ४४९९२०३

JOIN THE BRITISH ARMY & SINGAPORE POLICE
We heartily congratulate the following candidates and all his family who have been selected in the British Army & Singapore Police for intake 2010




Now ? Your ? Turn ? Hurry Up !
We announce new admission for intake 2011 (Physical & Education)
For Details: BRITISH GURKHA RECRUITMENT INSTITUTE & TRAINING CENTRE
Contact: 01- 4008568, 01-6214244
Chabahil, Dhobikhola
(Near by Dhumbarahi Swimming Pool)
Oppisite Om Hospital

ग्यारेन्टी Test पास
Private रेगुलर टेष्ट/SLC
कक्षा १० मा अन्तिम भर्ना खुल्यो
कक्षा ८ पास ९, १०, Test/SLC फेल भई बिचैमा पढाई छाडेका विद्यार्थीहरु र गृहीणी महिला तथा पुरुषहरुका लागि अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
नोटः SLC मार्कसिटमा प्राइभेट नभई विद्यालय रेगुलर सरह मार्कसिट आउने
स्याण्ड्रा नमुना मा.वि.
नयाँबजार, सोह्रखुट्टे फोन : ४३६४७१२
चितवन : ०५६५२५०९८

PRIVATE TEST / SLC - 2067
कक्षा ८ पास, ९ तथा Test र SLC मा फेल भएर विविध कारणले नियमित विद्यालय जान नसकेका, जागीर गर्दै पढ्न चाहने, उमेर ढल्कीसकेकाहरुको लागि सिधै कक्षा १० मा भर्ना भई SLC दिन पाईने
१ बर्षे कोर्षमा भर्ना खुल्यो
Best Education Academy
Balaju Chowk, Ph.01-4385726
Famous Education Institute
Jawalakhel (Near Alka Hospital), 9851007661
Eagle-Eye Open School, Sorhkhutte chowk, Ktm. Ph: 01-4357907



राजेशपायल राई

**(गायक)**

१. जाँड, रक्सी, चुरोट छाड्नुपर्ने थियो, अघिल्लो वर्ष छोडियो। यो वर्ष आफ्ना नजिकका केही साथीभाइलाई छोडाउनु छ।

२. गरिबका लागि शिक्षा कार्यक्रम ल्याउँदैछु, देशका बालबालिकाले शिक्षाबाट वञ्चित हुनु नपरोस् भन्ने चाहन्छु।

३. राई इज किङ एल्बम बजारमा ल्याउँदैछु।

४. घर किनियो अब गाडी किन्नेछु। गाडी किनेपछि घरजमको सोच पनि आउला।

५. राई इज किङ एल्बमबाट प्रतिएल्बम ५ रुपैयाँ गरिबका लागि शिक्षामा खर्च गर्नेछु। चलचित्र गायनबाट आएको केही अंश तथा कन्सर्टबाट आएको १० प्रतिशत उनीहरूका लागि खर्चन्छु।

६. बन्द, हड्ताल, चक्काजामजस्ता गतिविधिको समर्थन गर्दिनँ र समर्थन नगर्न सल्लाह दिन्छु।

७. मैले भर्खरै मात्र बाजे क्याप्टेन पञ्चवीर राईको नाममा मेमोरियल ट्रस्ट स्थापना गरेको छु। जसले मुटुरोगी बालिकालाई सहयोग गरिसकेको छ। आगामी दिनमा पनि सहयोगको हात बढाउनेछु।

८. यो वर्षदेखि नेपाली कपडालाई प्राथमिकता दिनेछु, हेयर स्टाइल विदेशमा बनाइन्थ्यो अब यतै बनाउनेछु। स्वदेशी उत्पादनमा विशेष जोड दिनेछु।

९. ट्राफिक नियमको उल्लंघन गरेको छैन, गर्दिनँ र अरूलाई पनि नगर्न सल्लाह दिन्छु।

१०. हत्या-हिंसाको समर्थन गर्दिनँ। सामाजिक सद्भावका कार्यक्रम, मानव बेचबिखन एवं दुर्व्यसन आदि विरुद्ध काम गर्छु।



आरजु देउवा

**(सभासद)**

१. 'हामीले बृहत् संविधान निर्माण गरेका छौं र अब हामी सबै शान्तिका साथ बाँच्न पाउनेछौं, अब सधैंका लागि समृद्धिका ढोकाहरू खुल्ला रहने छन्। यहाँ लोकतन्त्र र मानव अधिकार छ। चिरायु नेपाल !' सार्वजनिक रूपमा भन्न पाऊँ।

२. जलवायु परिवर्तनको प्रभावलाई कम गर्न अझ केही गर्न सकौं।

३. हाम्रा जति पनि पुरुष नेताहरू हुनुहुन्छ, सबै पितृसत्तामा विश्वास गर्नुहुन्छ। उहाँहरूलाई लैंगिक समानताका बारेमा सचेत गराउन एउटा विशेष तालिम सञ्चालन गरी उहाँहरूको विचारमा परिवर्तन ल्याउन सकौं- यो मेरो सपना हो।

४.डायटिङलाई नियमितता दिँदै अब फेरि सातामा ५ घन्टा शारीरिक अभ्यास गरेर यो वर्ष ५ किलो तौल घटाउने लक्ष्य राखेकी छु।

५. छोरा र परिवारका सदस्यहरूका लागि अहिलेको भन्दा धेरै समय निकाल्नेछु।

६. नेपालका अति दुर्गम जिल्लामा न्युनतम २ वा ३ विकासका कार्यक्रमहरू लागू गराउने तथा यो वर्ष अझ धेरै प्रोजेक्टहरू हात पार्ने लक्ष्य राखेकी छु।

७. डडेल्धुराको बीएड क्याम्पसका लागि एउटा महिला छात्रावास र डोटीको दुर्गम गाउँमा स्कुले बालबालिकाका निम्ति एउटा छात्रावास निर्माण गर्न सकौं।

८. यो वर्ष मेरो घरका झ्यालहरू रि-पेन्ट गर्नेछु।

९. अल्पविकसित मुलुकहरूको सुरक्षित मातृत्वको विकासका लागि अतिरिक्त सहयोग पुऱ्याउन अन्तर्राष्ट्रिय फोरममा आफ्नो प्रस्तुति सशक्त रूपमा पेस गर्न सकौं।

१०. बुद्धिज्मको अध्ययनका लागि समय जुटाउनेछु। साथसाथै अन्य सन्त महात्माका विचारका अध्ययन गर्नेछु।



हरिवंश आचार्य

**(कलाकार)**

१. देशलाई माया गरिरहनेछु, देश नै नभए के गर्ने ?

२. लोकतान्त्रिक संविधान बनाउन दबाब दिनेछु।

३. दीर्घकालीन शान्ति स्थापना गर्न सहयोग गर्नेछु।

४. देशलाई भ्रष्टाचारमुक्त गराउन दबाब सिर्जना गर्नेछु।

५. लोडसेडिङ कम गर्न दबाब दिनेछु।

६. आफ्नो पेसाप्रति इमान्दार रहनेछु।

७. सामाजिक काम गर्न छाड्दिनँ।

८. एउटा कथानक चलचित्र निर्माण गर्नेछु, जुन हास्यप्रधान नै हुनेछ।

९. सांस्कृतिक कार्यक्रम गर्दै कम्तीमा १० वटा देश भ्रमण गर्नेछु।

१०. २०११ भ्रमण वर्षलाई सफल बनाउन सहयोग गर्नेछु।



सपना मल्ल प्रधान

**(सभासद, महिला-अधिकारकर्मी)**

१. संविधान निर्माणमा पूर्ण सहभागी हुनेछु र फरक मतमा राजनैतिक सहमति जुटाउन प्रयास गर्नेछु।

२. राजनैतिक अपराधीकरण निरुत्साहित गर्न क्रियाशील हुनेछु।

३. संविधान निर्माणका क्रममा भैरहेको विकासक्रमलाई जनतासमक्ष स्पष्ट पार्न, उजागर गर्न लेखहरू प्रकाशन गर्नेछु।

४. संविधान निर्माणका क्रममा महिला तथा अन्य सीमान्तकृत वर्गको अधिकारको सुनिश्चितताका लागि कार्यरत रहनेछु।

५. घरेलु हिंसाविरुद्धको कानुनलाई परिमार्जन गर्नेछु।

६. यौनजन्य दुर्व्यवहारविरुद्ध कानुन निर्माणमा योगदान गर्नेछु।

७. हिंसाविरुद्धको अभियानमा लागिरहनेछु।

८. हामी केही नेपालीमा आफैं हिँड्ने बाटोमा थुक्ने बानी छ त्यसका कारण पनि कतिपय रोग सर्न सक्ने हुनाले जथाभावी थुक्ने कार्य रोक्न वकालत गर्नेछु।

९. आफ्नो शारीरिक एवं मानसिक स्वास्थ्यका लागि प्रतिदिन एक घण्टा समय दिनेछु।

१०. नेपालको पहिचान अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन कार्यरत रहनेछु।

प्राइभेट
टेष्ट/SLC - 2067
भर्ना खुल्यो
◆ भर्खरै कक्षा ९ तथा टेष्टमा फेल भएर निराश भएका
◆ कक्षा ८, ९ र १० पास गरी विविध समस्याले पढाई रोकिएका
◆ उमेर नाघेका र जागिर गर्दै अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
Medium: Nepali/English
Shift: Morning/Day
६ महिनामै +2 र SLC (NIOS Board)
जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट मान्यता प्राप्त
चावहिल
Pascal Institute
Ph: 4478483
चावहिल चोकबाट १५ मि. अगाडी गणेशस्थान जाने बाटो
भोटाहिटी
Kathmandu Multiple Institute
Phone No. 4232203
राष्ट्रिय वाणिज्य बैंकको ठीक अगाडि

छिटो गर्नुहोस
१ वर्षमानै SLC पास गर्ने हो ?
प्राईभेट TEST/ SLC 067 मा नयाँ भर्ना
८ वा ९ पास / ९ .१० वा SLC फेल / उमेर नाघेका / जागिरे गर्दै.....
समयः- बिहान/दिउँसो
माध्यमः-नेपाली/अंग्रेजी
D.E.O.-काठमाण्डौ र EIA नेपाल बाट स्वीकृती प्राप्त
बिस्तृत जानकारीको लागि
कोसेट ओपन स्कुल २१६०७३६, ९८४१२६४५१४ लाजिम्पाट (प्रहरी बिट सँगै)
कामना स्कुल ४६००३३५, ४६०१८७८, ९८४१२६८४०९ कोटेश्वर, चोक

एकता, विस्तार र गुणस्तरीयता, शिक्षामा बर्षौदेखिको हाम्रो प्रतिबद्धता
प्राईभेट टेष्ट/SLC 2067
को लागि कक्षा १० मा
नयाँ भर्ना खुल्यो
कक्षा ९ वा टेष्ट/एस.एल.सी. फेल भएका, कक्षा ८ वा ९ उतीर्ण गरी विविध कारणले विद्यालय जान नसकेका विद्यार्थीहरुका लागि कक्षा १० मा धमाधम भर्ना लिइदैछ।
Shift: Morning/Day
Medium: Nepali/English
जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट मान्यता प्राप्त
चावहिल
Bright Future
Ph: 4463073
कालीमाटी
Merit Academy
Ph: 4463073

RJ VJ MC
उदघोषण तालिम
पुर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारीता तालिम
SLC Special Discount
रेडियो कर्मीदारा संचालित उदघोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
मृदुला खनाल | मुनाल शिशिर | रबि थापा
सन्तोष खनाल | केशबजङ्ग पाण्डे | नबिन लुँइटेल
हिरामणि तिमल्सिना | मधु नेपाल | R.D. श्रृंखला
रु.१०००/ छुट
BIKALPA THE OPTION
फोन: ०१-२२९०१६८, ०१-४२४१७०९
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
मुहारको दाग धाँयापोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more ........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

खुम्जुङ होटेल तालिम
बागबजारमा
कुक, वेटर/हाउसकिपिङ/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिइँदैछ। प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने/चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ।
S.L.C दिएर बसेकालाई विशेष छुट
Hotel Khumjung Pvt. Ltd.
हेड अफिस चक्रपथ महाराजगंज (नारायण गोपाल चोक)
Ph 4016194, 4016111
सिटि अफिस, बागबजार पिके कलेज अगाडि यति प्लाजा भित्र, प्यासिफिक बिल्डिङ
4240199, 016226791, 9841578724

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper
तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801



## रामकुमारी झाँक्री
**(विद्यार्थी नेतृ)**

१. २०६७ सालमा पनि पार्टीका निर्णय, पद्धति र राजनीतिलगायतका सबै पक्षमा आलोचनासहितको विश्लेषण गरेर प्रतिक्रिया दिनेछु। क्रिएटिभ हुने र क्रिटिकल एनालाइसिस गर्ने कुरामा आफूलाई खरो रूपमा उतार्नेछु।

२. शक्ति वा सत्तामा हुँदा व्यक्तिगत फाइदा लिनेहरूलाई, कानुन तोड्नेहरूलाई म आफ्नो व्यक्तिगत तर्फबाट तथा संगठनका तर्फबाट वर्षभरि नै खबरदारी गर्नेछु। सकारात्मक परिवर्तनका लागि अघि बढ्नेछु।

३. संगठनको अध्यक्षका हैसियतले यो वर्ष अनेरास्ववियुलाई अझ व्यवस्थित र सुदृढ गर्दै संगठनका सबै कार्यकर्तालाई सचेत एवं जागरूक बनाउने काम गर्छु। त्यस्तै अनेरास्ववियुलाई विद्यार्थी संगठनमा प्रथम स्थानमा राखिराख्न निर्वाचनमा मत गर्ने सचेत पंक्तिको विकास गर्न अभियान सञ्चालन गर्छु।

४. अहिले हामी कहाँ जाने, कस्तो व्यवस्था अंगीकार गर्ने भन्ने दोसाँधमा छौं, यो सबै विचारधाराको राजनीति कमजोर भएका कारण हो। त्यसकारण यो वर्ष म दर्शन र विचारधाराको क्षेत्रमा आफूलाई अझ निखार्न अभ्यस्त हुनेछु।

५. अहिलेसम्मको चाला हेर्दा नेताहरूले जेठ १४ सम्म संविधान बनाउने छाँटकाँट देखिँदैन, म आफ्नो संगठनका तर्फबाट संगठित एवं असंगठित सबै युवा, विद्यार्थी साथीहरूलाई समेटेर यो वर्षभित्रै संविधान जारी गर्न आँधीबेहेरी सिर्जना गर्नेछु।


६. दाइजोप्रथा, बोक्सीप्रथाजस्ता कुरीति अहिले पनि यथावत् छ। यस्ता कुरीतिको आड लिएर साधारण नागरिकलाई उत्पीडन गर्नेहरूविरुद्ध अनेरास्ववियु यो वर्ष सक्रिय रहनेछ, यसका लागि हामी राज्यको कानुनी दायरा ननाघी सचेतनाका माध्यमबाट प्रतिक्रियात्मक कारबाही अघि बढाउछौं। महिलामाथि हुने हिंसा रोक्न सक्रिय हुनेछौं।

७. सुदूर पश्चिमका धेरै गाउँ घुम्ने क्रममा निर्दोष आमा, दिदीबहिनी, छोरीहरू बिनाकारण एचआईभी संक्रमित भएको देखेर छक्क परे। विदेशमा काम गरेर फर्किएका श्रीमान्को संसर्गबाट ती महिलाहरूमा यस्तो रोग सरेको छ। हाम्रो संगठनअन्तर्गत १४ अञ्चलकै साथीभाइहरूसमक्ष यो कुरालाई राखेर राजनैतिक अभियानसँगै यस प्रकारका संक्रमणलाई घटाउन सचेतना फैलाउने योजना बनाएकी छु।

८. मैले गत वर्ष विवाह गरेकी छु। विवाहपछि स्वाभाविक ढंगले नयाँ सामाजिक सम्बन्धलाई व्यवस्थित गर्दै अघि बढ्नुपर्ने चुनौती छ। विवाहपछि अक्सर अब तपाईंको राजनीति के हुन्छ भनेर सोधिन्छ। प्रत्येक नारीलाई सोधिने तर पुरुषसँग नसोधिने यो प्रश्न अब नसोधियोस् भनेर मैले विवाह-बन्धन होइन सामाजिक संस्था हो भनेर पुष्टि गर्ने प्रतिबद्धता जारी गरेकी छु।

९. २०६७ सालमा समयले भ्याएसम्म श्रीमान्सँग कुनै नयाँ ठाउँ घुम्न जाने योजनामा छु। २०६६ सालमा फुर्सद भएन, तर ०६७ सालमा हाम्रो बिल्कुलै नयाँ ठाउँ घुम्ने चाहना पूरा हुनेछ।

१०. म ५० मिटर टाढा नै किन नहोस् तर जेब्रा क्रसबाट मात्र बाटो काट्नेछु र साथीहरूलाई पनि जेब्रा क्रसबाट मात्र बाटो काट्न सल्लाह दिन्छु। यस्तै लाइसेन्स नभएकाहरूलाई ड्राइभिङ नगर्न सल्लाह सुझाव दिन्छु, कम्तीमा सार्वजनिक जीवनमा अनुशासित बनौं भन्ने सन्देश दिन्छु।



## भूषण दाहाल
**(सञ्चारकर्मी)**

१. गत वर्ष बाबा (बुवा) को डेथ भयो, त्यसैले यो वर्ष मैले धेरै समय परिवारलाई दिने योजना बनाएको छु। परिवारलाई कम समय दिएको फिल भएको छ।

२. धेरै वर्ष भयो, अधिकांश भोजन घरबाहिर गरें, त्यसैले यो वर्ष प्रत्येक दिन कम्तीमा एक छाकचाहिँ परिवारसँगै बसेर खानेछु।

३. ७ वर्षको कान्तिपुर टेलिभिजनको संलग्नतामा पहिलो पटक अधिकारसहितको जिम्मेवारी आइपरेको छ र त्यो जिम्मेवारी पूरा गर्न कम्मर कसेर लागेको छु। कान्तिपुरका कमी-कमजोरी सुधारेर ७ वर्षअघि जुन जोस थियो त्यही जोसका साथ आफ्नो च्यानललाई नयाँ उचाइमा पुर्‍याउन ध्यान केन्द्रित गर्नेछु।

४. म सबैलाई ट्राफिक चेकिङका लागि आफ्ना कागजात, कर बिल, विजक सबै चुस्त दुरुस्त राख्न सल्लाह दिन्छु। यसले भ्रष्टाचार कम हुन्छ। त्यतिमात्र होइन, सबै क्षेत्रमा यो कुरा लागू हुने भएकाले आफू पनि अपडेट रहँदै अरूलाई पनि अपडेट रहन सल्लाह दिन्छु।

५. यो वर्षको अन्त्यसम्ममा म अर्को चलचित्रको निर्माणमा जुट्छु।

६. दुई वर्षयता चलचित्र हेर्न पाएको छैन। चलचित्र क्षेत्रको नयाँ ट्रेन्ड बुझ्न पनि मैले यो वर्ष छुटेका चलचित्र मज्जाले हेर्ने योजना बनाएको छु।

७. जिन्दगीमा धेरै अनावश्यक कुराहरू किनिरहेको रहेछु। अबउप्रान्त आवश्यकभन्दा बढी सामान किन्दिनँ। बचत नै कमाइ हो भन्ने कुरा बुझेकाले पनि आगामी दिन नचाहिँदो कुरा नकिन्ने र यस्तै सल्लाह अरूलाई पनि दिने योजना छ।

८. गएको वर्षदेखि 'फेसबुक कल्चर एक्सट्रिमली ग्रुम' भयो। केटाकेटी उमेरका सहपाठी फेला पार्न पनि फेसबुक सहयोगी ठहरियो। यो वर्ष ती सबै साथीलाई फेसबुकबाट मात्र होइन, भौतिक रूपमै भेट्नेछु।

९. म मुष्ठीदानमा विश्वास राख्छु, त्यसकारण आफ्नो सामाजिक दायित्वलाई यो वर्ष पनि बढाउँदै लानेछु, तर त्यसलाई प्रचारमा ल्याउँदिनँ।

१०. रहरका साथ सक्रिय रहेको पत्रकारिता पेसालाई माध्यम बनाएर नेपाली राजनीतिलाई सही ट्र्याकमा ल्याउन घनिभूत रूपमा लागिपर्छु। यो वर्ष जिन्दगीलाई पर्याप्त रमाइलोसँग बिताउनेछु।



## जेनिशा मोक्तान
**(मिसनेपाल)**

१ ट्राफिक नियमको पालना गर्नेछु।

२. जहाँ पायो त्यहीँ फोहोर मैला गर्दिनँ। कसैले सडक वरपर फोहोर फालिरहेको देखे सम्झाई-बुझाई कन्टेनरमा फ्याल्न लगाउँछु।

३. सातामा दुई दिन कलेज जाँदा साइकल चलाउँछु, म डिजेल इन्जिनको जीप चलाउँछु। प्रदूषणबाट बच्ने यो मेरो अभियान हुनेछ। यसमा साथ दिन सबैसँग आह्वान गर्छु।

४. मुस्कान प्रोजेक्टका लागि काठमाडौंमै इभेन्ट गरेर फन्ड खडा गर्छु। त्यो फन्ड विभिन्न जिल्लाका गएर स्कुल जाने बालबालिकालाई स्टेसनरी, किताब, लुगालगायतका सामग्री प्रदान गर्नेछु।

५. पानीको अभाव छ, त्यसैले अनावश्यक रूपमा पानी खेर फ्याल्दिनँ।

६. कुनै पनि पानीको स्रोत, वन्यजन्तुलगायत प्राकृतिक स्रोत-सम्पदा संरक्षणसम्बन्धी कार्यक्रममा पूर्ण समर्थन एवं सहयोग गर्नेछु।

७. कलेज बंक गर्दिनँ र अरूलाई पनि नगर्ने सल्लाह दिन्छु। कुनै कारणले जान सकिनँ भने पनि नकारात्मक क्रियाकलापमा नलाग्न सल्लाह दिन्छु।

८. समयको पालना गर्छु। हरेक ठाउँमा दिएको समयमै पुग्छु।

९. कुनै पनि विचार, आलोचना एवं प्रतिक्रियालाई सकारात्मक ढंगले लिएर आफूलाई सुधार्ने प्रयास गर्छु।

१०. व्यक्तिगत लाभ नहेरी सामूहिक स्वार्थलाई ध्यानमा राखेर काम गर्छु।


+2/SLC १ वर्ष मै
- १ वर्षमै +२ पास गर्न चाहनुहुन्छ ?
- ८, ९, १० पास नभए पनि S.L.C. दिन चाहनुहुन्छ ?
- Maths/Science साथै Sent up नदिइ SLC पास गर्न चाहनुहुन्छ ?
- SLC/+2 मा ५ विषय पढे पुग्ने।
- जागिरे/गृहिणीहरुले घरमै बसी पढ्न सक्ने।
- TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त।
- Nepali/English भाषामा परीक्षा दिन सकिने।

पाथ-फाईन्डर ग्लोवल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोर्टर्स क्लवको अगाडि) 01-2005077

20% Discount on
MONTESSORI Training
- Montessori Training
- Primary Teacher Training
- In-charge/Coordinator Training
- Child Care Training

Job Assured.
CTF Nepal
Bagbazar, Yeti Plaza (opp.to P.K)
01-2004747,01-4265637
E-mail: ctfnepal@gmail.com

यौनबर्द्धक
अचुक/ग्यारेण्टेड हर्वल भिटामिन
Herbal Levitra
A Quality Product of Germany
जगाउँछ नशा नशामा जोस र शक्ति दिन्छ Xtra Time र अधिक सन्तुष्टि
(नक्कली देखि सजग)
शीघ्रपतनका लागि Dr. Power Gel
मोटोपना घटाउन/तौल बढाउन
जाँड-रक्सीको कुलत छुटाउन
स्तन बढाउन घटाउन र टाईट गर्न
Cash Guaranteed Result.
4672065, 9851034690
2084130, पुर्वाञ्चल: 9852678220
चितवन: 9845163597

BTMS
Job Assured
BTMS Training
(Business Task Management Skills)
Levelwise courses
Classes are Runing
CTF Nepal
Bagbazar, Yeti Plaza (opp.to P.K)
01-2004747,01-4265637
E-mail: ctfnepal@gmail.com

होटल तालिम भारी छुटमा
छैटौं बर्ष पुरा गरी सातौं बर्षमा प्रवेश गरेको उपलक्ष्यमा भारी छुटका साथ
कुक, वेटर, वार, हाउसकिपीङ्ग, तालिमहरु
- कुक तालिममा वेटर/वेट्रेस फ्रि
- वेटर तालिममा वार ट्रेनिङ्ग फ्रि
- वेटर, वार ट्रेनिङ्गमा हाउसकिपिङ्ग फ्रि
- स्पेशल कुक तालिममा भारी छुट

साथै
स्पेशल अरविक कुक तालिम गल्फ देश जानेहरुका लागि
EMTC नयाँबानेश्वर, थापागाउँ ☎ 4483969

उद्घोषण
VJ/RJ/MC /Radio Technician
Personality Devlopment Public Speaking
एक्सिस मिडिया नै किन ?
Since 2060
- विगत ६ बर्षदेखि निरन्तर सञ्चारजगत ट्रेनिङ्ग दिदै आएको
- सयौ भन्दा बढि प्रशिक्षार्थी मिडियामा काम गर्न सफल
- आफनै Digital Practical Studio भएको
- चर्चित सञ्चारकर्मी बाट प्रशिक्षण दिईने

Rs. 1000/- Discount
AXIS Media
Bagbazar, Kathmandu,
Phone :– 01-4238334, 9721331656
www.axis media.com.np

आवश्यकता


निर्यात उद्योगको लागी काँटी, क्रुस र डल् (Doll) बुन्न जान्नेहरू तथा JUKI सिलाइ मेशीन चलाउन जान्नेहरुले तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क: रेणुजी, फोन ४२६००७३, ४२६९७०१
फोन गर्ने समय : १०-५ बजे (शनिबार बन्द)

Language & Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/ Korean/German/Chinese
French/ Spanish/ Italian.. classes

TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Computer: Basic/Advanced/Accnt./Graphic..
Special Discount for SLC appeared Students!
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Face to Face Language Videos Price: Rs. 160/-
Easy Way
Prem Swoveet's best language books with Audio /Video DVDs for elementary/ Intermediate & Advanced levels are coming soon!
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other so called OLC don't belong to us!)

रेगुलर प्राइभेट Test/SLC-2067
कक्षा १० मा भर्ना खुल्यो !
विगतका वर्षहरुमा 100% पास गराउन सफल
कक्षा ८ पास/९, १० र SLC फेल भएकाहरूका लागि सजिलै SLC पास गर्ने मौका
(५, ६, ७, ८ फेल भएकाहरूको लागि कक्षा ९ नपढी सोझै SLC दिन पाइने)
जि.शि.का बाट मान्यता प्राप्त
MATRIX ACADEMY
कालिमाटी चोक
Ph.: 016216469
M. : 9841717875, 9841396165
शिवपुरी नमूना मा.वि.
सामाखुशी, कपुरधारा
(चिल्ड्रेन पार्कको ठीक अगाडि)
Ph : 014362125, 9841537680



**निल डेभिड**
**(हेयरस्टाइलिस्ट)**

१. वैशाख ८ गते मेरो जन्म दिन पर्ने भएकाले त्यो दिन झापा अर्जुनधारास्थित दुर्गा मन्दिरको भवन निर्माणार्थ ५५ हजार रुपैयाँ सहयोग गर्दैछु।

२. आफ्नो जन्मदिनमा मेरो घर नजिकै रहेका सुस्तमनस्थितिका २० जना बालबालिकालाई घरमा ल्याएर उनीहरूसँगै बसेर मनाउने योजना छ।

३. यो वर्ष मैले फोहोरविरुद्धको सचेतनाको अभियान थालनी गर्दैछु। आफू पनि सार्वजनिक स्थलमा फोहोर नगर्ने र फोहोर भए सफा गर्नका लागि पहल गर्ने तथा अरूलाई पनि फोहोर नगर्न सचेतना फैलाउनेछु।

४. यसै वर्ष सिक्किमको ग्यान्टोक र आसामको गुहावटीमा सैलुनको शाखा विस्तार गर्दैछु।

५. नेपालको नाम र इज्जतलाई बढाउन म व्यक्तिगत रूपमा सधैं प्रतिबद्ध भएर अघि बढ्नेछु। भारतमा रहेका मेरा पार्लरमा नेपालीपन झल्कने विभिन्न सामग्रीहरू सजाएर राख्नेछु।


६. आउँदो सन् २०११ भित्रमा कोलकातामा पनि सैलुन खोलेर नेपाली हेयरस्टाइलिस्टको पहिचान राख्ने लक्ष्य राखेको छु।

७. यो वर्ष म धरानको शाखामा निम्नवर्गका ३ जनालाई पूर्ण छात्रवृत्ति दिएर हेयरस्टाइल तथा मेकअप कोर्स गराउनेछु।

८. हेयरस्टाइल र मेकअपको क्षेत्रमा अझ धेरै नेपाली युवालाई तालिम दिएर, उनीहरूमध्ये धेरैलाई आफ्नै सैलुनमा रोजगार दिन पाउँ भनेर कामना गर्छु।

९. वर्षको अन्त्यतिर सम्भव भए अभिनेता अनुपम खेरको फिल्म इन्स्टिच्युटबाट ६ महिने तालिम लिने योजना बनाएको छु।

१०.गृह जिल्ला झापाको लक्ष्मीपुरमा गरिब असहाय बालबालिकालाई निःशुल्क अंग्रेजी माध्यमको विद्यालय सञ्चालन गर्ने योजना बनाएको छु, यसका लागि आवश्यक पूर्वाधार तयार गर्न यो वर्ष सक्दो मेहनत गर्नेछु। भारतमा सञ्चालनमा ल्याएका सबै शाखाले मलाई सफल बनाएको खण्डमा मात्र यो योजना पूरा गर्न सजिलो हुनेछ।



**पं. वासुदेवकृष्ण शास्त्री**
**(वास्तुशास्त्री)**

१. राष्ट्र, राष्ट्रियता, धर्म, संस्कार, संस्कृति एवं मूल्य-मान्यताको रक्षार्थ निरन्तर क्रियाशील रहनेछु।

२. राष्ट्रिय उत्पादन खद्दर, अल्लो मात्र प्रयोग गर्न लगाउने तथा प्रयोग गर्ने प्रयास गर्नेछु।

३. दौरा-सुरुवाल, कोट, टोपी सधै प्रयोग गर्नेछु।

४. राष्ट्रिय एकता अखण्डता एवं धार्मिक सद्भावका लागि सम्पूर्ण देशवासीलाई एकजुट रहन आह्वान गर्छु।

५. धीरता एवं गोरखाली वीरताको गौरवलाई आत्मसात् गर्दै राष्ट्रले चाहेको खण्डमा सम्पूर्ण जीवन राष्ट्रका लागि अर्पण गर्नेछु।

६. तीनवटी आमाको ऋण चुकाउन क्रियाशील रहनेछु। जन्मदिने आमा, नेपाल आमा र गौमाताको स्वाभिमान एवं अस्तित्व रक्षाका लागि कटिबद्ध रहनेछु।

७. सनातन सभ्यता, ज्ञान विज्ञानको प्रचारार्थ निरन्तर क्रियाशील रहनेछु।

८. आफ्नो कमाइको दसांश समाजसेवामा लगाउनेछु।

९. मित्र, समाज एवं कुल-कुटुम्बसँग सदा क्षमाशील रहनेछु अनि उनीहरूको कल्याणका लागि निरन्तर लागिरहनेछु।

१०. निरन्तर आध्यात्मिक साधनामा क्रियाशील हुनेछु।



**राजेश हमाल**
**(नायक)**

१. कुनै पनि व्यक्तिले चुरोट पिइरहेको देखे चिनेको भए पनि नचिनेको भए पनि एक मिनेट समय दिएर चुरोट नखानुहोस् भन्ने सल्लाह दिन्छु।

२. म वातावरणका बारेमा सचेत छु। नचाहिँदो किसिमले ऊर्जा खर्च नगरौं भन्ने नारालाई आफूमा पनि लागू गर्नेछु र अरूमा पनि गराउने प्रयास गर्नेछु।

३. म असहाय, अपाङ्गहरूप्रति सहयोगको हात बढाउँछु सहानुभूति दिनेभन्दा पनि सहयोगको हात बढाउँदा उनीहरूको जीवनमा फरक पर्छ। यसका लागि सबैसँग आग्रह पनि गर्छु।

४. गिरिजाबाबुको मृत्युपछि संविधान लेख्न सबैले मौखिक प्रतिबद्धता जनाएका छन्, त्यो गरेर पनि देखाउनुपर्‍यो। हाम्रा नेता बोल्नेमात्र होइन गर्ने पनि रहेछन् भन्ने कुरा त्यसपछि मात्र सावित हुन्छ। मेरो तर्फबाट त्यसका लागि अन्तिम क्षणसम्म नैतिक दबाब रहनेछ।

५. आफ्नो शरीरलाई सुहाउँदो खानपान एवं व्यायाम गरेर आकर्षक देखिनेतर्फ क्रियाशील हुनेछु।

६. सुटिङमा व्यस्त भए पनि अध्ययनका लागि समय निकाल्नेछु। दैनिक १-२ घन्टा पुस्तक पढ्नेछु।

७. बढ्दो उमेर भए पनि त्यही जोस र जाँगरका साथ चलचित्र उद्योगमा सक्रिय हुनेछु।

८. ट्राफिक नियम आफू पनि पालना गर्छु र अरूलाई पनि पालना गर्न आग्रह गर्छु। कतिपय बेला गाडीबाट ओर्लिएर सल्लाह पनि दिएको छु। अनुशासन नभएरै ५० प्रतिशत जाम भएको छ।

९. मलाई सम्पर्क गर्न गाह्रो भयो भनिएकाले वर्ष २०६७ देखि म सधैं सबैको सम्पर्कमा रहनेछु। कुनै व्यक्तिले कामविशेषले खोजेको बेला उपलब्ध हुनेछु।

१०. इन्टरनेटमा ब्लग/ट्विटरबाट कम्युनिकेसन गर्ने एकदमै इच्छा छ। सम्भवतः यही वर्षको सुरुवातदेखि नै इन्टरनेटमा पनि आउनेछु।



**कृष्ण धरावासी**
**(साहित्यकार)**

१. २०६७ वैशाखभित्रमा 'आँधी आउने घर' निबन्ध-संग्रह प्रकाशन गर्नेछु।

२. २०६७ असार मसान्तभित्र युरोप भ्रमणसम्बन्धी एक कृति लेखिसक्नेछु।

३. २०६७ भाद्र मसान्तसम्ममा ४ सय पेजको लीला धारणा र प्रयोग लेखिसक्नेछु।

४. २०६७ मंसिरभित्रमा एउटा लीला कथासंग्रहको सम्पादन गर्नेछु।

५. २०६७ साउन २ गते सीताजी (श्रीमती) को आत्म वृत्तान्त सार्वजनिक गर्नेछु, उहाँले नै लेखेको।

६. २०६७ असोजभित्र आमा कथासंग्रह प्रकाशन गर्नेछु।

७. २०६७ माघभित्रमा सीके प्रसाई शीर्षकको कृति सार्वजनिक गर्नेछु।

८. २०६७ फागुन ८ गते सीके चिन्तन प्रतिष्ठानको उद्घाटन तथा सीके प्रसाईंको स्मृति ग्रन्थ सार्वजनिक गर्नेछु (सीके प्रसाईं प्रतिष्ठानको अध्यक्षका नाताले)।

९. कृषि विकास बैंकबाट प्रकाशित हुँदै आएको समष्टि द्वैमासिकको कार्यकारी सम्पादकको हैसियतले उक्त पत्रिकालाई नियमित एवं स्तरीय बनाउन भरमग्दुर प्रयत्न गर्नेछु।

१०. विगत २४ वर्षदेखि जुन निष्ठाका साथ कृषि विकास बैंकको कर्मचारीका रूपमा जागिर खाइआएको छु, त्यो निष्ठालाई अझ बलियो बनाउँदै लानेछु।

'विगत वर्षहरूमा उत्कृष्ट नतिजा ल्याउन सफल।'
प्राईभेट TEST/ SLC-2067
नयाँ भर्ना खुल्यो !
कक्षा ८ पास तथा ९, १० र Test/ SLC मा फेल भई, विविध कारणले पढाई रोकिएकाहरूले सिधै कक्षा १० मात्र पढेर सजिलै SLC पास गर्ने सुवर्ण अवसर !
६ महिनामै +2
कक्षा ११ पढ्नु नपर्ने, कक्षा १२ को मात्र परीक्षा दिए पुग्ने, (NIOS Board)
Medium: Nepali & English
Shift: Morning/ Day/ Evening
➢Science/Management/Arts Faculty भएको।
➢+2/ A Level फेल भए पनि परीक्षा दिन पाईने।
➢TU/ KU तथा विश्व भरी मान्यता भएको।
➢जागिरे तथा गृहणिले घरैमा पढेर परीक्षा दिन पाईने।
Math, Science पढ्नु नपर्ने, कुनै ५ विषय मात्र पढे पुग्ने, Test नदिई सिधै SLC Exam मात्र दिएर सजिलै ६ महिना मै SLC पास गर्न सकिने। (कक्षा ८ को मार्कसिट नभए पनि हुने)
हाम्रा विशेशताहरू: दक्ष तथा अनुभवी शिक्षक/ शिक्षिकाद्धारा अध्यापन गराईने। कमजोर विद्यार्थीहरूको लागि विशेष छुट्टै कक्षाको ब्यवस्था। गरिव, जेहेन्दार, दलित र पिछ्डिएका वर्गलाई विशेष छात्रवृद्धि। होस्टेलको राम्रो ब्यवस्था भएको।
। ।। नेपाल सरकार शिक्षा कार्यालय वाट मान्यता प्राप्त । ।।
जेन्युईन एकेडेमी
☎4462184 चावहिल चोक
(बौद्ध तर्फ ३० मि. अगाडि, दायाँ)
Opp. to SONY Show Room
☎071-229408 बुटवल
(अस्पताल लाईन - ८)
पिस भिजन
ओपन स्कूल
☎4389300
01-6913286
सोह्रखुट्टे (ओरालो मोड)

ब्युटीसियन कोर्स
निःशुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स।
• रोजगारीको ग्यारेण्टी।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने।
• विदेश जानेहरूको लागि Special Class
SLC दिएर बसेकाहरुलाई विशेष छुट।
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौं

ग्यारेन्टी टेष्ट पास
PRIVATE रेगुलर टेष्ट/SLC
कक्षा समय विहान / दिउँसो
भर्ना खुल्यो
माध्यम अंग्रेजी, नेपाली
६ महिनामै कक्षा ८ पास गरी कक्षा ९ नपढी सोझै Test/SLC दिन पाइने
श्री बुद्ध नमुना मा.वि.
गोगबु, फोन : ४३६५९५५
हार्वर्ड एकेडेमी
कोटेश्वर: ४६०१४३४

प्राइभेट TEST/SLC - 2067
१२ वर्षको गहिरो अनुभवका साथ यस पटक पनि पुन भर्ना खुल्यो SLC पास गर्ने सुवर्ण अवसर आजै सम्पर्क राख्नुहोस्।
प्राइभेट TEST/SLC कसका लागि ?
कक्षा ८ वा ९ पास गरी स्कुल जान नपाएका र कक्षा ९, Test वा SLC फेल भै निरास भएकाहरुका लागि।
सम्झना एकेडेमी नै किन ?
अत्यन्त अनुभवि शिक्षक/शिक्षीकाद्वारा अध्यापन, गरिव जेहेन्दार दलित पिछडिएकाहरुका लागि छात्रवृत्तिको व्यवस्था, कमजोरका लागि विशेष कक्षा संचालन, होस्टेलको राम्रो व्यवस्था भएको। बिहान, दिउँसो र बेलुका कक्षा संचालन हुने, अंग्रेजी/नेपाली छुट्टा छुट्टै कक्षा को व्यवस्था।
TEST/SLC ग्यारेन्टीका साथ पास हुने गरी पढ्नलाई सम्झनुहोस्
SAMJHANA ACADEMY
पुरानो बसपार्क, नेपाल पुलिस क्लब ठिक पछाडि
सम्पर्क
014246397

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
प्राइभेट
Test/SLC-2067
विगत ९ वर्षदेखि प्राइभेट Test / SLC मा सबैभन्दा बढी बिद्यार्थीहरु सहभागी गराँउदै पास गराउन सफल।
कक्षा ८ पास तथा भर्खरै कक्षा ९, १० वा Test/ SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरूका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC Exam दिन पाइने एक वर्षे प्राइभेट Test/ SLC कक्षामा नयाँ भर्ना खुल्यो। सिट सिमित। Medium- अंग्रेजी, नेपाली दुवै। Time- बिहानी, दिउँसो, साझ।
६ महिना मै +2
तथा
Math/Science/Test नदिईकनै
S.L.C. पास !!
(Nios Delhi Board)
Arts Commerce Science
सिट सिमित !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने।
अंग्रजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशी: 4388400, 9851021071
चावाहिल: 4460091, 9851085823
नयाँ बानेश्वर: 4484634, 9841160529
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी, ललितपुर
5549139, 9851021665



नवीन सुब्बा
(आइफा अध्यक्ष/निर्देशक)

१. मेरो तौल अलि बढी छ, यो वर्ष कम्तीमा १० किलो तौल घटाउँछु।

२. साथीभाइहरूसँग नियमित सम्पर्कमा रहनेछु।

३. बिहान ढिलोसम्म सुत्छु, त्यसमा सुधार गर्नेछु।

४. वर्षमा एउटा चलचित्र बनाउँछु।

५. आफ्ना चलचित्रमा नयाँ कलाकारहरूलाई प्रोत्साहित गर्नेछु।

६. सभा-समारोह, गोष्ठीमा जान कम गर्नेछु।

७. कम्तीमा १५ दिनमा एउटा पुस्तक किनेर अध्ययन गर्नेछु।

८. परिवारलाई अलि बढी समय दिनेछु।

९. सुदूरपश्चिमको भ्रमणमा निस्कनेछु।

१०. अनुशासित नागरिक बन्ने प्रयास गर्नेछु।



कोमल वली
(गायिका)

१. नयाँ वर्षदेखि म परिवारका सदस्यलाई र साथीभाइहरूलाई बढीभन्दा बढी समय दिनेछु।

२. धेरै वर्षदेखि लेखेर थन्किएका कविताहरू २०६७ सालमा प्रकाशन गर्नेछु।

३. यत्रतत्र छरिएर रहेका मेरा पदक, प्रशंसापत्र, सम्मान-पत्र, सर्टिफिकेट आदिलाई व्यवस्थित गर्नेछु।

४. यो वर्ष देशभक्ति गीतमा पनि ध्यान पुर्‍याउनेछु।

५. अब बढी समय सामाजिक सेवामा दिनेछु। निःस्वार्थ भावनाले गरिएका कार्यक्रममा मेरो कला निःशुल्क उपलब्ध गराउनेछु।

६. नेपाल सांगीतिक संघको अध्यक्षका नाताले संगीतकर्मीको अधिकार, उत्थान एवं प्रगतिमा अझ बढी ध्यान दिनेछु।

७. ज्ञान बढाउन विभिन्न पुस्तक अध्ययन गर्नेछु र आम्दानीको ५ प्रतिशत पुस्तक किन्नमा खर्च गर्नेछु।

८. नेपालका सडकमा कार चलाउँदा हर्न बजाउनुपर्ने बाध्यता भए पनि यसले पार्ने नकारात्मक असरलाई ख्याल गर्दै सकेसम्म हर्न बजाउँदिनँ।

९ आफ्नो शरीरलाई फिट एन्ड फाइन राख्न नियमित व्यायाम गर्नेछु।

१०. कुनै पनि बन्द-हडताललाई समर्थन गर्नेछैन।



जितु नेपाल
(कलाकार)

१. २०६७ सालभरि कुनै पनि पार्टी र नेताहरूलाई व्यंग्य गर्नुपर्ने वातावरण बने व्यंग्य नगर्ने प्रतिबद्धता व्यक्त गर्छु।

२. कार्यक्रमका क्रममा कतै जाँदा कम्तीमा एउटा पुस्तक पढ्छु।

३. घरपरिवारलाई समय दिन्छु।

४. सामाजिक काममा निःशुल्क सहयोग गर्न तयार रहनेछु।

५. ट्राफिक नियम पूर्ण रूपमा पालना गर्नेछु।

६. भोजभतेरमा मासुको आइटममा गएर रोकिन्नँ।

७. एकल प्रस्तुतिमा नयाँ-नयाँ समयसापेक्ष कुरा प्रस्तुत गर्छु।

८. अरूलाई सम्मान गर्छु। आफ्नो पेसाप्रति इमान्दार रहन्छु र कसैप्रति नराम्रो व्यवहार गर्दिनँ। बरु आफू रुन्छु तर अरूलाई रुवाउँदिनँ।

९. मोबाइल रिङटोन तथा कलब्याकिङ टोनमा नेपाली गीत नै राख्छु। कसैलाई मिसकल गर्दिनँ र कसैको मिसकलमा कलब्याक पनि गर्दिनँ।

१०. सामाजिक सद्भावका विषयवस्तु एवं धार्मिक मान्यताका कुरामा संवेदनशील रहेर कार्यक्रम प्रस्तुत गर्नेछु।



दिनेश डिसी
(निर्देशक/कार्यक्रम सञ्चालक)

१. घरमा शतप्रतिशत सीएफएल चिम प्रयोग गर्नेछु।

२. पाइरेटेड सिडी/डिभिडी किन्दिनँ, सुन्दिनँ, हेर्दिनँ।

३. च्यारिटीका लागि कार्यक्रम गर्छु।

४. घरमा रहँदा सधैं मोबाइल अफ गर्नेछु, सार्वजनिक समारोहमा साइलेन्टमा राख्छु।

५ नियमित व्यायाम गर्नेछु।

६. वर्षमा एउटा रूख रोप्छु र त्यसको स्याहार पनि गर्छु।

७. नेताहरूको ९० प्रतिशत कुरामा विश्वास गर्न छाड्छु।

८. आफ्नो राजनैतिक भविष्यको रोडम्याप तयार गर्छु।

९. प्लास्टिकको सामान प्रयोग ७५ प्रतिशत कम गर्छु।

१०. मोबाइलको रिङटोनमा नेपाली गीत मात्र राख्नेछु।



हिसिला यमी (नेता)

१. संविधान निर्माणमा लाग्नेछु। किनभने यो हामीले जन्माएको शिशु हो, त्यसलाई हुर्काउने-बढाउने अभिभारा हामीमा छ।

२. शान्ति-प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउन प्रतिबद्ध रहनेछु।

३. शक्ति प्रत्यायोजनका लागि संघीयता आवश्यक छ। महिलालाई सशक्त बनाउन पनि संघियतामा जानुपर्ने भएकाले यसमा मेरो पूर्ण सक्रियता रहनेछ। स्थानीय स्तरमा अधिकार पुग्यो भने मात्र महिलाहरू सशक्त हुन्छन्।

४. पूर्ण लोकतान्त्रीकरणका लागि सामन्ती व्यवस्थाको अवशेष अन्त्य गर्न निरन्तर क्रियाशील रहनेछु।

५. धर्म निरपेक्षतामा प्रतिबद्ध रहनेछु। सबै धर्मले महिलाप्रति अन्याय गरेका छन्।

६. समानुपातिक, समावेशी प्रतिनिधित्वमा सदैव प्रतिबद्ध रहनेछु।

७. राष्ट्रियताप्रति प्रतिबद्ध रहनेछु।

८. कुनै उदियमान महिला नेतृत्वलाई साथ दिनेछु, हौसला दिनेछु र महिला उत्थानमा काम गर्नेछु।

९. मुख्य काममा मात्र ध्यान केन्द्रित गर्नेछु। जथाभावी समय खेर फ्याल्दिनँ। जनताका बीचमा हल्का-फुल्का ढंगले प्रस्तुत हुन्नँ। अब मेरो इनर्जी जहाँ पायो त्यहीं खर्च हुन दिन्नँ।

१०. यी सबै प्रतिबद्धताका लागि फेरि पनि संघर्ष गर्नेछु।







# धरानमा सांगीतिक रमझम



धरान- बढ्दो गर्मीसँगै शुक्रबार सैनिक भवनको हलमा छुट्टै सांगीतिक कार्यक्रम चलेको थियो। खचाखच भरिएको हलमा दर्शकको कमी थिएन। कार्यक्रममा विभिन्न कलाकारले गीत तथा नृत्य प्रस्तुत गरेका थिए। एकै ठाउँमा विभिन्न स्वादका नृत्य एवं गायकहरूको प्रस्तुति हेर्न र सुन्न पाउने भएकाले पनि दर्शकको भीड थियो। हर्षु राईले सुरु गरेको सांगीतिक कार्यक्रममा दर्शकहरू रमाइरहेका देखिन्थे। सांगीतिक कार्यक्रममा गरिमा डान्स सेन्टरका कलाकारले विभिन्न नृत्यले दर्शकको मन तानेका थिए। उनीहरूले प्रस्तुत गरेको नृत्यमा निकै दम थियो। सेन्टरले प्रस्तुत गरेको मारुनी, साम्बा नृत्य तथा ब्रेक डान्समा पनि दर्शकको मन रमाएको थियो।

उक्त अवसरमा गायक कञ्चन थलङले आफ्ना गीत प्रस्तुत गरेका थिए भने अन्जु राई र विजय राईको युगल गीत बल्ल भेट भो आदङ्बेले हल नै उचालेको थियो। उक्त अवसरमा दिनेश लिङ्खिम, नवराज बस्नेत, रोशन नाछिरिङले पनि गीत प्रस्तुत गरे भने कार्यक्रमका आकर्षण भ्वाइस अफ टिनको टप टेनमा पर्न सफल ममता राईको प्रस्तुतिले वान्स मोरको बाढी नै पाएको थियो।

# अमेरिकामा नेपाली सहयोगी संस्था

अमेरिकामा नेपालीहरूको संख्या बढ्दै गए पनि कतिपय सूचना र जानकारीको अभावमा समस्य झेल्नुपरिरहेको छ। यसरी समस्यामा परेका नेपालीहरूको सहयोगमा नेपालीहरू नै सक्रिय भएका छन्। अमेरिकामा विभिन्न सिलसिला एवं पेसा व्यवसायमा आबद्ध नेपालीहरूले संगठित रूपमै यो कार्यको थालनी गरेका हुन्। द एसोसिएसन अफ नेपलिज इन अमेरिका नामक संस्थाले अमेरिकामा जाने नेपालीहरूको समस्या समाधानका लागि सहयोग गर्ने बताइएको छ।

'यो संस्थाले संकटका बेला नेपालीहरूको आड-भरोसाका रूपमा काम गर्दै आएको छ', संस्थाका मिडिया संयोजक गोविन्द गिरी 'प्रेरणा'ले भने- 'हामी अन्य सामाजिक क्षेत्रमा पनि हामी क्रियशील हुनेछौं।' संस्थाले मन्दिर स्थापना, सामाजिक कार्य तथा नेपालको शिक्षा क्षेत्रमा योगदान पुऱ्याउँदै आएको बताइन्छ। त्यसो त नेपालमा पनि यसको शाखा विस्तार गरिएको छ। शाखाले अमेरिका जान चाहने नेपालीहरूलाई आवश्यक सहयोग पनि उपलब्ध गराउनेछ। निकट भविष्यमा उत्तर अमेरिकाका नेपालीहरूलाई समेत यो संस्थामार्फत सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ।

# जिब्रो छेडे युवाले

भक्तपुर- लिच्छिविकालदेखि मध्यपुर ठिमीको बोडेमा मनाइँदै आएको 'जिब्रो छेड्ने जात्रा' मा यसपटक पनि स्थानीय बोडे स्पोर्ट्स क्लबका सदस्य जुजुभाइ बास श्रेष्ठले जिब्रो छेडेका छन्। जात्रालाई लोप हुन नदिन ललितकला क्याम्पसमा बीएफए तेस्रो वर्षको अध्ययन पूरा गरेका श्रेष्ठले यस वर्ष पुनः जिब्रो छेड्ने निधो गरेका हुन्। उनले अघिल्लो वर्षदेखि जिब्रो छेड्न थालेका हुन्। बोडे, बारेनानीका २९ वर्षीय श्रेष्ठ आमा तीर्थमाया र बुबा सानुभाइका माइला छोरा हुन्।

श्रेष्ठका बाजे हर्कनरसिंह बास श्रेष्ठले पनि २२ पटकसम्म जिब्रो छेडेका थिए। 'बाजेको बिडो थाम्न र संस्कृति जोगाउन जिब्रो छेड्ने कार्यलाई निरन्तरता दिन लागेको हुँ, देशको संस्कृति र परम्परा धान्ने प्रयास गरेको हुँ,' श्रेष्ठले बताए।

फलामको एक फिट लामो सुइरो प्रत्येक वर्ष स्थानीय धर्मलाल नकर्मीले बनाउने गरेका छन्। नाइकेलाई चार दाम चढाएपछि मात्र जिब्रो छेड्न पाइन्छ। 'नायो पःमा हरिचन्द्र बाग श्रेष्ठलाई यस वर्ष पनि म आफैं छेड्छु भनेको थिए, अनुमति दिनुभयो,' श्रेष्ठले बताए।

जिब्रो छेड्ने जात्रा वैशाख २ गते बोडे उच्च माध्यमिक विद्यालय पछाडि लाग्छ। जिब्रो छेडाउनेले नङ, केश आदि काटेर नीलबाराही जंगलबाट ल्याइएको दाउरालाई चैत मसान्तको साँझमा



गाउँको प्रधान (नायो पःमा) ले धुनी जलाउँछन्। कर्मी नाइके (जिब्रो छेड्ने व्यक्ति) ले साहस प्रदान गरेर जिब्रो छेडाउने व्यक्तिलाई केही नहुने विश्वासका साथ धुनीको टीका, फूल, प्रसाद र समयबजी दिने परम्परा छ।

जिब्रो छेडाउनेले समयबजी खाएपछि छेड्ने कार्य नसकेसम्म खान, सुत्न हुँदैन। जिब्रो छेडाउने व्यक्ति तीन दिनसम्म निराहार बस्नुपर्छ। जिब्रो छेडिएपछि अर्धचन्द्राकारको महादीप बालेर काँधमा बोकाई सहर घुमाइन्छ। बोडे वरपर रहेका महालक्ष्मीलगायतका शक्तिपीठ दर्शन गर्दै सियो झिकेर गणेशस्थानमा राखिन्छ। सुइरोले छेड्दा हुने जिब्राको घाउको उपचार गर्न औषधि लगाउनु पर्दैन। महालक्ष्मी मन्दिरको माटो राखेपछि एक साताभित्रै घाउ निको हुन्छ।

किंवदन्तीअनुसार जात्रा मनाउँदा महामारी रोग नलाग्ने, देश अनिकालबाट जोगिने, अनावृष्टि र अतिवृष्टि नहुने, बाहिरी देशबाट आएका पर्यटकलाई पाल्न र धर्म बढाउन सक्षम बनाउने विश्वास छ। जिब्रो छेडेपछि महालक्ष्मी, भैरव, कालीका, नीलबाराही एवं गणेश भगवान्को प्रतीक सातवटा खट काँधमा बोकेर घुमाउनुपर्छ।

–मकर श्रेष्ठ


नयाँ भर्ना खुल्यो
प्राइभेट Test/SLC 2067
(साथै कक्षा ५, ६, ७ र ८ मा समेत भर्ना लिइन्छ।)
हाम्रा विशेषताहरु :
√ दक्ष तथा अनुभवी शिक्षक/शिक्षिका द्वारा पठनपाठन गराइने
√ अंग्रेजी र नेपाली दुबै माध्यमबाट अध्यापन गराइने
√ एजुकेशनल रिहाव विधिबाट अध्यापन गराइने
√ गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था
√ कक्षा सञ्चालन हुने समय : विहान, दिउँसो र वेलुका
SEA PUBLIC OPEN SCHOOL(ACADEMY)
लेखनाथमार्ग, ठमेल, काठमाण्डौ
PH. : 01-4417704
01-4420537
(विगत १२ वर्षदेखि विद्यार्थी सेवामा समर्पित)

निःशुल्क ब्यूटिसियन ट्रेनिङ
नेपाल सरकारबाट स्वीकृति लिई NGO को सहयोगमा दक्ष र दशौं अनुभवी ब्युटिसियनहरुद्वारा अत्याधुनिक प्रविधिका साथ बेसिक, एड्भान्स, डिप्लोमा र स्पेशल कोर्ष। अष्ट्रेलिया, अमेरिका एवं युरोप जानेहरु र SLC दिएर बसेकाहरुलाई विशेष कक्षा। जान्दै नजान्नेलाई १ महिनामै दक्ष बनाइने।
Innovative Training Centre & BP
फोन: ४४९५६६ (नयाँ बानेश्वर चोक)
मोबाइल: ९८४१३११०९८

तालिम
ब्युटिसियन, सिलाई र कटाई, फेसन डिजाईन, बुनाई, प्याचवर्क, इम्ब्रइडरी तथा बिभिन्न तालिम दिइन्छ।
ब्युटिसियन एडभान्सड कोर्ष संचालन भइरहेको छ।
त्रिवेणी तालिम केन्द्र
बागबजार, काठमाडौं : ४२३ १०३०
(खुल्ने समय: बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म)
शुक्रबार महिलाहरूलाई निःशुल्क कपाल काटिन्छ।

+2/SLC एक बर्षमै
भारतको सरकारी NIOS Delhi Board को Math/Sci नदिई पाँच बिषयमात्र दिई SLC
SLC पास भई १ वर्ष ग्याप भए एक बर्षमै +2
६ महिनामै American +2
बिगत ६ बर्ष देखी उत्कृष्ट Result ल्याउन सफल
बिहान/बेलुकी को शिक्षण कक्षा मा भर्ना
KANTIPUR INTL OPEN EDUCATION
New Baneshwor Ph: 2044082
Bagbazar: 4265891

English & Computer Basic to Advanced
Special Discount for S.L.C appeared
IELTS,TOEFL, Speaking classes
Visa/Job Interview Pre. Writing
Japanese, Korean, German French Chinese, Spanish, Hebrew, Ig- Classes
Computer Basic, Acc. Web, Graphic, Hardware
Oasis
Language & Computer Institute
(OLCI) Thamel, Galkopakha 4359170
Thamel - 4418912, Chhetrapatichowk 4250763

नयाँ वर्षको शुभ अवसरमा होटल तालिम विशेष छुटमा
नेपाल सरकारद्वारा स्वीकृत प्राप्त २००३ मा स्थापित
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionist, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
➡ ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
➡ थप Industrial Training लाई Star Hotel मा पठाइने
➡ जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
➡ CTEVT बाट Skill Test को Certificate दिने।
➡ Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study
ATHTIN बाट स्विकृत प्राप्त
CTEVT बाट मान्यता प्राप्त
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरटोर मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

NEW SESSION OF
BN Bachelor of Nursing
ENTRANCE PREPARATION FOR TU, PU & NAMS STARTS FROM 1ST WEEK OF BAISAKH,2067
✔ Classes are conducted by doctors & nursing professors of TU Teaching Hospital (IOM) & Maharajgunj Nursing Campus.
✔ 98 % of our past students have enrolled in government colleges.
J & J Health Academy
Maharajgunj,KTM
Phone: 2150826, 9841304216,9851018284

Nepal's No.1 Leading & Pioneering Pre-Gurkha Army Training Center
SALUTE GORKHA Training Center Pvt. Ltd.
के तपाई पनि ब्रिटिश आर्मी तथा सिंगापुर पुलिसमा भर्ती हुन चाहनुहुन्छ?
Rahul Pandey Chairperson 9846219177 9841876269
Bibek Thapa Managing Director 9846262455 9847061236
Admission Open for Intake 2010/11
Congratulations!
You are
Contact Address
Head office : Amarsingh Chowk, Pokhara, Phone : 061-524851
Branches :
UK : 39 Ceres Road, Plumstead, London, SE 18 1HR, Mo: 00447792586113
Kathmandu : Balaju Chakrapath, Ph: 01-4385975
Dang : Ghorahi, Ph : 9847831552
Dharan : Acharya Line, Ph : 025-696513, 9804007669
Info Centers:
Baglung, Ph : 068-522413, 522017, Mo. : 9847620398 | Nepalgunj, Ph : 081-560249, Mo : 9848029953 | Butwal, Mo. : 9804409768 | Myagdi, Mo. : 9847703205, 9847627817





चलचित्र : स्वर

# विविध चलचित्र ०६७ का

'छ्या, नेपाली चलचित्र पनि कसैले हेर्छ ?'-यो अत्याधुनिकताको खोल ओढेका सहरिया पुस्ताको नेपाली चलचित्रप्रतिको एउटा नमीठो अवधारणा हो। ब्राड पिट वा शाहरूख खानलाई आफ्नो 'आइडल' मान्नेहरू राजेश हमाल वा आर्यन सिग्देलप्रति उत्तिको चासो राख्दैनन्। हरेक वर्ष ३० देखि ४५ वटासम्म नेपाली चलचित्र सार्वजनिक हुने गरेका छन्। तीमध्ये पाँचवटाजतिले लगानी उठाएका पनि छन्। चलचित्र निर्माताहरू नै भन्छन्- 'चलचित्र निर्माणमा पहिलेको जस्तो फाइदा छैन।' तथापि चलचित्र निर्माण हुने क्रम भने बढ्दो छ। त्यसमा पनि विगत दुई वर्ष यता कतिपय निर्माताहरू बलिउड र हलिउडका चलचित्र मन पराउने जमातका लागि चलचित्र बनाउन कम्मर कसेर लागेका छन्। ती चलचित्र ती वर्गका अतिरिक्त 'नेपाली चलचित्रका दर्शक' भनेर छुट्टाइएका जमातका लागि पनि मनोरञ्जक हुने दाबी उनीहरूको छ। प्रस्तुति, प्रविधि र स्तरीयताका कारण ती चलचित्र आमचलचित्रभन्दा फरक हुने बताइन्छ। वर्ष ०६६मा निर्माण थालिएका वा निर्माण सम्पन्न भएका यी चलचित्र ०६७ भित्र दर्शकसम्म पुऱ्याउने लक्ष्य छ।

**नाइँ नभन्नु ल**

चलचित्र लेखक विकास आचार्यको निर्देशनमा निर्माण भएको दोस्रो एवं आचार्यको 'ड्रिम प्रोजेक्ट'का रूपमा वर्ष ०६७ मा सार्वजनिक हुन लागेको चलचित्र 'नाइँ नभन्नु ल' मूलतः प्रेमकथामा आधारित छ। तीन नायक र एउटी नायिकाको अनौठो प्रेम प्रसंगलाई आचार्यले पर्दामा उतारेका छन्। रमेशजङ रायमाझीले निर्माण गरेको यो चलचित्रमा जीवन लुइँटेल, सुमन सिंह, मुकेश आचार्य तथा ऋचासिंह ठकुरीको केन्द्रीय भूमिका छ। यो चलचित्रमा महेश खड्काको संगीत सुन्न पाइनेछ।

**हाँसिदेऊ एकफेर**

विकास आचार्य र शिव रेग्मीले लेखेको एवं रेग्मीले निर्देशन गरेको चलचित्र 'हाँसिदेऊ एकफेर' मा हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठको मुख्य भूमिका रहेकाले पनि यो चलचित्र आम दर्शकलाई मन पर्नसक्छ। राजबल्लभ कोइराला, श्वेता खड्का, किरण केसी, विष्णु सापकोटा आदि कलाकारले पनि अभिनय गरेको यो चलचित्रमा हास्य र भावुकताको समिश्रण छ। चलचित्रका निर्माता रमेश त्वेना र राजु संगमिखा हुन्। चलचित्रमा सुरेश अधिकारीको संगीत सुन्न पाइनेछ।

**कोही मेरो...**

संगीत उत्पादक तथा वितरक म्युजिक डटकमका सञ्चालक राजेश वंशलले मुभिज डटकममार्फत निर्माण गरेको चलचित्र 'कोही मेरो...'का निर्देशक आलोक नेम्वाङ हुन्। छायांकन सकिएर सम्पादनको अन्तिम चरणमा पुगेको यो चलचित्रमा झरना बज्राचार्य, सञ्चिता लुइँटेल, तृप्ति नाडकर, आर्यन सिग्देल, सुवास थापा, दिनेश शर्मा, राधा लम्साल आदि कलाकारको मुख्य भूमिका छ। सांगीतिक प्रेमकथामा आधारित यो चलचित्रमा सुरेश अधिकारी, वसन्त सापकोटा तथा सुरेश राईको संगीत सुन्न पाइनेछ।

**बाटोमुनिको फूल**

चर्चामा रहेका गायकद्वय यशकुमार र बाबु बोगटी अभिनेताका रूपमा पर्दापण हुने चलचित्र 'बाटोमुनिको फूल'का लेखक तथा निर्देशक सुरज सुब्बा 'नाल्बो' हुन्। प्रेमकथा तथा सामाजिक भेदभावका विषयमा निर्माण भएको यो चलचित्रका संगीतकार यशकुमार नै हुन्। रेखा थापा, नन्दिता केसी, अरुण रेग्मी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रका निर्माता राजेश घतानी हुन्।


चलचित्र : बन्दी

**फस्ट लभ**

सिमोस सुनुवारको निर्देशनमा सम्पादनको अन्तिम चरणमा रहेको चलचित्र 'फस्ट लभ' जीवनकै पहिलो प्रेम सँगालेका युवाहरूको कथामा आधारित छ। आर्यन सिग्देल, महेश शाक्य 'कर्मा', विनय श्रेष्ठ, निशा अधिकारी तथा ऋचा शर्माले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रका निर्माता माधव वाग्ले तथा नरेन्द्र महर्जन हुन्। हरि हुमागाईंले छायांकन गरेको फस्ट लभमा सिमोसले आफ्नो एनिमेसन कलामा प्रेमकथालाई मिश्रण गरेका छन्। चलचित्रमा सत्यराज तथा स्वरूपराज आचार्यको संगीत सुन्न पाइनेछ।


चलचित्र :नाइँ नभन्नु ल

**स्वर**

निर्देशक प्रसन्न पौडेलले आफ्नो निर्देशनमा बनाइएको चलचित्र 'स्वर'को प्रस्तुतिलाई नै संगीतमय बनाउने प्रयत्न गरेका छन्। सांगीतिक प्रेमकथामा आधारित यो चलचित्रमा राजबल्लभ कोइराला, केकी अधिकारी, यसराज कार्की, अमित पोखरेल, बेनिशा हमाल, जोयस, रिमा विश्वकर्मा आदि कलाकार छन्। युवाहरूको जीवनशैलीमा निर्माण भएको यो चलचित्रका निर्माता मनीष राजभण्डारी, सुरेन बलामी र रवि लामा हुन् भने यसमा सुगम पोखरेल तथा सत्यराज-स्वरुपराज आचार्यको संगीत सुन्न पाइनेछ।

**कसम हजुरको**

उमेरले साढे दुई दशक पनि नकाटेकी निर्मात्री कृषा चौलागाईंले निर्माण गरेको चलचित्र 'कसम हजुरको' केही सातापछि नेपालका प्रमुख सहरहरूमा एकसाथ प्रदर्शन हुँदैछ। प्रेमजोडीबीच हुने स-साना मनमुटावले ल्याउने ठूलो असर यो चलचित्रको मुख्य थिम हो। चलचित्रमा रेखा थापा, ऋचा घिमिरे, राजबल्लभ कोइराला, जीवन लुइँटेल, मिथिला शर्मा, रवि गिरी आदि कलाकारको मुख्य भूमिका छ। रामराजा दाहालले निर्देशन गरेको यो चलचित्रमा ताराप्रकाश लिम्बुको संगीत सुन्न पाइनेछ।

**माई लभ स्टोरी**

सुदर्शन थापाको निर्देशनमा हाल छायांकन भैरहेको र यसै वर्ष प्रदर्शनमा ल्याइने चलचित्र 'माई लभस्टोरी'को शीर्षकले नै यो चलचित्रको विषय वर्णन गर्छ। युवावस्थाको प्रेमकथालाई फरक ढंगबाट प्रस्तुत गर्न लागिएको यो चलचित्रमा आर्यन सिग्देल, विनय श्रेष्ठ, ऋचा शर्मा, तृप्ति नाडकर, केशव भट्टराई, दयाहाङ्ग राई आदि कलाकारले अभिनय गरेका छन्। सुरज आचार्यले निर्माण गरेको यो चलचित्रमा प्रमोद खरेलले संगीत दिएका छन्।

**साथी म तिम्रो**

सधैं दर्शकले रुचाउने चलचित्र निर्माण गर्ने नायक भुवन केसीले यसै वर्ष प्रदर्शनमा ल्याउने चलचित्र 'साथी म तिम्रो'लाई फरक ढंगको पारिवारिक कथामा निर्माण गरेको बताएका छन्। भुवन केसीले आफ्नै पारिवारिक जीवनलाई कथामा ढालेर चलचित्र बनाएको बताइसकेका छन्। शिव रेग्मीले निर्देशन गरेको चलचित्र 'साथी म तिम्रो'मा भुवन केसी, रेखा थापा, ऋचा घिमिरे, अनमोल केसी, दिनेश डिसी, किरण केसी आदि कलाकारले अभिनय गरेका छन्। चलचित्रका संगीतकार शम्भुजित बासकोटा हुन्।

**कसले चोऱ्यो मेरो मन**

रेखा थापाले निर्माण गरेको चलचित्र 'कसले चोऱ्यो मेरो मन'को निर्देशक शब्बिर श्रेष्ठ हुन्। छवि ओझा कार्यकारी निर्माता रहेको यो चलचित्रको कथा शीर्षकअनुरुप प्रेम जोडीको व्यथामा आधारित छ। कसले चोऱ्यो मेरो मनमा रेखा थापा, आर्यन सिग्देल तथा नयाँ अनुहार किशोर खतिवडाको मुख्य भूमिका छ। यो चलचित्रमा सुरेश अधिकारीको संगीत सुन्न सकिनेछ।




**फ्ल्यास ब्याक**

गोपीकृष्ण मुभिजले निर्माण गरेको चलचित्र 'फ्ल्यास ब्याक- फर्केर हेर्दा' सार्वजनिक हुने तरखरमा छ। दयाराम दाहालले निर्देशन गरेको चलचित्रमा निखिल उप्रेती, आर्यन सिग्देल, युना उप्रेती, रेजिना उप्रेती, जेनिशा केसी आदि कलाकारको मुख्य भूमिका छ। चलचित्रमा अहिले र पहिलेको प्रेमलाई केलाइएको छ। चलचित्रमा सुरेश अधिकारीको संगीत छ।

**दशगजा**

नेपाल-भारत सीमा विवादमा आधारित चलचित्र 'दशगजा' ०६६मै सार्वजनिक हुनुपर्ने थियो। चलचित्रका केही दृश्यमा चलचित्र सेन्सर बोर्डले आपत्ति जनाएका कारण यसले सार्वजनिक प्रदर्शनको स्वीकृति पाइसकेको छैन। दयाराम दाहालले निर्देशन गरेको यो चलचित्रमा राजेश हमाल, निखिल उप्रेती, नवल खड्का, सुभद्रा अधिकारी, रमेश बुढाथोकी, रञ्जिता गुरुङ आदि कलाकारको मुख्य भूमिका छ। दशगजाका संगीतकार मणि लामा हुन्।

**आचार्य**

भजन शिरोमणि भक्तराज आचार्यको संघर्षपूर्ण जीवनकथालाई कथानक चलचित्रको स्वरूपमा ढालेर सिक्किमका रोशन राईले निर्माण गरेको चलचित्र 'आचार्य'मा भक्तराजका जेठा छोरा सत्यराज आचार्यले बाबुको चरित्र निर्वाह गरेका छन्। प्रशान्त रसाइलीले निर्देशन गरेको यो चलचित्रमा अरुणा कार्की, सुनिल पोखरेल, सौगात मल्ल, रामबाबु रेग्मी आदि कलाकारले अभिनय गरेका छन्। भक्तराज आचार्यकै पुराना गीतहरू सुन्न पाइने यो चलचित्रमा प्रख्यात गजल गायक गुलामअलीले समेत अभिनय गरेका छन्। चलचित्रका छायांकार शैलेन्द्र कार्की हुन्।

**द गेम**

एक्सन-थ्रिलमा आधारित भएर रक्षा सिंहले चलचित्र द गेमको निर्देशन गरिरहेकी छिन्। बाह्रवर्षे चलचित्र सम्पादनको अनुभव सँगालेकी रक्षाले चलचित्रमा सुमन सिंह, निरुता सिंह, झरना थापा, बालनरसिंह राणा, सुशील पोखरेल आदिलाई अभिनय गराइरहेकी छिन्। चलचित्रमा आलोकश्रीको संगीत छ भने द गेमकी निर्माता बुनु विष्ट हुन्।

**बन्दी**

प्रेमका कारण बन्दी हुन पुगेका युवकहरूको कथामा आधारित चलचित्र 'बन्दी'मा तीन जना नायक तथा तीनै जना नायिका छन्। बन्दीमा दिलीप रायमाझी, सुमन सिंह, आर्यन सिग्देल, अरुणिमा लम्साल, नन्दिता केसी एवं नन्दिता गुरुङ्गको मुख्य भूमिका छ। चलचित्रका निर्देशक रमेश गुरुङ 'कर्मा' हुन्। विजय केरुङले निर्देशन गरेको यो चलचित्रमा धेरै पछि चलचित्र 'दर्पणछायाँ'का नृत्य निर्देशक पूर्णम राईको नृत्य निर्देशन हेर्न पाइनेछ।

**च्यालेन्ज**

चलचित्र 'च्यालेन्ज'का केही दृश्यको छायांकन अमेरिका तथा बेलायतमा भैसकेको छ। श्याम भट्टराईको निर्देशनमा निर्माण हुन लागेको यो चलचित्रका प्रस्तुतकर्ता तथा नायक रेश मरहट्टा हुन्। माधव ढकालले निर्माण गर्ने यो चलचित्र सस्पेन्स तथा थ्रिलरमा आधारित छ। सिमोस सुनुवारको एनिमेसन तथा सम्पादन, राजेन्द्र खड्गीको एक्सन तथा नवीन के. भट्टराईको संगीत रहने चलचित्र च्यालेन्जको बाँकी छायांकन आरम्भ हुँदैछ। चलचित्रमा रेशका अतिरिक्त रेखा थापा, आयुष रिजाल, खुश्बु न्यौपाने तथा विदेशी कलाकारहरू रोज चाडविक र बेन आर्यसले पनि अभिनय गर्दैछन्।

**तुलसी**

नायिका ऋचा घिमिरे चलचित्र 'तुलसी' मार्फत प्रस्तुतकर्ताका रूपमा देखा पर्दैछिन्। वर्गीय प्रेमकथामा आधारित यो चलचित्रमा ऋचाका अतिरिक्त विमलेश र निखिल उप्रेतीको पनि मुख्य भूमिका छ। शंकर घिमिरेको निर्देशनमा ०६७मा निर्माण सकेर यसै वर्ष प्रदर्शन गर्ने लक्ष्य लिइएको यो चलचित्रमा धेरै पछि संगीतकार रनजित गजमेरले संगीत दिएका छन्।

**देशले रगत मागे**

टिनएजरहरूलाई देशप्रतिको जिम्मेवारी बोध गराउने उद्देश्यले निर्देशक बद्री अधिकारी चलचित्र 'देशले रगत मागे'को निर्देशन गर्दैछन्। सुगम पोखरेलको संगीतमा निर्माण हुने यो चलचित्रमा राजेश हमालबाहेक अरु सबै कलाकार नयाँ रहनेछन्। यो चलचित्र पनि वर्षको अन्तिमसम्ममा प्रदर्शनमा आइसक्नेछ।


चलचित्र : बाटो मूनीको फुल



# क्यानभासमा आयात-निर्यातको वर्ष



चित्रकला तथा मूर्तिकलाको क्षेत्रमा वर्ष २०६६ उपलब्धिमूलक देखियो । वर्षको प्रारम्भदेखि अन्त्यसम्ममा देशभरि झन्डै १ सय २५ वटा एकल तथा सामूहिक चित्रकला प्रदर्शनी भए । विडम्बना के रह्यो भने यीमध्ये १ सयभन्दा बढी प्रदर्शनी राजधानीकेन्द्रित रहे ।

चित्रकला प्रदर्शनीमा यसपटक विविधतासमेत देख्न पाइयो । अधिकांश प्रदर्शनीस्थलमा क्यानभास मात्र सजिएको अनुभव गरियो, अर्थात् मूर्तिकलाको तुलनामा देशमा चित्रकलाको प्रदर्शनी नै बढी भए । डिजिटलदेखि छ्वाली कलासम्मका प्रयोगवादी चित्रकला प्रदर्शनी पनि यही वर्ष नै आयोजित गरिए । वर्ष २०६६ मै पहिलो पटक नेपालमा अन्तर्राष्ट्रिय कला महोत्सवसमेत सञ्चालन गरियो । काठमाडौँमा पहिलो पटक आयोजना गरिएको अन्तर्राष्ट्रिय कला मेलामा नेपाललगायत विश्वभरिका झन्डै तीन दर्जन देशका कलाकार करिब एक साता नेपालमै रहे ।

### विदेशी भूमिमा नेपाली कला

वर्ष २०६६ मा झन्डै एक दर्जन नेपाली कलाकार आफ्ना कलाकृतिको प्रदर्शन गर्ने क्रममा युरोप, अमेरिकालगायत एसियाका विभिन्न देश पुगे । चित्र तथा मूर्तिकला बिक्री हुने भएकाले पनि नेपाली कलाकारहरू विदेशमा गएर आफ्ना कलाकृति प्रदर्शन गर्न लालायित देखिए ।

वरिष्ठ चित्रकार रागिनी उपाध्यायले आफ्ना चित्रको एकल प्रदर्शनी स्वीडेनमा गरिन् । स्टकहोमस्थित ग्यालरी रिडारियनमा प्रदर्शित चित्रकलाको मूल विषय नेपाली समाजमा महिलाको चुनौती थियो । रागिनीका चित्रमा नेपालको राजनैतिक अवस्थालाई पनि चित्रण गरिएको थियो । स्वीडेनको प्रदर्शनपछि रागिनीले फिनल्यान्ड पुगेर त्यहाँ आयोजित साक्षात्कार कार्यक्रममा नेपाली चित्रकलाका बारेमा आफ्नो धारणा व्यक्त गरिन् । कलाकार सुषमा राजभण्डारीले आफ्नो नवौं एकल चित्रकला प्रदर्शनी जापानको होकाइदो तथा ताकिकावा सहरमा सञ्चालन गरिन् । प्रदर्शनीमा उनले न्यू कन्सेप्ट अफ गडअन्तर्गत सिरिज अफ गणेश तथा आँखाहरूलाई क्यानभासमा उतारेकी थिइन् ।

चितवनका कलाकार प्रकाश थापाका चित्रले पनि विदेशी भूमिमा प्रदर्शन हुने अवसर पाए । उनका चित्र दुबईमा प्रदर्शन गरिए । दुबईमा कार्यरत थापाले आफ्नो जागिरबाट बचेको समय सदुपयोग गर्दै आफ्नो कलालाई त्यहाँ रहेका नेपालीहरूमाझ प्रस्तुत गरे । उता कलाकार रत्नकाजी शाक्यले जापानको होकाइदोस्थित चौतारा ग्यालरीमा एकल चित्रकला प्रदर्शनी गरे । प्रदर्शनीमा बुद्धको चित्र तथा अण्डाकार शैलीमा अर्ध-अमूर्त शैलीका चित्रकला समावेश गरिएको थियो । अमेरिकामा बसोबास गरिरहेकी कलाकार सुनिला बज्राचार्यले अमेरिकामा एउटा एकल चित्रकला प्रदर्शनी गरिन् । काष्ठमण्डप कला समूहसँग आबद्ध सुनिलाले आफ्ना चित्रमा नारी आकृतिलाई बढी महत्त्व दिएकी छिन् । यसबाहेक कोरियामा पनि नेपालका प्राकृतिक सौन्दर्य तथा हिम-श्रृंखलाका आकर्षक दृश्य प्रदर्शन गरियो । प्रदर्शनीमा १० जना नेपाली कलाकारका चित्रकला समावेश थिए ।

### नेपालमा विदेशी कलाकार

वर्ष २०६६ मा थुप्रै विदेशी कलाकार नेपालमा आएर आफ्ना कलाकृति प्रदर्शन गरे । बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा सञ्चालन भएको अन्तर्राष्ट्रिय कला महोत्सवअन्तर्गत 'सेपरेटिङ मिथ फ्रम रियालिटी-स्ट्याटस अफ वुमेन' प्रदर्शनीमा विभिन्न २५ देशका कलाकारका कलाकृति समावेश गरिएको थियो । भारतका चित्रकार सुहास रोयले 'सुहास' शीर्षकमै एकल चित्रकला प्रदर्शनी सम्पन्न गरे । फ्रान्सेली चित्रकार जुलियन सोलले पनि वर्षको उत्तरार्द्धमा आफ्ना एकल चित्र प्रदर्शन गरिन् । कुपण्डोलस्थित समिट होटलमा आयोजित प्रदर्शनीमा डच कलाकार पिटर स्च्याडरले तयार पारेका चित्रहरू प्रदर्शन गरियो । भारतीय कलाकार प्रिन्स चन्दले तयार पारेका शान्तिका अग्रदूत गौतम बुद्धमा आधारित चित्रकलाहरूको प्रदर्शनी राजधानीमा सञ्चालन भयो । अमेरिकी नागरिक जेनिफर फुलरले नेपालमै बसेर तयार पारेका चित्रहरूको प्रदर्शनी पनि राजधानीमै सञ्चालन गरियो । दरबारमार्गस्थित द आर्ट सपमा १३ जना अमेरिकी, एक जना कोरियन, एक जना मलेसियन तथा एक जना नेपाली चित्रकारले तयार पारेका ४५ थान चित्र प्रदर्शन गरियो ।

### बढ्दैछन् महिला चित्रकार

वर्ष २०६६ मा राजधानी लगायत अन्य स्थानमा सञ्चालन गरिएका चित्रकला तथा मूर्तिकलासम्बन्धी करिब १ सयवटा प्रदर्शनीमा आधाभन्दा बढी प्रदर्शनी महिलाकेन्द्रित थिए । यो वर्ष झन्डै डेढ दर्जन महिला कलाकारले एकल प्रदर्शनी आयोजना गरे भने त्योभन्दा बढीले सामूहिक चित्रकला प्रदर्शनीमा सहभागिता जनाए । भदौ २१ गते महिला कलाकार समूह (वागन) ले आयोजना गरेको बृहत् सामूहिक चित्रकला प्रदर्शनी 'आजको विश्वमा महिलाको भूमिका' मा झन्डै डेढ दर्जन महिला कलाकारका कलाकृति प्रदर्शन गरियो ।

यसैगरी 'अनुभूतिका चार बिन्दु' शीर्षकको एक अर्को प्रदर्शनीमा चार जना महिला कलाकार एउटै थलोमा भेला भए । यसबाहेक बंगलादेशबाट चित्रकारितामा एमएफए गरेर फर्किएकी चित्रकार सौरगंगा दर्शनधारी, चित्रकार सम्झना राजभण्डारी, रश्मि अमात्य (शशि), सुनिता महर्जन, शिवानी राणा आदि पनि आ-आफ्ना एकल प्रदर्शनीमार्फत विभिन्न ग्यालरीमा प्रस्तुत भए ।

# रंगमञ्चमा नयाँपनको अभाव

इन्टरनेटको बढ्दो प्रयोग, चलचित्र तथा टेलिश्रृंखलाको लोकप्रियतासँगै परम्परागत शैलीका नाटक हेर्ने दर्शकको संख्या ह्वात्तै घट्छ भन्ने मान्यताविपरीत वर्ष २०६६ मा नेपालमा देखिएका रंगमञ्चसँग सम्बन्धित गतिविधिले भने नेपालमा अझै पनि नाटक मरेको छैन भन्ने देखायो । अघिल्ला वर्षहरूमा देखिएको राजधानी केन्द्रित रंगमञ्चसम्बन्धी गतिविधिहरू यसपटक मोसफलसम्म पुगेको छ । यही वर्ष केही नेपाली नाटक विदेशी भूमिमा समेत मञ्चन गरिए ।

विश्व रंगमञ्च दिवसका अवसरमा रंगकर्मी सुनिल पोखरेल पुरस्कृत मात्र भएनन्, रंगमञ्चकै क्षेत्रमा लामो समयदेखि योगदान पुऱ्याउँदै आएका दुई जना नाट्यकर्मी श्यामदाश वैष्णव तथा प्रचण्ड मल्ललाई सम्मानित पनि गरियो ।

### नाटक महोत्सवको वर्ष

वर्ष २०६६ मा आधा दर्जनभन्दा बढी नाटक महोत्सव सम्पन्न भए । यसपटकको नाटक महोत्सवमा केही विविधता समेत देखियो ।

नेपाली रंगमञ्चको ईतिहासमै संभवतः पहिलो पटक बालनाटक महोत्सव वर्ष २०६६ मै आयोजित गरियो । शैली थिएटरको आयोजनामा बालबालिकाका विषयवस्तु समेटिएका उक्त नाटक महोत्सव कमलपोखरीस्थित रूसी सांस्कृतिक केन्द्रमा सञ्चालन गरिएको थियो ।

नेपाली रंगमञ्चको क्षेत्रमा आरोहण गुरुकुलले यो वर्ष पनि उल्लेख्य योगदान पुऱ्यायो । प्रायः राजधानीमै आयोजना गरिँदै आएको राष्ट्रियस्तरको नाटक महोत्सव यसपटक विराटनगरमा सम्पन्न भयो । झन्डै एक महिनासम्म चलेको



तस्बिर : नवराज बाग्ले

उक्त महोत्सवमा आठवटा नाटक मञ्चन गरिएको थियो । गुरुकुलका नाट्यकर्मी सुनिल पोखरेलका अनुसार महोत्सवमा मिथिला नाट्य कला परिषद्ले एक तथा गुरुकुलले सातवटा नाटक मञ्चल गरेका थिए ।

राजधानीकै गुरुकुलमा वर्ष २०६६ को प्रारम्भमै प्रतिस्पर्धात्मक नाटक मञ्चन कार्यक्रम सम्पन्न भयो । स्कुल थिएटर फेस्टिभल २००९ शीर्षकको नाटक महोत्सवमा दुई दर्जन विद्यालयले आफ्ना नाटक मञ्चन गरे ।

गुरुकुलमै मनोवादमा आधारित नाटक महोत्सव पनि सम्पन्न भयो । वर्ष २०६६ को प्रारम्भमै आयोजित महोत्सवमा मनोवाद साइकोसिस, एम्पायर न्यू क्लथ, अग्लि डकलिङ एन्ड द लिटिल म्याच गर्ल, डाक्टर जेकल एन्ड मिस्ट हाइट तथा मिस मार्गारिटाज मञ्चन गरिएको थियो ।

### कचहरी नाटकको थालनी

वर्ष २०६६ देखि नै नेपालमा कचहरी नाटक मञ्चन प्रारम्भ भयो । झापाको दमकबाट प्रारम्भ भएको कचहरी नाटक मञ्चन अभियान एक सातासम्म सञ्चालन गरिएको थियो । अपांग व्यक्तिले देशव्यापी अभियानका रूपमा कचहरी नाटक मञ्चन गरेका हुन् । अपांग मानव अधिकार केन्द्र काठमाडौंले फिनल्यान्ड दूतावास तथा यूएनडीपीको सहयोगमा नाट्य अभियान अघि बढाएको थियो ।

### राजनीति केन्द्रित नाटक

यसबाहेक वर्ष २०६६ मा मञ्चन भएका अधिकांश नाटक संविधानसभाले नयाँ संविधान घोषणा गर्नुपर्ने कुरामा केन्द्रित रहे । वर्षको उत्तरार्द्धमा पाँचथरको फिदिममा मञ्चित नाटक 'लोकतन्त्र होसियार' मात्र होइन मण्डला थिएटरले मञ्चन गरेको नाटक 'फ्रिडम (स्वतन्त्रता)' को मुख्य विषयवस्तु नै नयाँ नेपाल तथा नयाँ संविधान थियो । त्रिभुवन विश्वविद्यालयको अडिटोरियममा मञ्चित नाटक 'आमा मेरो देश खोइ' पनि राजनैतिक भावनाबाट प्रेरित रह्यो ।

### मोफसलमा नाटक

गुरुकुलले विराटनगरमा आयोजित राष्ट्रियस्तरको नाटक महोत्सवसँगै राजधानीबाहिर नाटक मञ्चन गर्ने क्रम वर्ष भरी नै जारी रह्यो । पोखरामा परिवार नियोजनका अस्थायी साधनको प्रयोगले हुने फाइदाका बारेमा जनचेतना जगाउने उदेश्यले मञ्चन गरिएको नाटक मात्र होइन, धरानमा मञ्चन गरिएको 'हाम्रो चोक' शीर्षकको नाटकले पनि मोफसलमा नाटकका दर्शक बढिरहेको प्रस्ट पारेको छ ।

रंगकर्मी अनुप बरालले पश्चिम नेपालमा नाटकको लहर नै सिर्जना गरे । सुदूरपश्चिमक्षेत्रका विभिन्न जिल्लामा पुगेर उनले समसामयिक विषय समेटिएको नाटक 'काली आईमाई' मञ्चन गराए । लैङ्गिक हिंसा तथा मानव बेचबिखनविरुद्ध जनचेतना जनाउने उद्देश्यले धादिङमा पनि नाटक मञ्चन गरियो । उता, पूर्वाञ्चल ज्ञान चक्षु विद्यालयका दृष्टिविहीन बालबालिकाले धरानमै अर्को एउटा नाटक 'के यो ठीक हो ?' मञ्चन गरे ।

### विदेशमा नेपाली नाटक

भारतको नयाँ दिल्लीमा वर्ष २०६६ मै आयोजित १२ औं अन्तर्राष्ट्रिय थिएटर उत्सवमा नेपाली कलाकारसहित देश-विदेशका करिब ३ हजार रंगकर्मी भेला भए । नाटकको विस्तार तथा विकासका लागि नयाँ दिल्लीको राष्ट्रिय नाट्य विद्यालयले १२ वर्षअघिबाट 'भारत रंग महोत्सव' का रूपमा 'थिएटर उत्सव' आयोजना गर्न थालेको हो । उत्सवमा नेपालबाट नाट्कर्मी सुनिल पोखरेलको निर्देशनमा 'पुतलीको घर' मञ्चन गरियो ।

आरोहण गुरुकुल बंगलादेशमा आयोजना भएको नाटक महोत्सवमा पनि सहभागी भयो । महोत्सवमा गुरुकुलले सुनिल पोखरेलद्वारा निर्देशित नाटक 'महान् शिल्पी' मञ्चन गऱ्यो ।

यही वर्ष महाकवि लक्ष्मीप्रसाद देवकोटाको सर्वाधिक लोकप्रिय कृति 'मुनामदन' लाई अस्ट्रेलियाको राजधानी सिड्नीमा बसोबास गर्ने नेपाली कलाकारहरूले नाटकका रूपमा मञ्चन गरे । नाटकको निर्देशन सायन क्षेत्रीले गरेकी थिइन् ।

### अन्त्यमा,

भारतमा नेपाली भाषामा नाटक मञ्चन हुन थालेको सय वर्ष पूरा भएको अवसर पारेर दार्जीलिङ तथा आसपासका रंगकर्मीहरूले भारतीय नेपाली नाटकको सतवार्षिकी मनाए । सतवार्षिकी समारोहमा दार्जीलिङमा एक नेपालीसहित भारतीय मूलका चार नेपाली स्रष्टा सम्मानित भए । सतवार्षिकीकै अवसरमा दार्जीलिङमा एकांकी नाटक प्रतियोगिता सञ्चालन गरियो ।


# उदाए आशालाग्दा मुहार



नेपाली चलचित्रमा नयाँ अनुहारको प्रवेश बढ्दो छ । ०६६मा सार्वजनिक भएका चलचित्रबाट केही नयाँ अनुहार नेपाल चलचित्रमा उदाए, तर त्यो क्रम ०६७ मा अझ बढ्दै छ । वर्ष ०६६ मा सार्वजनिक भएका कुल ४२ वटा चलचित्रमा कहलिएका अनुहार नै हाबी भए पनि केही नयाँ अनुहारले पनि आफ्नो उपस्थिति दर्साएका छन् ।

**कुरा गरौं नायकहरूको**

एनिमेटेड क्यारेक्टर सिर्जना गरिएको चलचित्र 'यतीको खोजीमा'बाट दुई नायकको पदार्पण भयो । पेसाले मार्शल आर्टका खेलाडी लक्ष्मण बस्नेत तथा फोटोग्राफर दिव्य गौतम उक्त चलचित्रमा नायक थिए । एक्सन र थ्रिल विषयमा




बनेको उक्त चलचित्रमा उनीहरूको द्वन्द्वकला दर्शकले रुचाए । त्यसैगरी मार्शल आर्टका गुरु सन्नी बी केसी चलचित्र 'गोर्खा रक्षक'बाट नायकका रूपमा उदाए । सामान्य व्यवसाय गरेको उक्त चलचित्रमा उनको प्रस्तुतिलाई धेरैले ब्रुस लीको शैलीसँग दाँजेका थिए । चलचित्र निर्माणमा कटिबद्ध निर्माता रोज राणा चलचित्रको नायक बन्दैछन् भन्ने चर्चा डेढ वर्षदेखि चले पनि वर्ष ०६६ मा राणा नायक भएको दुईवटा चलचित्र सार्वजनिक भयो । सम्भवतः चलचित्र निर्माण गर्दागर्दै उनमा अभिनयको रस बसेको हुनुपर्छ । राणाका चलचित्रहरू 'महान्' र 'टक्कर दुई मुटुको' मा उनको अभिनय प्रशंसायोग्य नै थियो । हङकङमा केही चलचित्रमा नायक भएका ध्रुव दत्तले आफ्नो नायकीपन केही हदसम्म शंकर घिमिरेको चलचित्र 'विष'मा देखाए । यो वर्ष उनले अभिनय गरेको अर्को चलचित्र 'वीरताको चिनो' सार्वजनिक हुने क्रममा छ ।

म्युजिक भिडियोमा मोडलिङ गर्दागर्दै नायक भएका अयुब केसी वर्ष ०६६मा चलचित्र 'माया यो कस्तो माया'बाट सार्वजनिक भए । व्यावसायिक कोणबाट असफल ठहरिए पनि उक्त चलचित्रबाट केसीको उदय भने राम्रै भयो । उक्त चलचित्र सार्वजनिक नहुँदै उनी चलचित्र 'सडक' र 'ठेगाना'मा नायक भएका छन् । मुकेश ढकालले वर्ष ०६६ को सर्वाधिक सफल चलचित्रमा पर्न सकेको ऋषि लामिछानेद्वारा निर्देशित 'आफ्नो मान्छे आफ्नै हुन्छ'मा नायक भै आफूलाई दर्शकसमक्ष प्रस्तुत गरे । तीन वर्षअघि निर्माता सुशील पोखरेलले चलचित्र 'जीवनदाता'मा नायिका रेजिना उप्रतीसँग आइटम डान्स गराएर उनलाई पर्दामा ल्याइसकेको भए पनि मुकेशलाई नायकका रूपमा जेनी कुँवरले चलचित्र 'हलचल'मा लिएकी हुन् । 'हलचल'भन्दा पहिले नै चलचित्र 'आफ्नो मान्छे आफ्नै हुन्छ' सार्वजनिक भयो र मुकेश स्थापित नायकको सूचीमा नामांकन हुन सफल भए । मुकेश नायक भएको 'निगरानी', 'मनमनै मन पराएँ', 'पर्खिराख है' ०६७मा सार्वजनिक हुनेछन् । चलचित्र 'कुसुमे रुमाल'बाट निरज बराल उदाए र त्यसपछि उनले अर्को चलचित्र 'दिपशिखा'मा अभिनय गर्ने अवसर पाए । रेखा थापाको चलचित्र 'हिफाजत'बाट वर्षको अन्त्यमा उदाएका नायक आयुष रिजालले राम्रो सम्भावना भएको नायकका रूपमा परिचय बनाइसकेका छन् । त्यसैले त उनलाई निर्देशक प्रदीप श्रेष्ठले चलचित्र 'सडक' तथा श्याम भट्टराईले 'च्यालेन्ज'मा लिइसकेका छन् । यी नायकहरूको भविष्य कत्तिको उज्ज्वल छ, आगामी केही समयमा थाहा भैहाल्नेछ ।

**अब नायिकाको पालो**

सानो पर्दाका टेलिश्रृंखलाहरूबाट चर्चा पाएकी सौजन्य सुब्बा वर्ष ०६६ मा ठूलो पर्दाकी नायिका भइन् । तौल घटाएर 'स्लिम' भएपछि उनको चर्चा पनि बढ्यो । ०६६मा उनी नायिका भएको चलचित्र 'टक्कर दुई मुटुको' सार्वजनिक भयो । ०६७ मा उनको चलचित्र 'औजार' प्रदर्शन हुने भएको छ भने उनी 'स्वाभिमान' र 'जय होस्'मा पनि नायिका हुने भएकी छिन् । यसैगरी मोडलिङबाट उदाएकी सुनिता गन्धर्वले वर्ष ०६६ मा चलचित्र 'यतिको खोजीमा'बाट आफ्नो उपस्थिति दर्साइन् । यो वर्ष उनी नायिका भएको सोभित बस्नेतको चलचित्र 'चिनो' सार्वजनिक हुने भएको छ । नायिका उषा रजक तथा रुबी भट्टराईले चलचित्र 'कुसुमे रुमाल'बाट भविष्यको बाटो कोरेका छन् भने सुष्मा कार्कीले पनि 'मेरो एउटा साथी छ'मा सहनायिका भएर संभावना राम्रो देखाएकी छिन् ।

नायिका स्नेहा शर्माले वर्ष ०६६ मा प्रदर्शित दुई चलचित्र 'निशाना' र 'माया यो कस्तो माया'बाट राम्रो सम्भावना देखाएकी छिन् । यसका साथै चलचित्र 'जंगल क्विन'मा अर्धनग्न पोस्टरबाट नायिका जेशिका खड्काको पनि चर्चा भयो । मोडलिङ तथा टेलिभिजनबाट चर्चामा रहेकी निशा अधिकारीले चलचित्र 'मिशन पैसा'बाट सम्भावनाको बीउ छरेकी छिन् । उनले अभिनय गरेको अर्को चलचित्र 'नैना रेसम'ले पनि उनको प्रतिभा उजागर गऱ्यो । यो वर्ष उनका अरू पनि चलचित्र आउने र निर्माण हुने क्रममा छन्, जसमा सिमोस सुनुवारको निर्देशन रहेको चलचित्र 'फर्स्ट लभ'को चर्चा बढी छ । 'मिशन पैसा'बाट उदाएकी अर्की नायिका आयुषा बस्नेतलाई राम्री युवती भनिए पनि उनी हाल विदेशमा छिन् । छायांकनका लागि नायिका उषा पौडेलले भिसा नपाएपछि राजु शाहले चलचित्र 'सपनाको नौलो संसार'मा जर्मनीमा रहेकी कलाकार कमला दाहाललाई नायिका बनाए । प्रदर्शनमा व्यवस्थापन मिल्न नसक्दा उक्त चलचित्रले सफलताको स्वाद चाख्न सकेन । यद्यपि राम्रो भूमिकाको अफर आएमा कमला स्वदेशमा आई अभिनय गर्न सक्ने निर्देशक शाहले बताएका छन् । यो वर्षको सर्वाधिक सफल मानिएको चलचित्र 'कहाँ भेटिएला'की नायिका श्वेता खड्काले राम्रो सम्भावना देखाएकी छिन् । अभिनय एवं नृत्यमा उनको निकै प्रशंसा भएको छ । वर्ष ०६७ मा सार्वजनिक हुने चलचित्र 'एकफेर हाँसिदेऊ'मा उनी मुख्य नायिका भएकी छिन् ।

उल्लेखित प्रतिभावान् नयाँ अनुहारले आगामी वर्ष आशा जगाउँदै जान्छन् कि निराश बनाउँछन्, वर्ष ०६७ मा निर्धारण हुनेछ ।






# सांगीतिक क्षेत्रका आशालाग्दा अनुहार

• कृष्ण भट्टराई



राजधानीलगायत देशका अधिकांश सहरमा सांगीतिक कार्यक्रम आयोजना हुने क्रम बढ्दो छ। वर्ष २०६६ मा देशव्यापी रूपमा आयोजना गरिएको महोत्सवमा सांगीतिक कार्यक्रमलाई मुख्य आकर्षण बनाउने होडबाजी नै चल्यो। कुनै पनि कुरा सेलिब्रेट गर्न गीत-संगीत नै आवश्यक पर्ने भएकाले विद्यालयका अभिभावक दिवसदेखि नयाँ उत्पादन लञ्च गर्ने कार्यक्रममा पनि सांगीतिक कार्यक्रम नै आयोजना गर्ने क्रम ह्वात्तै बढ्यो। यसबाट सबैभन्दा बढी फाइदा गायक-गायिकाले नै पाए। गीत लोकप्रिय भएपछि सांगीतिक कार्यक्रममा सहभागी हुन सहज हुने भएकाले अधिकांश गायक-गायिकाले सकेसम्म लोकप्रिय गीत-संगीत तयार पार्ने प्रयास गरे, जसका कारण वर्ष २०६६ मा थुप्रै लोकप्रिय गीत सुन्न पाइयो। यही क्रममा वर्ष २०६६ मा झन्डै तीन दर्जन नयाँ गायक-गायिका सांगीतिक क्षेत्रमा प्रवेश गरे। तीमध्ये एक दर्जन गायक-गायिकाको भविष्य उज्वल रहेको अग्रज संगीतकारहरू बताउँदैछन्। केही अग्रज संगीतकर्मीहरूसँगको भलाकुसारी, नयाँ गायक-गायिकाको गीतिसंग्रहको व्यापार तथा उनीहरूको सांगीतिक कार्यक्रमको सहभागिताका आधारमा गत वर्ष डेब्यु गरेका सम्भावनायुक्त गायक-गायिका :

### प्रविशा अधिकारी

सांगीतिक क्षेत्रमा स्थापित हुन गीतिसंग्रह प्रकाशित गर्नैपर्छ भन्ने मान्यतालाई गलत सावित गर्ने गायिका हुन्– प्रविशा अधिकारी। झापा, राजगढकी स्थायी बासिन्दा प्रविशा सुगम संगीतका गीत गाउँदै सांगीतिक क्षेत्रमा आएकी हुन्। उनी अहिले पार्श्व गायिकाका रूपमा सक्रिय छिन्। यसैवर्ष निर्माण भएको चलचित्र 'कसलाई दिउँ यो जोवन...' को 'तिमी जहाँ छौं म त्यहीं छु...' गीत लोकप्रिय भएपछि प्रविशा नेपाली चलचित्रको पार्श्वगायनमा अत्यन्त व्यस्त छिन्। संगीतकार तथा गायक गुरुदेव कामतसँग सांगीतिक ज्ञान लिएर यो क्षेत्रमा प्रवेश गरेकी प्रविशाको स्वर जति सुरिलो छ, रूप त्यति नै सुन्दर छ। 'नायिका नै बन्ने प्रस्ताव पनि पाइरहेकी छु,' प्रविशा भन्छिन्– 'तर म गीत मात्र गाउँछु, अभिनय गर्दिनँ।' नेपाली चलचित्रको पार्श्वगायनमा महिला स्वरको अभाव भैरहेको अवस्थामा प्रविशाको आगमनले संगीतकारहरूलाई समेत राहत दिएको हुनुपर्छ। त्यसैले होला, अधिकांश संगीतकार अहिले प्रविशालाई नै आफ्ना नयाँ चलचित्रका गीत गाउन दिइरहेका छन्। पहिलो गीत नै लोकप्रिय भएपछि उनी सांगीतिक कार्यक्रममा समेत उत्तिकै व्यस्त भइन्। वर्ष २०६६ मा प्रविशाले झन्डै ३ दर्जन चलचित्रका लागि गीत गाएकी छिन्।

### दुर्गा खरेल

संगीतकार राम सिटौलाद्वारा संगीतबद्ध 'किन किन उनीलाई...' वर्ष २०६६ मा तयार भएको हो। यो लोकप्रिय गीतकी गायिका हुन्– दुर्गा खरेल। संगीतकार राम सिटौलाको संगीतमा तयार भएको अर्को आधुनिक गीत 'मैले टेक्ने ओखटोमा...' की गायिका पनि दुर्गा नै हुन्। गत वर्ष पहिलो एकल गीतिसंग्रह 'दिल' सार्वजनिक गर्दै सांगीतिक क्षेत्रमा प्रवेश गरेकी दुर्गा एक वर्षको अवधिमै स्थापित गायिका बन्न सफल भएकी छिन्। आधुनिक गीत गाइरहेकी दुर्गा वर्षको मध्यदेखि पार्श्वगायनमा समेत व्यस्त भइन्। वर्ष २०६६ मै उनले झन्डै आधा दर्जन चलचित्रमा स्वर प्रदान गरिन्। त्यति मात्र होइन, उनलाई संगीतकार अर्जुन पोखरेलले नयाँ चलचित्र 'दिलमाया' का सबै गीत गाउने अवसर दिए। वर्ष २०६७ मा दोस्रो एकल गीतिसंग्रह तयार पार्ने अन्तिम तयारीमा जुटेकी दुर्गाको स्वर श्रोताको मन त जित्न सफल भयो नै, अग्रज संगीतकारले पनि उनको स्वरको खुलेर प्रशंसा गरे। 'उनको स्वर खारिएका भारतीय गायिकाको भन्दा कम छैन,' संगीतकार सिटौला यसै भन्छन्।

### सजल न्यौपाने

सरस्वतीनगर, चाबहिलका स्थायी बासिन्दा सजल भर्खर १७ वर्षका भए तर उनको गीत मात्र सुन्ने हो भने उनी कुनै परिपक्व गायकभन्दा काम लाग्दैनन्। सांगीतिक पृष्ठभूमि भएको परिवारमा जन्मिएका सजल बाल्यकालदेखि नै संगीतमा रमाइरहेका छन्। उनका बुवा सञ्जय न्यौपाने पुराना गायक तथा संगीतकार हुन्। स्कुले जीवनदेखि नै गायिका कुन्ति मोक्तानसँग सुगम संगीतको प्रशिक्षण लिएका सजल वर्ष २०६६ मा पहिलो पटक पहिलो गीतिसंग्रह लिएर श्रोतामाझ प्रस्तुत भए। 'नमन' शीर्षकको सजलको उक्त संग्रहमा समावेश गरिएका प्रायः सबै गीत कर्णप्रिय छन्। त्यसो त उक्त संग्रहको 'एक वाक्य सुन...' गीतको म्युजिक भिडियोले समेत उनलाई चर्चित बनायो। सत्यराज-स्वरूपराज आचार्यलाई समेत प्रभावित बनाइसकेका सजल गीति संग्रह सार्वजनिक भए लगत्तै थुप्रै सांगीतिक कार्यक्रममा व्यस्त भए। 'शास्त्रीय संगीतको समेत ज्ञान भएकाले सजलको सांगीतिक भविष्य उज्ज्वल छ, गायिका कुन्ति मोक्तानले भनेकी छिन्– 'शास्त्रीय संगीत सिकेर यो क्षेत्रमा प्रवेश गर्ने सजलको भविष्य उज्ज्वल छ।'

### चेतन राई

सल्यान जिल्लाका स्थायी बासिन्दा चेतन राई वर्ष २०६६ का अर्का आशालाग्दा गायक हुन्। चेतनको पहिलो गीतिसंग्रह 'सेभेन' यही वर्ष श्रोतामाझ आयो र लोकप्रिय पनि भयो। संग्रहको एउटा गीत 'एक दुई तीन...' ले उनलाई वर्षभरि नै व्यस्त बनायो। नयाँ गायक भए पनि उनलाई कन्सर्टमा गीत गाउने अवसर मिलिरह्यो। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पुगेर उनले श्रोताहरूको मन जिते। पश्चिम नेपालका श्रोतामाझ अत्यन्त लोकप्रिय चेतनलाई एक दुई तीन...गीतको म्युजिक भिडियोले समेत उत्तिकै चर्चित बनायो। नयाँ वर्ष २०६७ को अवसरमा आयोजना भैरहेका सांगीतिक कार्यक्रममा समेत व्यस्त चेतनले सुगम संगीतलाई नै मुख्य आधार बनाएका छन्।

### श्वेता उप्रेती

वर्ष २०६६ मै नेपाली सांगीतिक क्षेत्रमा प्रवेश गरेकी श्वेता उप्रेतीलाई 'राम्री' गायिकाका रूपमा समेत चिनिन्छ। अधिकांश श्रोताले अझै पनि उनलाई गायिका नभई म्युजिक भिडियोको मोडल मान्छन्। गायनक्षेत्रमा आउनुभन्दा अघि मोडलिङमा रमाइरहेकीले पनि श्रोताहरूले उनलाई गायिकाभन्दा मोडलकै रूपमा चिनेका होलान्। यद्यपि गत वर्षदेखि उनको पहिचान फेरिएको छ। र्‍याम्पमा क्याटवाक गर्ने श्वेता अचेल सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गरिरहेकी छिन्। वर्ष २०६६ मै प्रकाशित गीतिसंग्रह 'डेस्टिनेसन' मार्फत सांगीतिक क्षेत्रमा प्रवेश गरेकी श्वेता अचानक गायिका बनेकी होइनन्। उनी विगत लामो समयदेखि संगीतको प्रशिक्षणमा व्यस्त थिइन्। श्वेताले संगीतका दुई भिन्न विधालाई एकसाथ अघि बढाएकी छिन्। उनी पप तथा आधुनिक दुवै शैलीका गीत गाउँछिन्। स्रोताले उनका दुवै शैली मन पनि पराएका छन्। 'तिम्रो त्यो मायामा...' गीत लोकप्रिय भएपछि उनी सांगीतिक कार्यक्रम समेत व्यस्त हुन थालेकी छिन्।



### दीपा पन्त

गायिका दीपा पन्त आफ्नो पहिलो गीतिसंग्रह 'रियालिटी' मार्फत वर्ष २०६६ मै सांगीतिक क्षेत्रमा आएकी हुन्। पहिलो गीतिसंग्रहका केही गीत लोकप्रिय भएपछि नुवाकोट, थानसिंहकी स्थायी बासिन्दा दीपा अत्यन्त व्यस्त भइन्। थुप्रै सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गरिसकेकी दीपा नृत्यमा पनि उत्तिकै पारंगत छिन्। कन्सर्टमा पनि उनी गीत गाउँदै नृत्य गर्न सिपालु छिन्। त्यसैले अधिकांश दर्शक-श्रोता उनलाई सुन्न र हेर्न प्रतीक्षारत हुन्छन्। गणित विषयमा स्नातकोत्तर गरिरहेकी दीपाले केही म्युजिक भिडियोमा मोडलका रूपमा समेत काम गरिसकेकी छिन्। केही दोहोरी गीतसमेत गाइसकेकी दीपा आधुनिक तथा पप गीत पनि उत्तिकै आकर्षक ढंगले गाउँछिन्।



### लोकेन्द्र राई

त्यसो त लोकेन्द्र राई वर्ष २०६५ को अन्त्य तिर सांगीतिक क्षेत्रमा उदाएका हुन्। राम सिटौलासँग संगीत सिकेर सांगीतिक क्षेत्रमा प्रवेश गरेका लोकेन्द्रले वर्ष २०६६ मै लोकप्रियता हासिल गरे। उनको पहिलो गीतिसंग्रह 'यादमा' का अधिकांश गीत लोकप्रिय भए। संग्रहको एउटा गीत 'पलपल...' लोकप्रिय भएपछि उनी सांगीतिक कार्यक्रममा पनि व्यस्त भए। शास्त्रीय संगीतको प्रशिक्षण लिएर यो क्षेत्रमा प्रवेश गरेकाले पनि सुगम संगीतमा लोकेन्द्रले आफ्नो स्थान सुरक्षित गर्न सक्छन् भन्ने अनुमान गर्न सकिन्छ।

### आस्था बी

रक-पप गायनलाई मुख्य विधा बनाउँदै सांगीतिक क्षेत्रमा प्रवेश गरेकी गायिका आस्था भण्डारी ( आस्था बी) लाई पनि श्रोताले मन पराए। वर्ष २०६६ मै सार्वजनिक भएको उनको पहिलो गीतिसंग्रह 'आस्था' मा रक-पप शैलीमा आधारित गीत समावेश छन्। सोही संग्रहमा समावेश गरिएका गीत लोकप्रिय भएपछि उनी थुप्रै सांगीतिक कार्यक्रममा सहभागि भइन्।

### बिपना धिताल

पहिलो गीतिसंग्रह 'के दिउँ' मार्फत सांगीतिक क्षेत्रमा प्रवेश गरेकी बिपना धिताल म्युजिक भिडियोका कारण लोकप्रिय भएकी हुन्। दाङकी स्थायी बासिन्दा बिपनाको 'के दिउँ के दिउँ...' श्रोताहरूले रुचाएका छन्। उनी पप तथा आधुनिक संगीतमा आधारित गीत गाउन रुचाउँछिन्।

### सत्य/निताञ्जना भट्टाचार्य

पुरानी गायिका नूपुर भट्टाचार्यका दुई सन्तान पनि वर्ष २०६६ मै सांगीतिक क्षेत्रमा प्रवेश गरे। अमेरिकामा अध्ययनरत नँपुरका छोरा सत्य भट्टाचार्य तथा छोरी निलाञ्जना भट्टाचार्य आफ्नो एकल गीतिसंग्रहको विमोचनसँगै सांगीतिक क्षेत्रमा प्रवेश गरेका हुन्। उनीहरूको स्वरमा तयार पारिएका दुई गीतिसंग्रह 'पल्स' तथा 'साउन्ड्स अफ माइ हार्ट' श्रोताहरूले निकै रुचाए। स्थापित गीतकार तथा संगीतकारहरू सहभागी भएका दुवै गीतिसंग्रहका गीत सुगम संगीतमा आधारित छन्।



## जम्का भेट

नायिका रेखा थापा यसै पनि चर्चामा छिन्। यो साता उनी थप चर्चामा आइन्। उनका तस्बिरअंकित चलचित्र "हिफाजत"का पोस्टर सर्वत्र टाँसिएका छन्। रेखाले निर्माण गरेको यो चलचित्र गत साता सार्वजनिक भएको हो। अघिल्लो बिहीबार बिहान उनको उक्त महत्वाकांक्षी चलचित्रको प्रिमियर शो सम्पन्न भयो, जहाँ रेखा उपस्थित थिइनन्। प्रिमियरको अघिल्लो दिन रेखा कार्यक्रमका सिलसिलामा कतार पुगेकी थिइन्। आफ्नो निर्माणमा आफू एक्लै नायिका भएको उनको यो चौथो चलचित्र हो। लगातार तीनवटा चलचित्र व्यावसायिक सफल दरिएपछि उत्साहित रेखाले चौथो चलचित्रमा पनि आफ्नो ग्ल्यामरस इमेज कायम राखेकी छिन्।

**'हिफाजत'को प्रिमियर शोलाई माया मारेर कतार जानु कत्तिको उचित छ ?**

म चाहन्थेँ, प्रिमियर शोमा यतै रहूँ। यतिबेला चलचित्रको पब्लिसिटीमा मेरो आवश्यकता निकै हुन्छ, तर कतारको कार्यक्रमका लागि पहिले नै एग्रिमेन्ट भएकाले पेसागत हिसाबले पनि आयोजकलाई मैले धोका दिनु हुँदैन भनेर केही दिनका लागि कतार जाँदैछु। अवश्य पनि प्रिमियरमा मेरो खोजी हुन्छ, तर सबैसँग म 'सरी' भन्छु।

**तपाईं जानुभन्दा अघि नै प्रिमियर शो राख्न सकिँदैनथ्यो त ?**

हिफाजत चैत २७ गतेदेखि सार्वजनिक गर्ने कुरा पहिल्यै तय थियो। धेरै दिनअघि प्रिमियर शो गर्दा चर्चा भए सेलाउने डर पनि त हुन्छ। सबै व्यवस्था निर्माता श्रीमान् छवि ओझाले मिलाउनुभएकाले त्यही अनुरूप प्रिमियर शो राखिएको हो।

**'हिफाजत'ले तपाईंका पहिलेका तीन चलचित्रभन्दा बढी व्यवसाय गर्ने आधार के छ ?**

यसमा अहिले नाम चलेका नायक आर्यन सिग्देलको स्वाभाविक अभिनय छ। यसैबाट नयाँ एक्सन नायक आयुष रिजालको आगमन भएको छ। महेश खड्काको संगीतका गीतहरू पहिले नै चर्चित भैसकेका छन्। विष्णु कल्पितको स्तरीय छायांकन, नीर शाह, विजय देउजा, कमलकृष्ण, विष्णु सापकोटा आदि नाम कहलिएका कलाकारहरूको सुहाउँदो भूमिकाबाहेक यो चलचित्र निर्माणमा हामीले कुनै कम्प्रोमाइज गरेका छैनौं। चलचित्रमा राजेन्द्र खड्गीको एक्सन निर्देशनले दर्शकलाई उत्तेजित बनाउँछ भने निर्देशक ज्ञानेन्द्र देउजाको निर्देशनले चलचित्र हेरुन्जेल दर्शकलाई कुर्सीमा बाँधेर राख्छ।

**तपाईंले फरक के गर्नुभएको छ यसमा ?**

म अत्याधुनिक सहरिया युवती बनेकी छु। त्यसमा पनि योभन्दा अघि मैले गरेका स्टन्टहरू दर्शकले मन पराउनुभएकाले यसमा मैले त्योभन्दा पनि डरलाग्दो स्टन्ट गरेकी छु। पुलबाट हाम फाल्ने, झरनामा झुन्डिने, कलेजको बिल्डिङको छतबाट पाइपको सहारामा झर्नेजस्ता जोखिमपूर्ण स्टन्ट गरेकी छु। त्यसमाथि मैले यसमा आफूलाई बोल्ड तरिकाबाट प्रस्तुत गरेकी छु।

**अब तपाईंका योजना के-के छन् ?**

काम त कति छन् कति ! तर म फर्किएपछि यो चलचित्र चलेका नेपालभरिका हल घुम्छु र दर्शकहरूसँग प्रत्यक्ष प्रतिक्रिया लिन्छु।

● सानो पर्दा ●

# चर्चा टेली एवार्डको

काठमाडौं- कथा, पटकथा, संवाद, अभिनेता एवं निर्देशन गरी हास्यकलाकार दीपकराज गिरी पाँचवटा विधामा मनोनयन भएका छन्। केदार घिमिरे 'माग्नेबूढा' र सीताराम कट्टेल 'धुर्मुस' पनि चार-चारवटा विधामा मनोनयन भएका छन्। जितु नेपाल र शिवहरि पौडेल क्रमशः तीन र चार विधाको मनोनयनमा परेका छन्। टेलिभिजन कलाकर्मी मञ्च र मिडिया हबले आउँदो वैशाख ३० गते काठमाडौंको होटल सोल्टी क्राउन प्लाजामा आयोजना गर्ने 'टाफन टेलि एवार्ड ०६७'का सम्पूर्ण मनोनयन सूची सार्वजनिक भएको छ। हास्य, सामाजिक जनचेतनामूलक, म्युजिक भिडियो तथा प्रकाश र श्रृंगार गरेर चार विधामा उक्त एवार्ड प्रदान गर्न लागिएको टेलिभिजन कलाकर्मी मञ्चका अध्यक्ष कृष्ण ढुंगानाले बताए। विभिन्न नेपाली टेलिभिजन च्यानलमा ०६०देखि ०६५सम्म प्रसारण भएका टेलिश्रृंखला तथा म्युजिक भिडियोहरूमध्ये हरेक विधामा उत्कृष्ट पाँचको छनौट गरी मनोनयन सूची सार्वजनिक गरिएको ढुंगानाले बताए।

### हास्य टेलिश्रृंखला

यो विधाअन्तर्गत कुल १२ वटा एवार्ड वितरण हुँदैछ, जसमा कथा, पटकथा, संवाद, अभिनेता, अभिनेत्री, सह-अभिनेता, सह-अभिनेत्री, बालकलाकार, सम्पादन, छायांकन, निर्देशन एवं श्रृंखलालाई विधागत प्रतिस्पर्धा गराई सर्वोत्कृष्टलाई एवार्ड प्रदान गरिनेछ। हास्यटेलिश्रृंखलामा यहाँको चलन, तीतो सत्य, जीरे खुर्सानी, कलेज तथा घरभेटी बा उत्कृष्ट पाँचमा मनोनयन भएका छन्।

### जनचेतनामूलक श्रृंखला

कथा, पटकथा, संवाद, अभिनेता, अभिनेत्री, सह-अभिनेता, सह-अभिनेत्री, बालकलाकार, सम्पादन, छायांकन, निर्देशन र श्रृंखला गरी हास्य टेलिश्रृंखला झैं यो विधामा पनि कुल १२ वटा एवार्ड प्रदान गरिँदैछ। यो विधामा नेपाल टेलिभिजनबाटै प्रसारित श्रृंखलाहरूको बाहुल्यता छ। विशेषगरी गहना, दलन, करुणा, साल्गीको बलात्कृत आँसु र पुष्पाञ्जली उत्कृष्ट पाँचमा परेका छन् भने जानकी, दुई थोपा आँसु, जिन्दगी आदि श्रृंखला अन्य विधाको मनोनयनमा परेका छन्।



### म्युजिक भिडियो

म्युजिक भिडियोलाई पप तथा आधुनिक एवं लोकगीत गरी दुई भागमा विभाजन गरी चार-चारवटा विधामा एवार्ड वितरण गरिँदैछ। पप तथा आधुनिकमा संगीता श्रेष्ठ (जहाँ भ्रामर छ), आलोक नेम्वाङ (मूल हौ भने रसाइदेऊ र थाप न थाप), जनकदीप (आँखाको नानी) तथा भूषण दाहाल (सा कर्णाली) मनोनीत निर्देशक हुन्। लोकगीतमा प्रकाश भट्ट (तिमीलाई पछ्तो), मधुर बस्नेत (भरिया दाइ र आमाको आशीर्वाद) तथा शंकर बिसी (सुपारी चाम्रो र लालुपाते नुह्यो) मनोनयनमा परेका भिडियो निर्देशक हुन्। यसका अतिरिक्त दुवै विधामा उत्कृष्ट भिडियो, पुरुष तथा महिला मोडल पनि मनोनीत भएका छन्।

### विवाद र विरोध पनि

हास्यटेलिश्रृंखलाबाट कुल आठवटा विधामा मनोनीत 'मेरी बास्सै'ले टेलि एवार्ड बहिष्कार गर्ने बताएको छ। उत्कृष्ट श्रृंखला र निर्देशन विधाका अतिरिक्त हास्य अभिनेत्री विधामा उक्त श्रृंखलाकी अभिनेत्री कुञ्जना घिमिरे 'सुन्तु' नपरेको तथा उत्कृष्ट हास्य श्रृंखलामा मेरी बास्सैलाई नराखिएको निर्देशकद्वय सीताराम कट्टेल र केदार घिमिरेको गुनासो छ। मनोनयनमा धाँधली भएको आरोप उनीहरूको छ।

50% OFF
in Cook/waiter/waitress/Barman/Coffee Making/ Housekeeping
For SLC Students
& 25% Discount to others
STVEN
School of Technical & Vocational Education Nepal
Contact:
Tel: 4001526
Lazimpat, Kathmandu

Study in JAPAN
Now applying for October Session 2010
✓ Minimum qualification +2 Passed
✓ No application fee, No. age bar for JLPT, NAT, Bachelor Passed
✓ Ryugaku Visa, 28 hours Part time Job Authority.
Seminar : 18th April, Kobe,
24th, 27th, April Fukuoka
ようこそクマリ日本語学校へ
Contact
Kumari Japanese Language School
New Baneshwor-10, Post Box: 24013
Phone: 01-4476500, www.kumarischool.com.np

प्राईभेट Test / S.L.C.
विगत ८ बर्ष देखि निरन्तर Private Test/S.L.C. मा 100% विद्यार्थी पास गराउन सफल एक मात्र Institute मा २०६७ सालको लागि नयाँ भर्ना खुल्यो।
हाम्रा विशेषताहरू:
अनुभवी तथा दक्ष शिक्षक-शिक्षिकाद्वारा पढाइने।
अग्रेजी र नेपाली दुवै माध्यमबाट पढाइने।
कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षाको व्यवस्था गरिने।
Weekly तथा Terminal परिक्षा लिइने।
पुस्तकालय र प्रयोगशालाको व्यवस्था।
Audio तथा Visual को व्यवस्था।
जेहेन्दार तथा गरिब विद्यार्थीका लागि छात्रवृतिको व्यवस्था।
शुरूमा भर्ना हुने १५ विद्यार्थीहरुका लागि विशेष छुटको व्यवस्था।
Model Educational Institute
बागबजार (P.K. Campus को गेट अगाडी), Tel: 4-218146

उद्घोषण
विद्यार्थीलाई विशेष छुट
RJ VJ MC
★ व्यक्तित्व तथा नेतृत्व विकास
★ मञ्चीय उद्घोषण
★ रेडियो तथा टिभी उद्घोषण
★ पत्रकारिता
★ प्राविधिक ज्ञानका साथमा
प्रशस्त अवसर !!!
Janas Media
Koteshwor, 01-2141246, 9841457750, 9849267194

प्राईभेट
Regular Test/SLC - 2067
भर्ना खुल्यो
Test ग्यारेन्टी
८ पास ९ ,१० Test/SLC फेल भएका, उमेर नाधेका, जागिरे गर्दै....
विगत वर्षहरुमा 100% पास गराउँन सफल
माध्यमः नेपाली/अंग्रेजी समयः बिहान/दिउँसो
६ महिनामै कक्षा ८
५,६,७,८ पढ्दा पढ्दै बिचैमा पढाई छाडेका महिला तथा पुरुषहरुको लागी कक्षा ९ नपढी सिधैं Test / SLC दिन पाइने।
बाइरन एकेडेमी
बनस्थली चोक
४३६४८८८,९८४१७०००८७

"विगत वर्षहरुको गहिरो अनुभव र हाम्रो सफलता"
प्राइभेट
TEST/SLC–067
कक्षा-१०मा भर्ना खुल्यो !
कक्षा ८ पास, भर्खरै 9/Test फेल भएका तथा SLC फेल भएर निराश भई बसेका तथा अवसर खोजी गर्दै अध्ययन निरन्तर गर्न चाहनेहरूका लागि सूवर्ण अवसर ... !
हाम्रा विशेषताहरू
▸▸ अनुभवि तथा दक्ष शिक्षक-शिक्षिका
▸▸ निःशुल्क शैक्षिक सामग्री
▸▸ उचित शैक्षिक परामर्श तथा प्रोत्साहन
▸▸ कमजोर विद्यार्थीहरूको लागि निःशुल्क छुट्टै कक्षाको व्यवस्था
▸▸ Weekly, Monthly र Terminal परीक्षा तथा पृष्ठपोषण
▸▸ उत्पीडित वर्ग, गरिब तथा जेहेन्दार विद्यार्थीहरूको लागि विशेष छात्रवृत्ति प्याकेज,
▸▸ विगत वर्षहरूमा १००% विद्यार्थीहरू पास गराउन सफल ।
भर्खरै SLC दिएर बसेका विद्यार्थीहरूलाई English Language र Computer Training मा विशेष छुट, सिट सिमित छ ।
कक्षा समय: बिहानी/ दिवा
जि.शि.का. तथा EIA नेपालद्धारा मान्यता प्राप्त
विस्तृत जानकारीका लागि :
नववुद्ध OPEN SCHOOL
चाबहिल
४४७५३००/०१६२१२३५७
(चावहिल चोकदेखि गणेशथान जाने बाटो)
शोभाभगवती, ढल्कुचोक
४२५०५३३, ९८४९१६९०६७
(इन्द्रेणी मन्दिरको अगाडि)

# खुश्बु न्यौपाने

सन् २००९ मा अमेरिकामा सम्पन्न एउटा ब्युटी कन्टेस्टमा सहभागी हुनुअघि खुश्बुले कम समयमै ठूलो ख्याति हासिल गर्छु भनेर सोचेकी थिइनन् । द एसोसिएसन अफ नेप्लिज इन अमेरिकाज (एएनए) ले क्यालिफोर्नियामा आयोजना गरेको 'मिस भोग एएनए– २००९' मा उपाधि जितेपछि खुश्बु अमेरिकामा बसोबास गरिरहेका लाखौं नेपालीमाझ एकाएक सेलिब्रेटी बनिन् । विदेशी भूमिका आयोजित प्रतियोगितामा विजयी बनेदेखि नै खुश्बु नेपाल-अमेरिका गरिरहने चलचित्र अभिनेता रेश मरहट्टाको नजरमा परेकी थिइन् । यता नेपालमा निर्देशक श्याम भट्टराई आफ्नो नयाँ चलचित्र 'च्यालेन्ज' का लागि नयाँ नायिकाको खोजीमा थिए । फलस्वरूप उनी विगत एक महिनादेखि काठमाडौंमा छिन् ।

५ फिट ५ इन्च अग्ली क्यालिफोर्नियाकी स्थायी बासिन्दा खुश्बु बीबीएस दोस्रो वर्षकी छात्रा हुन् । १९ वर्षीया खुश्बु करिब ११ वर्षको उमेरमा अमेरिका गएपछि पहिलो पटक स्वदेश फर्किएको बताउँछिन् । 'च्यालेन्ज' का चार जना मुख्य कलाकारमध्येकी एक खुश्बुले चलचित्रको आफ्नो भूमिकाका बारेमा भने अहिले नै भन्न नमिल्ने बताइन् । अंग्रेजी मिसिएको लवजमा उनी भन्छिन्– 'अहिले सेक्रेट नै राख्ने कुरा भएको छ ।' किशोरावस्था अमेरिकामा बिताए पनि सारी खुश्बुलाई सबैभन्दा मनपर्ने पहिरन हो । मिस एएनएमा मिस फोटोजेनिकको उपाधिसमेत जितेकी खुश्बुसंग उनको सुन्दरताका बारेमा गरिएको जिज्ञासामा उनले प्रतिप्रश्न गर्दै भनिन् – 'आफूले आफैंलाई कसरी राम्री छु भन्ने, बरू तपाईंलाई चाहि कस्ती लाग्यो ?'

– कृष्ण भट्टराई









सर्वाधिक बिक्री हुने
साप्ताहिक
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सबैको लागि सम्पूर्ण पत्रिका
तस्बिर : साइबरसंसार डटकम/मो. शाहनबाज
● पहिरन : Cactus, तुलाधर प्लाजा, न्युरोड ● श्रृंगार : इन्द्र श्रेष्ठ

# वर्ष २०६६ का हिट मोडलहरू







वर्ष २०६६ को मोडलिङवृत्तमा नाम कमाएका अधिकांश मोडलले ठूलो पर्दामा अभिनय गर्न भ्याएको देखिन्छ । यस दृष्टिले नेपाली चलचित्रमा प्रवेश गर्न मोडलिङ एउटा भरपर्दो माध्यमका रूपमा विकसित भएको मान्न सकिन्छ । यस वर्षको मोडलिङ वृत्तमा निशा अधिकारी, नम्रता श्रेष्ठ, विनिता बराल, ऋचा शर्मा, पूजा लामा, हेमा श्रेष्ठ, कल्पना श्रेष्ठ, सृष्टि श्रेष्ठ, आयुषी शाह, उमा थापा, विनय श्रेष्ठ, राज घिमिरे, सविन श्रेष्ठ आदि स्थापित नामको सक्रियता र चर्चाले निरन्तरता पायो । सृष्टि श्रेष्ठ, आयुषी शाह, उमा थापा, विकास खतिवडा, प्रवीण श्रेष्ठ, मन्चिन शाक्य राजधानीमा सम्पन्न उत्कृष्ट फेसन शोका आकर्षण बन्ने क्रम कायमै रह्यो ।

भ्यासलिन गर्लका रूपमा आफ्नो छाप छोड्न सफल प्रज्ञा पोखरेल मूलतः विज्ञापन मोडलिङमा बढी सक्रिय रहिन् । उनी यसपटक आल्पाइन डेरी ह्वाइटनर, निभिया, वाईवाई चाउचाउ, आर.के. ज्वेलर्स, युएफओलगायतका ब्रान्डको टेलिभिजन विज्ञापन, होर्डिङ तथा पपेर एड्मा देखा परिन् । विज्ञापन मोडलिङमै चम्किएकी अर्की मोडल हुन् सहाना बज्राचार्य । मिस नेपाल २००८ को प्रतिस्पर्धी सहानाले डाबर स्पेसल लाइट हेयर ओइल, स्प्राइटजस्ता ब्रान्डको टेलिभिजन र पेपर विज्ञापनमा दह्रो उपस्थिति जनाइन् । सहाना पछिल्लो समयमा इमेज च्यानलमा महिलासम्बन्धी कार्यक्रम युगान्तरकी सञ्चालिका बनेकी छिन् । मिस नेपाल– २००८ का अर्का प्रतिस्पर्धी एजिला गिरी पनि विज्ञापन मोडलिङमा छाइन् । उनी सिजी ब्रान्डको उत्पादन, नानो चाउचाउ तथा मेन्स एक्टिभको टेलिभिजन विज्ञानपनमा देखा परिन् । गायक रामभक्त जोजोजुको 'जहाँ भँवर छ....' गीतको भिडियोले एलिजालाई थप परिचित गरायो । उनी एनटिभीको छमछमी कार्यक्रमकी प्रस्तोता पनि बनिन् । मोडल मनिता मानन्धरले फेजर बाइकको होर्डिङ तथा पेपर विज्ञापनमा राम्रो उपस्थिति जनाइन् । साइवर संसारमा समेत फिचर भएकी मनिताले यसबीच दर्नाल तुलाधरको 'बीचै नदीमा...', अनिता मोक्तानको 'कति मन...' नव क्रिसको 'श्रृंगारको झरना...' गीतका भिडियोमा अभिनय गरिन् ।

मोडल ऋचा शर्माको सक्रियता म्युजिक भिडियो एवं विज्ञापन मोडलिङमा देखियो । इमेज च्यानलकी कार्यक्रम प्रस्तोता शर्मा निर्देशक सिमोस सुनवारको चलचित्र 'फस्ट लव' मा नायिका बनिन् । अभिनयको निरन्तरताका क्रममा ऋचा निर्देशक सुदर्शन थापाको दोस्रो चलचित्रमा पनि नायिका बनेकी छिन् । कान्तिपुर टेलिभिजनको भविष्य दर्पण कार्यक्रमकी सञ्चालिका सिम्पल खनालको मोडलिङ करियर पनि यस वर्ष चुलिएको अनुभव गरियो । सिम्पल यस पटक हाउजिङ कम्पनी, बैंक, किस्ट रेमिट आदिको टेलिभिजन विज्ञापनमा देखा परिन् । आधा दर्जनभन्दा बढी म्युजिक भिडियोमा पनि उनको उपस्थिति रह्यो । साइबर संसारमा समेत फिचर भएकी सिम्पलले नारी मासिकको फागुन अंकको कभर पेजको शोभा बढाइन् । चलचित्र निर्देशक बद्री अधिकारीकी छोरी मोडल डेकी अधिकारीको मोडलिङ करियरले पनि वर्ष २०६६ मा राम्रो गति लियो । डेकीलाई यसपटक प्रशान्त तामाङको 'मन साइली...', अञ्जु पन्तको 'वनमा फुल्यो फूलै फूल...', हेमन्त शर्माको 'नाच नाच...' गीतको भिडियोले बढी लोकप्रियता दिलायो । यस बाहेक उनी निर्देशक प्रसन्न पौडेलको चलचित्र 'स्वर'को नायिका बन्न भ्याइन् ।

त्यसो त दृश्य मोडलिङको तुलनामा र्‍याम्प मोडलिङले व्यावसायिक दृष्टिकोणबाट उल्लेख्य उपलब्धि हासिल गर्न नसकेको यथार्थ छ, तथापि र्‍याम्प मोडलिङ, मोडलिङका अन्य विधाका क्षेत्रको जेठो मोडलिङ एजेन्सीका रूपमा परिचित द र्‍याम्प मोडलिङ एजेन्सीबाट प्रशिक्षित अधिकांश मोडलको करियरले यस वर्ष उकालो चढेको अनुभव गरियो, जसमध्ये महिला मोडलतर्फ ऋचा कार्की, प्रतिमा गिरी, बेनिशा हमाल, सञ्जु परियारजस्ता नयाँ अनुहारले राम्रो उपस्थिति जनाए । गर्भनिरोधक चक्की इकोनको टेलिभिजन तथा होर्डिङ विज्ञापन, भर्जिन मोबाइल, सामसुङ, कोकजस्ता ब्रान्डको विज्ञापनमा पनि फिचर भएकी ऋचा कार्कीले फेसन सप्ताह, ब्राइडल मेकअप कम्पिटिसन, आईएनआईएफडी फेसनोभाजस्ता उत्कृष्ट फेसन शोमा क्याटवाक गरिन् । ऋचाको मोडलिङ करियरमा केही म्युजिक भिडियो समावेश भए । केही म्युजिक भिडियो एवं उल्लेखित फेसन शोमा क्याटवाक गरेसँगै प्रतिमा गिरीको मोडलिङ करियरको उडानमा सिजी उत्पादन, पेप्सोडेन्टजस्ता ब्रान्डको विज्ञापनमा पनि समेटियो । उनको सुन्दरता नेपाली गार्मेन्टको इन्टरनेसनल क्याटलगमा समेत फिचर भयो । द र्‍याम्पबाट मोडलिङमा प्रशिक्षित सञ्जु परियारले एकाध म्युजिक भिडियो टेलिभिजन विज्ञापन हुँदै कान्तिपुर टेलिभिनजको श्रृंखला 'घरबेटी बा' बाट आफ्नो अभियनयात्रा अघि बढाइन् । साप्ताहिकको मध्यपृष्ठमा पनि फिचर भएकी सञ्जुले ठूलो पर्दाको चलचित्र 'भूल भए माफ गर' मा नायिकाका रूपमा छलाङ मार्न भ्याइन् । वर्ष २०६६ मा राजधानीमा सम्पन्न उत्कृष्ट फेसन शोहरूमा क्याटवाक गरी मोडलिङ करियरमा अघि बढेकी विनिशा हमाललाई यमयम चाउचाउको टेलिभिजन तथा पेपर र होर्डिङ विज्ञापनले विशेष चर्चा दिलायो । यसबाहेक उनी चलचित्र 'स्वर' मार्फत नेपाली रजतपटमा प्रवेश गरिन् । नायिकाकै रूपमा ऋचासिंह ठकुरी, बबिता लिम्बु, कल्पना शाह, अनुष्का ढकाल, सुनिता गन्धर्व, एत्ना कार्की, ममता प्रधानजस्ता मोडलहरू नेपाली चलचित्रमा प्रवेश गरे ।

पुरुष मोडलहरूमा पनि म्युजिक भिडियोहरूमा नायक बनेका अधिकांश मोडलले चलचित्रको पर्दामा नायककै रूपमा आफूलाई सफलतापूर्वक पदार्पण गर्न भ्याए । म्युजिक भिडियो र विज्ञापन मोडलिङमा राम्रो उपस्थिति जनाउँदै आएका विनय श्रेष्ठ यसपटक पनि म्युजिक भिडियो मोडलिङमा सक्रिय रहे । सिमोस सुनुवारको 'फस्ट लव' बाहेक सुर्दशन थापाको दोस्रो चलचित्रमा पनि नायक बनेका छन्, विनय । म्युजिक भिडियो एवं विज्ञापन मोडलिङमा व्यस्त विमलेश अधिकारीको व्यस्तता पनि यस वर्ष कायम रह्यो । उनी यस पटक एपी शेर्पाको 'सम्झनामै....रेशमा र अरुणाको 'आधा तिमी, आधा म..., अजित घिसिङको 'धेरै-धेरै माया...' भिडियोलगायत म्युजिक भिडियोमा फिचर भए । केही विज्ञापनमा पनि विमलेसको उपस्थिति रह्यो । नायिका ऋचा घिमिरेले निर्माण गर्ने चलचित्र 'तुलसी' मा विमलेस नायक हुने भएका छन् । मोडल एसराज अर्थात् सुरज कार्की पनि यस वर्ष मोडलिङ हुँदै चलचित्र 'स्वर'का नायकका रूपमा चम्किए । यमयम चाउचाउको टेलिभिजन र होर्डिङ तथा पेपर विज्ञापनबाट चर्चा बटुलेका सुरजले यस अवधिमा एनटिभी टुमा कलिङ टाइम नामक लाइभ सांगीतिक कार्यक्रमको पनि सञ्चालन गर्न भ्याए । शिव परियारको 'तिम्रै निम्ति...', ओमविक्रम विष्टको 'गाह्रो पऱ्यो...', हेमन्त शर्माको 'नाच नाच...' लगायत करिब आधा दर्जन म्युजिक भिडियोमा उनले अभिनय गरे । फेसन सप्ताह, जर्नी अफ सोलजस्ता उत्कृष्ट फेसन शोहरूमा पनि सुरजले क्याटवाक गरे । उल्लेखित फेसन शोमा क्याटवाक गरेका मोडल दिकपाल कार्कीका लागि पनि वर्ष २०६६ सुखद रह्यो । द र्‍याम्पबाट प्रशिक्षित दिकपाल यस वर्ष मिस्टर काठमाडौं २०६६ का रूपमा त चुनिए नै, साथै उनी क्लोजअप टुथ पेस्ट, नेपाल आइस बियर, डाबर मेनस हेयर ओयल, यमयम चाउचाउ, पञ्चकन्या पाइपलगायत करिब एक दर्जन विभिन्न टेलिभिजन, होर्डिङ र पेपर विज्ञापनमा छाउन सफल भए । दिकपाल यस वर्ष मेडिना जोशीको 'फुर्सद खोइ...', चन्दा घिसिङको 'आउने भए आऊ....', लक्ष्मित राईको 'तिम्रो माया...', आदि गीतका भिडियोमा पनि देखा परिन् ।

ड्रिम्स अन लिमिटेडबाट मोडलिङमा अवसर जुराएका तारानाथ भट्टराईको विज्ञापन मोडलिङमा राम्रै उपस्थिति देखियो । उनी पञ्चकन्या स्टिल, मेनज एक्टिभ, आईएलएफसीओ वित्तीय संस्था तथा बागबजार प्लाजाको विज्ञापनमा देखिए । अर्का मोडल अयुब केसीले पनि यस वर्ष राम्रै सफलता आर्जन गरे । रमपम तयारी चाउचाउको टेलिभिजन विज्ञापनसँगै अयुब, रोविन येचुको 'सिमसिमे पानीमा...', अञ्जु पन्तको 'वनमा फुल्यो फूलै फूल....' लगायतका गीतको भिडियोमा नायक बने । अयुवको करियरले यस वर्ष चलचित्रको पर्दा चुम्न सफल भयो । माया यो कस्तो माया, ठेगाना, चाँडै फर्की आऊ है, सडकजस्ता चलचित्रमा नायकका रूपमा फड्को माऱ्यो । मिस्टर राजधानी २००९ को उपाधिसँगै मोडलिङ करियरमा सफलतापूर्वक अघि बढे । हसन खानले पनि यस वर्ष भुवन केसीको 'साथी म तिम्रो', तथा वीरेन्द्र श्रेष्ठको 'मनले मनलाई छुन्छ' चलचित्रमा अभियन गर्ने अवसर जुराएका छन् । गायिका अञ्जु पन्तको 'नबिर्से तिमीलाई...' गीतको म्युजिक भिडियोबाट चर्चा बटुलेका आयुष रिजाल पनि यस वर्ष हिफाजत हुँदै च्यालेञ्ज, सडकजस्ता चलचित्रमा नायक बनेका छन् । यसैगरी म्युजिक भिडियो मोडलिङमा जमेका मुकेश आचार्य, निस्तेज निरौला, सुबोध थापा, अमित पोखरेल, त्रेवेश गिरी आदि मोडलको पाइला यस वर्ष चलचित्रको पर्दातर्फ लम्कियो ।

म्युजिक भिडियो र विज्ञापन मोडलिङमा वरुण राणाले पनि यस वर्ष राम्रो स्थान बनाए । म्युजिक भिडियो मोडलिङमै श्याम अर्यालले राम्रो उपस्थिति जनाए । उनी दर्नाल तुलाधरको 'बीचै नदीमा....' वन क्रिसको 'श्रृंगारको झरना', अन्जु पन्त र दीपक लिम्बुको 'बाटो....', अञ्जु पन्तकै 'मेरो मनको ढुकढुकीमा' आदि भिडियोमा श्यामको उपस्थिति रह्यो । उल्लेखित नामहरूबाहेक किरण लाकौल, दीपर्शण जंग राणा, रञ्जन, सुरज सिंह, सरल पोखरेल, रश्मि शर्मा, दीपा विश्वकर्मा, कृतिका थापा, सन्तोष ओली, चाँदनी लामिछाने, विजेता गिरी, शिखा श्रेष्ठ, स्वस्तिका राजभण्डारी आदिनयाँ पुराना मोडलहरूको व्यस्तता पनि यस वर्ष देखियो ।

**–रोजिन शाक्य**

## भारतीय चलचित्र महोत्सव

नेपाल पर्यटन बोर्डमा वैशाख १ गतेदेखि पाँच दिने हिन्दी चलचित्र महोत्सव भैरहेको छ। हिन्दीमा बनेका नारीप्रधान चलचित्र महोत्सवमा प्रदर्शन गरिएका छन्। महोत्सवमा ११ वटा चलचित्र प्रदर्शन हुनेछन्।

## नयाँ वर्षमा कार्टुन प्रदर्शनी

नयाँ वर्षका अवसरमा भक्तपुर दरबारक्षेत्रमा दुईदिने कार्टुन प्रदर्शनी हुने भएको छ। दामोदर सुवालले तयार पारेका सामाजिक, राजनैतिक गतिविधिप्रति व्यङ्ग्य तथा छेडछाड गरिएका कार्टुन चित्र प्रदर्शन गर्न लागिएको हो।

## वनस्पति तस्बिर प्रदर्शनी

वनस्पतिशास्त्री सञ्जीवकुमार राईले खिचेका वनस्पति तथा प्राकृतिक दृश्यहरू समेटिएको एकल तस्बिर प्रदर्शनी

● लाइभ ●

चैत २९ गते सम्पन्न भएको छ। राईले खिचेका ६० वटा आकर्षक तस्बिर प्रदर्शनीमा राखिएका थिए।

## भृकुटीमण्डपमा घरेलु महोत्सव

नेपालबाट विदेश निर्यात हुने वस्तुहरूमध्ये घरेलु हस्तकला पनि एक हो। नेपालका ७५ जिल्लाका घरेलु उद्योगका गतिविधिका बारेमा आमनेपालीलाई जानकारी गराउने उद्देश्यले २१ औं घरेलु महोत्सव हुन लागेको छ। महोत्सव वैशाख ९ गतेदेखि १३ गतेसम्म भृकुटीमण्डपमा चल्नेछ। कुल १ सय २५ स्टल रहने महोत्सवमा सुगम जिल्लाका दुई स्टल र दुर्गम जिल्लाका एक-एक स्टल रहने आयोजक घरेलु उद्योग विकास समिति त्रिपुरेश्वरले जनाएको छ।

## जनजाति चलचित्रको महोत्सव

नेपालमा पछिल्लो पटक आदिवासी र विभिन्न जातजातिको भाषामा चलचित्र बने पनि तिनले सन्तोषजनक सफलता हासिल गर्न सकेका छैनन्। आदिवासी चलचित्रहरू पनि व्यावसायिक बनाइनुपर्छ भन्ने उद्देश्यले विगत चार वर्षदेखि नेपालमा अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव हुँदै आएको छ। यो महोत्सवअन्तर्गत आगामी जेठमा चलचित्र, वृत्तचित्र र छोटा चलचित्रहरूको प्रदर्शनी गरिनेछ। काठमाडौंको राष्ट्रिय सभागृह तथा नेपाल पर्यटन बोर्डको सभाहलमा सहभागी चलचित्रहरू प्रदर्शन गरिँदैछ।

# हङकङमा नयाँ वर्ष



हङकङ- नव वर्ष प्रारम्भ हुनु तीन दिनअगावै हङकङमा सुरु भएको रौनक वैशाख महिनाभरि चल्नेछ। गत आइतबार मंकी हिलस्थित बीबीक्यूमा आयोजित नाचगानसहितको डान्स पार्टीमा युवाहरूले धीत मर्ने गरी नाच्दै नयाँ वर्षको शुभकामना साटासाट गरे। नेपाली गोर्खा क्लबद्वारा आयोजित कार्यक्रममा फिलिपिनो गायिका एरेन र जेसा सबैको आकर्षणमा रहे। गायिकाद्वयलाई सुन्न हङकङमा कार्यरत फिलिपिनो युवतीहरूको पनि बाक्लो उपस्थिति थियो। नेपाली नयाँ वर्षमा सहभागी फिलिपिनो युवतीहरू नाचगानमा अगाडि देखिए। आइतबारै म्याग्दीवासी नेपालीहरूको संस्था मोना हङकङले समेत छुट्टै शुभकामना समारोहको आयोजना गर्‍यो। कार्यक्रममा सहभागीहरूले नेपाली गीतसंगीतमा नाचगान गर्दै रमाइलो गरे। पर्वत मञ्च हङकङले समेत त्यसै दिन नव वर्षको स्वागतमा उस्तै प्रकृतिको कार्यक्रम सम्पन्न गर्‍यो।

एभरेस्ट च्यारिटीद्वारा पर्सि आइतबार चिम सा चोयस्थित काउलुन पियाजामा आयोजना हुने कार्यक्रममा गायिका अञ्जु पन्तले गाउनेछिन्। गायिका पन्तको हङकङमा यो पहिलो एकल प्रस्तुति हो। सुशील थापामगरको हास्यप्रस्तुति रहने उक्त कार्यक्रमकी उद्घोषक पछिल्ली ट्यालेन्ट हन्टकी विजेता अञ्जु घिसिङ हुन्।

सोही दिन साँझ याउ मा तेइस्थित हेनरी जी ल्योङ हलमा दोस्रो नेपाली डान्स आइडल उपाधिका लागि अन्तिम छनौटमा परेका प्रतिस्पर्धीहरूबीच प्रतिस्पर्धा हुँदैछ। विजेताले क्रमशः ५१, ३१ र २१ सय हङकङ डलरसहित ट्रफी हात पार्नेछन्। कार्यक्रम सुदूर पूर्वी प्रवासी नेपाली संघको आयोजकत्वमा हुँदैछ। वैशाख १८ मा आयोजना हुने पोखरा मेगा लाइभ कन्सर्टमा चर्चित कलाकारहरू कोमल वली, सुगम पोखरेल, सिने गुरुङ, डि-मोर्चा, लेकाली, भेगावोन्ड ब्यान्डका गायक, हास्यकलाकार दीपकराज गिरीसहित स्थानीय कलाकारहरूको प्रस्तुति पनि रहनेछन्।

**–निर्मल श्रेष्ठ**

# अनिल, विजय र डम्बरले नचाए इटहरी



इटहरी– नव वर्षको अगमनसँगै सहरहरूमा लाइभ कन्सर्टहरू हुन थालेका छन्। विरलै लाइभ कन्सर्ट हुने इटहरीमा शनिबार अनिल सिंह, विजय लामा, डम्बर नेपालीले इटहरीका युवा-युवतीलाई बेस्सरी नचाए। 'आइ लभ यू .....' भन्दै अनिल मञ्चमा उक्लँदा मञ्चअगाडिको ठूलो भीडबाट निकै बेर तालीको गड्गडाहट सुनियो। युवा परिवेश सुहाउँदो गीत गाउने अनिलले आईलभयू...., प्रेमपत्र ......., इन्जिन गाडीमा......, भन भन भन भन.......जस्ता आधा दर्जन गीत गाए।

नव वर्षको अवसर पारेर इटहरी आइतबारेको द योङ्ग ब्रदर्श क्लबले आयोजना गरेको लाइभ कन्सर्टमा अनिलले मात्र नचाएनन्, युवा युवतीलाई नखानु पानी तोम्बाको.... भन्दै विजय लामाले सचेत पनि गराए। लामाले सुनको चुरा.... र ए कान्छी ... गीत गाउदा मञ्चअगाडि बसेकाहरू उठेर नाचेका थिए। विजयको गीतमा नाचेका इटहरीका युवा-युवती डम्बर नेपालीको गीतमा भने भावुक भए। डम्बरले भेट्न मन लाग्छ तिमीलाई......... आज आकाशमा एउटा तारा देखिनँ......, तर अन्तिमपल्ट भेट्न आऊ गीत प्रस्तुत गरे। विजय सोडा र हाकिमले ऱ्याप गीत गाए। धरानको सिमोन र देव श्री डान्स सेन्टरको आर्कषक नृत्यबाट कन्सर्टमा सहभागीहरूले पर्याप्त मनोरञ्जन लिए। कन्सर्टमा इटहरी र तरहराका आधा दर्जनभन्दा बढी ब्याडको प्रस्तुति पनि कम थिएन।

**–शेखर ढकाल**



# पर्यटन वर्षको शुभारम्भले पोखरा घन्कियो

पोखरा- पर्यटन वर्षको शुभारम्भले पोखरा घन्कियो । पश्चिमाञ्चलका झाँकीहरू एकसाथ पोखरा भित्रिए । आर्थिक उन्नतिका लागि पर्यटन प्रवर्द्धन गर्न पर्यटन वर्षको शुभारम्भले स्थानीय पर्यटन व्यवसायीसमेत उत्साही देखिन्थे । पोखरा आसपासमा प्रचलित सांस्कृतिक झाँकीहरूले पोखराको वातावरण संगीतमय बन्न पुगेको थियो । पर्यटन वर्ष २०११ को पश्चिम क्षेत्रीय शुभारम्भ समारोह समितिले सबै उमेर सबै तह र तप्काका नागरिक तथा संघ-संस्थाका प्रतिनिधिहरूलाई रंगशालामा उतारेको थियो । सबैले राष्ट्रिय झन्डा फर्फराउँदै पर्यटन वर्षको शुभारम्भ कार्यक्रममा ऐक्यबद्धता जनाएका थिए ।

जिल्लाबाट आउने प्रतिनिधिमूलक टोलीबाहेक कार्यक्रममा ४ सय ३५ समूहले सहभागिता जनाएको आयोजक समितिका संयोजक विप्लव पौडेलले जानकारी दिए । गोरखा जिल्लाबाट पृथ्वीनारायण शाहका सिपाहीहरू गोर्खाली पल्टन जस्तो ऐतिहासिक पक्षदेखि विभिन्न जातजाति, समुदायको सांस्कृति झलक तथा आधुनिक संगीतको प्रदर्शनी गर्दै लुम्बिनीबाट ल्याइएको शान्तिको दीप प्रज्वलन गरी यस क्षेत्रमा पर्यटन वर्षको शुभारम्भ गरिएको थियो ।

पोखराको राष्ट्र बैंक, अमरसिंहचोक, हल्लनचोक र बीपीचोक चार ठाउँमा भेला भएर झाँकीसहितको र्‍याली पोखरा रंगशाला पुगेर समारोहमा परिणत भएको थियो । उक्त अवसरमा



विभिन्न राजनैतिक दल तथा सम्बद्ध संगठनहरूले बन्द-हड्ताल नगर्ने प्रतिबद्धताको घोषणासमेत गरे ।

**अलिमिया लोकताराले**

पर्यटन वर्षको शुभराम्भसँगै पहेंला टिसर्टमा सजिएका युवायुवतीले पोखरा रंगशाला घन्काएका थिए । टन्टलापुर घाममा हूलका हूल दर्शक गीतको मादकतामा झुमिरहेका देखिन्थे । पपगीतको कन्सर्टमा झुम्ने पोखरेलीहरूलाई यसपटक भिन्न संगीतको अनुभूति मिलेको थियो ।

स्थानिय रेडियो अन्नपूर्णले स्वर्गीय लोककवि अलिमियाको नाममा गत वर्षदेखि सञ्चालन गर्दै आएको अलिमिया लोकताराका उत्कृष्ठ १० मा पुगेका प्रतिस्पर्धीहरूको लोककन्सर्टले पश्चिमाञ्चलबाट भेला भएका हजारौं दर्शकलाई मनोरञ्जन प्रदान गर्‍यो । अघिल्लो संस्करणमा लोकतारा बनेकी स्मृति पुनले गीत प्रस्तुत गर्दा रंगशालाको वातावरण अर्कै भएको थियो ।

प्रतियोगिताबाट उत्कृष्ट सातको समेत छनौट भैसकेको छ । गोरखाका जीवन गुरुङ, कास्कीका बुद्धिबहादुर थापा, स्याङ्जाका शिवकुमार गुरुङ, कास्कीका आयुष परियार, बाग्लुङकी ज्योति लोहनी, कास्कीका रामजी पौडेल तथा म्याग्दीकी सुशीला विकले अब उत्कृष्ट ६ का लागि प्रतिस्पर्धा गरिरहेका छन् । प्रतियोगितामा विजेताले १ लाख नगद हात पार्नेछन् ।

अलिमिया ताराका प्रतिस्पर्धीहरूको वैशाख २ गते विष्णुपादुका क्लबको सहकार्यमा हेम्जामा, वैशाख ४ गते ब्वाइज क्लबको सहकार्यमा अम्मरसिंहचोकमा, वैशाख ६ गते आदर्श क्लबको सहकार्यमा लामाचौरमा, वैशाख ८ गते पार्दी तमु समाजको सहकार्यमा तमु ह्यूला चोक विरौटामा तथा वैशाख १० गते सिद्धार्थ क्लबको सहकार्यमा चिप्लेढुंगामा कन्सर्ट हुनेछ ।

**लेकसाइडमा फेवा महोत्सव**

यो वर्ष फेवा महोत्सवमा दर्शक ओइरिए । लेकसाइडस्थित क्याम्पिडचोकमा सम्पन्न महोत्सवमा दर्शकको ओइरोले खुट्टा टेक्ने ठाउँसमेत थिएन । नयाँ वर्षा मनाउन पोखरा आउनेहरूको चापले फेवा महोत्सवमा रंग थप्यो । अघिल्लो वर्ष जम्मा १ लाखले महोत्सव अवलोकन गरेका थिए । यस पटक त्यो संख्या बढेको दाबी गरिंदैछ । महोत्सव अवधिभर पाहुनाहरूलाई होटलमा कोठा पुर्‍याउन हम्मे-हम्मे पर्‍यो ।

महोत्सवमा रमाइला सांगीतिक कार्यक्रमहरूले दर्शकको मन जित्यो । विशेष गरी दोहोरी गीत प्रतियोगिताले दर्शकहरूको ध्यान खिच्यो, दोहोरी गीत प्रतियोगिताका संयोजक प्रजापति पराजुलीले भने- 'दोहोरी हेर्न आसपासका गाउँबाट दर्शकहरू निकै ओइरिए । दोहोरीमा पश्चिमाञ्चल क्षेत्रका दोहोरी गायन टोलीले प्रतिस्पर्धा गरेका थिए ।

महोत्सवमा जलकुम्भी झार फाल्ने प्रतियोगिता, डुङ्गा दौड, पर्यटकीय दौडजस्ता प्रतिस्पर्धा पनि समावेश गरिएका थिए । त्यस्तै पपसंगीतका पारखीहरूलाई राजधानीदेखि आएका कलाकार एवं स्थानीय कलाकारहरूले नचाएका थिए । पेट मिचेर हँसाउने कलाकारहरूले पनि महोत्सवमा रौनक थपे ।

घरेलु हस्तकलाका सामान, परिकार, बालउद्यानदेखि विविध प्रकारका गरी ४५ वटाभन्दा बढी स्टल राखिएका थिए । महोत्सवमा दर्शकका आ-आफ्ना रुचिका कुरा थिए । बालकदेखि वृद्धसम्मलाई मनोरञ्जन प्रदान गर्ने कार्यक्रमहरू महोत्सवमा समावेश थिए । बालबालिकाहरूलाई छुट्टै मनोरञ्जन दिन बालउद्यानको व्यवस्था थियो ।

५ दिने महोत्सवमा देशका विभिन्न भागबाट आन्तरिक पर्यटकहरूको जमघट रह्यो । महोत्सवकै कारण अहिले लेकसाइडमा चहलपहल बढेको छ । महोत्सवकै लागि आएका पाहुनाहरूले आफ्नो बसाइ लम्ब्याएका छन् ।

**–शिव शर्मा**

# पोखरामा झ्वाँक खोज्दै कोमल वली



पोखरा- टन्टलापुर घामको पनि कुनै प्रवाह नगरी दर्शकहरू दोहोरी गीत सुनिरहेका थिए, तर गर्मीले होला, उनीहरूले कुनै प्रतिक्रिया जनाएका थिएनन् । उद्घोषकले ताली बजाउन भने पनि दर्शकले जाँगर देखाएनन् ।

एक्कासि मञ्चमा देखिइन लोकगायिका कोमल वली । उद्घोषकले वलीलाई आफ्ना कुरा राख्न माइक दिएपछि भने वातावरण एकाएक तात्यो । उनले आमाबाबुलाई सत्सत् प्रणाम, भाइबैनीलाई माया र अन्यलाई नमस्कार गरिन् । अनि 'पोखरेली झ्वाँकझ्वाँक तन्नेरीलाई आई लभ यू के भनेकी थिइन् दर्शक दीर्घामा एकाएक रौनक छायो र तालीको फोहरा पनि छुट्यो ।

यसपालि त साँच्चिकै झ्वाँक तन्नेरी खोजेको लख काटे पोखरेलीले । उनले बलिउडकी नायिका मनीषा कोइरालाले आफूभन्दा सात-आठ वर्ष कान्छो ठिटोसँग विवाह गर्न लागेको उदाहरण दिएपछि भनिन्, 'मनमा आँट भएको, गोजीमा गाँठ भएको कोही छ पोखरेली तन्नेरी ।' दर्शकहरूबाट प्रतिक्रिया आइनसक्दै वलीसँगै नाचिरहेका महोत्सवका अर्थ संकलन उपसमितिका संयोजक भीम पौडेलले म छु भन्दा उनी हल्का मुस्कुराइन् र लजाइन् पनि ।

चैत २९ गतेदेखि सुरु सातौं फेवा नववर्ष महोत्सवमा मंगलबार वलीले प्रस्तुति दिएकी थिइन् ।

**–लालप्रसाद शर्मा**

# हास्यकलाकारले तताए युएईका नेपालीहरूलाई



**खेमनाथ पौडेल**

युएई– सधैं नेपाली टेलिभिजनको पर्दामा देखिने राष्ट्रिय स्तरका चर्चित हास्यकलाकारहरूलाई प्रवासमा आफ्नै अगाडि देख्दा युएईका नेपाली दर्शकहरूले अनौठो मात्र मानेनन्, रमाइलो महसुस गरी पेट मिची-मिची हाँसे । नेपाली युथ सोसाइटीद्वारा गत शुक्रबार युएईको बरदुबईस्थित अष्टोरिया होटलमा सम्पन्न उक्त सांस्कृतिक कार्यक्रममा पहिलो पटक युएई आएका मूलासाग, धुर्मस, सुन्तली तथा माग्ने बूढा मञ्चमा देखा पर्नासाथ भीड अनियन्त्रित बन्न थालेको थियो । हातमा मूला साग लिई सुरुवालको तुना झुन्ड्याउँदै यो के हो भन्दै स्टेजमा जब सुरेन्द्र केसी देखा परे, सबैले ए मुला साग भन्दै उनलाई बोलाउन थाले । उनले समसामाहिक विषयवस्तुका साथमा लोग्नेमान्छे र स्वास्नीमान्छेका विभिन्न स्वभावको ठट्यौली प्रस्तुत गरे ।

सुरेन्द्र केसीले आफ्नै एल्बम मुला सागको सेन्टिमेन्टल गीत सुनाउँदा दर्शकहरू हाँसेनन्, गीतका शब्दका कारण मौनतामा हराए । उनले अर्को पप-लोकगीत पनि गाए । युएईका दर्शकले उनलाई मुला साग मात्र भनेर चिनेका थिए, तर उनको स्वरले उनी हास्यकलाकार मात्र होइन, गायक पनि रहेछन् भन्ने सावित भयो ।

वर दुबई हो कि पीपल दुबई भन्दै मेरी बास्सै टेलिसिरियलकै भेषमा जबस्टेजमा माग्ने बूढा आए, दर्शकहरू उनलाई झम्टनै जाउँलाजस्तो गरी झुम्मिए । उनी नेपालको राजनीतिप्रति तीर हान्दै थिए । धुर्मस र सुन्तली स्टेजमा आएपछि दर्शकहरूको ताली र हाँसोले उनीहरू एकपटक रोक्किए पनि । उनीहरूले करिब ३० मिनेट उपस्थित सबैलाई पेट मिची-मिची हँसाए । उनीहरूले 'बुहारी' शीर्षकको हास्य प्रहसन प्रस्तुत गरेका थिए । उनीहरूको हास्य प्रहसन सकिन नपाउँदै उद्घोषकले कार्यक्रम अन्त्य भएको घोषणा गर्न थालेपछि दर्शकहरू निराश हुँदै हलबाट उठ्न बाध्य भए । साँझ साढे ५ बजे प्रारम्भ भएको उक्त कार्यक्रम रातको ८ नबज्दै समाप्त भयो ।

सांस्कृतिक कार्यक्रममा स्थानीय कलाकारहरू प्रिया लामा, मीना वाइबा, सम्झना थिङ, पूजा लामा, दीपक गुरुङ आदिले विभिन्न भाकाका गीतमा नृत्य प्रस्तुत गरे भने रेखा घिमिरे र राज योग्यले गीत गाए । स्थानिय कलाकारहरूको प्रस्तुतिकै क्रममा उद्घोषकले अनुराग थपलियालाई क्यान्डल नाचका लागि स्टेजमा बोलाए । अन्धकार स्टेजमा उनले मुठीभरि लिएका मोमबत्ती बाले अनि यो माया के हो ? आगो हो कि पानी हो ? भन्दै मोमबत्तीका थोपाहरू शरीरमा चुहाउन थाले । दर्शकहरूले उनको नृत्यको प्रशंसा गरेका थिए ।

## पहिलो महिला डान्सपार्टी

# बन्द हलमा किशोरी र अधबैंसेको जमघट

**सिर्जना आचार्य**

नेपालगन्जकी हेमा आचार्य पहिलो पटक महिला डान्सपार्टीमा धक फुकाएर नाचिन् । सुर्खेत रोडस्थित एउटा रेस्टुराँमा थुप्रै किशोरी र युवतीहरूको जमघट थियो, तर बैंस ओरालो लागेकी ४० वर्षीया आचार्य आफ्ना दुई नानीलाई घरमै छोडेर एक्लै डान्सपार्टीमा आएकी थिइन् । साथमा उनीसँग श्रीमान् पनि थिएनन् । 'छोराछोरीलाई श्रीमान्ले सम्हाल्नुभयो अनि म आएँ,' आचार्यले भनिन्- 'टेलिभिजन र चलचित्रमा महिला डान्सपार्टी देखेकी थिएँ, पहिलो पटक आफैं नाच्न पाउँदा रमाइलो लाग्यो ।'



नयाँ वर्षको उपलक्ष्यमा युवा समूह 'क्लब कन्भर्स'ले नेपालगन्जमा महिलाका लागि मात्र डान्सपार्टीको आयोजना गरेको थियो । पुरुषलाई प्रवेश निधेष गरिएको पार्टीमा आचार्यजस्ता गृहिणी, कामकाजी महिला तथा युवतीहरू एकै थलोमा संगीतको तालमा झुमिरहेका थिए ।

रेस्टुराँमा हुने यस्ता पार्टीमा कहिल्यै सहभागी नभएका महिलाहरू कम्मर मर्काई-मर्काई तालमा झुमिरहेको देख्दा नेपालगन्जलाई पनि आधुनिकतामा डुब्न थालेजस्तो लाग्थ्यो ।।

कार्यक्रमको आयोजक क्लब कन्भर्समा पुरुषबाहेक महिला प्रतिनिधि भने छैनन् ।। महिला र पुरुष दुवैका लागि कार्यक्रम गर्ने योजना बनाएको क्लब कन्भर्सले पुरुष आउने पार्टीमा महिलाहरूले सहभागी हुन नमानेपछि कार्यक्रमको ढाँचा परिवर्तन गरेको हो ।

उक्त तीनघण्टे पार्टीमा करिब १ सय ५० महिला सहभागी भए । 'महिलाको सहभागिताले उत्साह थपेको छ', क्लबका व्यवस्थापक समीर श्रेष्ठले भने- 'यति धेरै महिला आउलान् भन्ने कल्पनै गरेको थिइनँ ।'

# सडक उत्सवको रमझम सकियो

भीषण राई

धरान- धरानमा जारी तीनदिने सडक उत्सव मंगलबार सम्पन्न भएको छ । धरानको पर्यटन विकास गर्न र पर्यटन वर्ष २०११ मनाउन चलेको सडक उत्सव मुख्य सडकमा चैत २९ देखि ३१ सम्म सञ्चालन भएको थियो । होटल एसोसिएसन अफ धरानको आयोजनामा धरानमा सञ्चालन भएको सडक उत्सवमा धरानलगायत प्रदर्शनी अवलोकन किनमेल एवं सांस्कृतिक कार्यक्रममा रमाउन १ लाखभन्दा बढी दर्शक सहभागी भए । उत्सवमा १ करोडभन्दा बढीको कारोबार भएको थियो ।

जातीय पहिचानलाई उजागर गर्न उत्सवमा विभिन्न जातिका परिकारहरू राखिएका थिए । जातीय परिकारमा रमाउनेहरू पनि निकै थिए । बालउद्यान, पिङ आदिमा बालकहरू झुम्मिरहेका थिए । उत्सवमा साइकल दौड प्रतियोगिता, दँध पिउने प्रतियोगिता, केक खाने, वेटर रेस प्रतियोगिता सञ्चालन गरिएका थिए । धरानकै सामाजिक उत्थानका लागि उद्योग व्यापार, शिक्षा, स्वास्थ्य, कला-संस्कृति, पर्यटनजस्ता विविध क्षेत्रको प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यसहित आयोजित सडक उत्सव प्रदर्शनीमा औद्योगिक उत्पादन, खाद्यवस्तु, हस्तकला, घरेलु तथा महिला उद्यम र हात्तीसार कलेजमा अध्ययनरत विद्यार्थीको वैज्ञानिक प्रदर्शनी आदिका स्टल राखिएका थिए ।

उत्सवको अन्तिम दिन स्थानीय डेढ दर्जन कलाकारले आ-आफ्नो प्रस्तुति दिएका थिए । धरानका स्थानीय डान्स सेन्टरको प्रस्तुतिले पनि महोत्सवमा दर्शक तान्न महत्त्वपूर्ण भूमिका खेलेको थियो । कार्यक्रममा गरिमा डान्स सेन्टर, देवश्री डान्स सेन्टर, मुन लाइट डान्स सेन्टर, युनाइटेड मल्टि आर्ट्स तथा उज्ज्वल डान्स सेन्टरले विभिन्न किसिमका नृत्य प्रस्तुत गरेका थिए । सांगीतिक कार्यक्रममा धराने युवाहरूको बिवोइङ प्रस्तुतिले पनि सबैको मन जित्यो ।

**सांगीतिक कार्यक्रम**

साँझ छिप्पिदै गए पछि सडक उत्सवमा घुम्नेहरू धरानको छाताचोकदेखि माथिल्लोपट्टि रहेको पुरानो हस्पिटल खेलमैदानमा भेला भए । आइतबार सडक उत्सवको पहिलो दिन आमन्त्रितहरूका लागि आयोजकले सांगीतिक कार्यक्रम राखेकाले पनि दर्शक उतैतिर जमेका थिए । सांगीतिक कार्यक्रममा सबै उमेर समूहको उपस्थिति उत्तिकै देखिन्थ्यो ।

सांगीतिक कार्यक्रमको सुरुमा जेनिथ स्कुलका स-साना भाइबहिनीहरूले राष्ट्रिय गीत गाए । त्यसपछि भने उनीहरूले विभिन्न जातिको पहिरनमा नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा झाँगड नृत्य, हुर्रा नृत्य, तामाङ सेलो, घुमरा नृत्य, मारुनी नृत्य तथा बिबोइङ प्रस्तुत गरिएको थियो । धरानका स्थानीय गायक रुपेन लामा तथा प्रवीण एन्ड सविनले सोलो गीत प्रस्तुतिले पनि कार्यक्रमको रौनक बढाएको थियो। कार्यक्रममा विभिन्न जनजातिका सांस्कृतिक नृत्य पनि प्रस्तुत गरिएका थिए भने धरानको गरिमा तथा उज्ज्वल डान्स सेन्टरको प्रस्तुति पनि बेजोडको थियो ।



# विराटनगरमा डान्सपार्टी

कमल रिमाल

विराटनगर- पुरानो वर्षको बिदाइ र नयाँ वर्षको स्वागत गर्न भेला भएका युवायुवती साँझ परेदेखि नै संगीतको धुनमा नाच्न थालेका थिए । कृत्रिम धूवाँ, पटाका, फूलझरी र चर्को संगीतका बीच नृत्यमा रमाएको युवा पुस्ता लगातार तीन घण्टाको उफ्राइपछि पनि थाकेको थिएन । गत मंगलबार राति विराटनगरको होटल नमस्कारको परिसरमा आयोजित डान्स पार्टीमा युवा पुस्ताले नयाँ वर्ष आगमनको खुसीयालीमा यसरी रमाइलो गरेका हुन् ।

लामो नचाइपछि पनि नथाकेका युवायुवती कार्यक्रम सकिूदासम्म पनि उफ्रिइरहेका देखिन्थे । उद्घोषकले कार्यक्रम सकिएको जानकारी गराउदा पनि डान्सलाई निरन्तरता दिइरहेको ठूलो समूहको चाहनाअनुसार कार्यक्रम केही लम्बियो । डान्स पार्टीमा प्रवेश निःशुल्क भएकाले पनि टाढा टाढाबाट आएका युवायुवतीको भीड थियो ।

नयाँ वर्षको पूर्वसन्ध्यामा आयोजित 'पेप्सी पार्टी हबी' मा सहभागी हुन आउनेले पेप्सीको खाली बोतल गेटपासका रूपमा दिनुपर्ने हुन्थ्यो । युटन इभेन्ट म्यानेजमेन्टको आयोजनामा विराटनगर, पोखरा र नारायणघाटमा एकैसाथ डान्सपार्टीको आयोजना गरिएको हो । विराटनगरको स्थानीय संयोजनको जिम्मेवारी क्रिएटिभ आईले लिएको थियो । डिजे शिशिरको संगीत संयोजन तथा गायक विजय लामाको गीतसूगै नेपाली, हिन्दी र अंग्रेजी रिमिक्समा युवायुवती रमाएका थिए । गायक लामाले आफ्ना चर्चित पाँचवटा गीतमा चौरभरिका युवायुवतीलाई नचाए ।

# परेवा उडाउने होइन ?



साप्ताहिक समाचार

काठमाडौं- नेपाल परेवा पालक संघले ११ औं परेवा उडान प्रतियोगिता आयोजना गर्ने भएको छ । नववर्षको सुरुवातसँगै वैशाख ४ गते प्रारम्भ हुने प्रतियोगितामा यो वर्ष काठमाडौं, ललितपुर र भक्तपुरका गरी २२ जना परेवापालक सहभागी हुने नेपाल परेवा पालक संघका अध्यक्ष नारायण बहादुर श्रेष्ठले बताए । श्रेष्ठका अनुसार प्रतियोगिता बिहान ६ बजेदेखि साँझ ७ बजेसम्म हुनेछ भने प्रतियोगितामा सहभागी हुन प्रत्येक प्रतियोगीसँग ७ वटा परेवा हुनुपर्नेछ, जसमा ५ परेवाको मात्र उडान समय मान्य हुनेछ भने दुई अतिरिक्त परेवाका रूपमा रहनेछन् ।

परेवा धपाउन प्रतियोगीलाई १० मिनेटको समय दिइएको हुन्छ, जसमा एक घण्टाभन्दा अगावै परेवा ओर्लिएको खण्डमा त्यस्ता परेवा प्रतियोगिताबाट बाहिरिएको मानिन्छ । यदि प्रतियोगिता भएको दिन मौसमको खराबीका कारण वा उडाइएका परेवाहरूलाई बाज, चीलजस्ता मांसाहारी चराहरूले आक्रमण गरे प्रतियोगीले पुनः परेवा उडाउन पाउने व्यवस्था रहेको संघले जनाएको छ ।

उडाइएका ५ वटा परेवाको उडान अवधि गणना गरी सबैभन्दा बढी समय उड्ने परेवाका पालकलाई विजयी घोषित गरिनेछ । प्रतियोगितामा भाग लिने सम्पूर्ण परेवामध्येबाट सबैभन्दा बढी समय उड्ने परेवालाई उत्कृष्ट परेवाको उपाधि प्रदान गरिनेछ । यो वर्ष परेवा प्रतियोगिताका लागि संघले २ लाख रुपैयाँ खर्च गर्नेछ । नेपालमा २०५७ सालदेखि परेवा उडान प्रतियोगिता सुरु भएको हो ।

# वसन्तपुरमा महोत्सव



तेह्रथुम- गुराँसको राजधानी तीनजुरे मिल्के जलजले (टिएमजे) को प्रवेशद्वार वसन्तपुरमा सामुदायिक विकास महोत्सव सम्पन्न भएको छ । नववर्षको पूर्वसन्ध्यामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गरिएको हो ।

महोत्वसमा स्थानीय स्तरमा पाइने कृषि उपजका साथै गाउँघरमा प्रयोग हुने पुराना घरेलु हतियार तथा लोप हुन लागेका सामानहरू प्रदर्शनीमा राखिएको थियो । महोत्सवका क्रममा गाउँलेहरूले ल्याएका हुक्का, तुलो, ठडेउरो, बाँसको भुने, घुर्रो, भारकाठ, दँध चलाउने डाडु, धुपौरो, चनौटो, गुप्ते, भोटे साँचो, काठको बत्ती, बेरुवा साँचो, खडो, तरबार, गारियो आदि वस्तुहरू प्रदर्शन गरिएको थियो ।

महोत्सव अवधिभर स्थानीय स्तरमा प्रचलित लोकगीत, बालन, भजन, सिलोक, खाँडो जगाउने, पञ्चैबाजा, नौमती बाजा, गुरुङ नाच, झाँक्री एवं विजुवा नाच, लिम्बू संस्कृतिको च्याब्रुङ तथा धान नाच प्रस्तुत गरिए । महोत्सव करिब १० हजार दर्शकले अवलोकन गरेको आयोजक समितिका अध्यक्ष देवेन्द्र थापाले बताए ।

-चन्द्र कार्की


व्यूटिसियन तालिममा निशुल्क भर्ना
नेपाल सरकारबाट स्वीकृत प्राप्त विगत ९ वर्षदेखि सञ्चालित वरिष्ठ व्यूटिसियनहरूद्वारा अत्याधुनिक मेशिनहरूबाट थेउरी प्राक्टिकल दुवै माध्यमबाट छोटो समयमै ग्यारेन्टीका साथ
बेसिक, एडभान्स, स्पेसल सर्ट, स्पेसल डिप्लोमा र टिचर ट्रेनिङ कोर्षमा धमाधम भर्ना लिइँदै छ ।
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस ।
नोट S.L.C दिई बसेका छात्राहरूलाई विशेष ग्राह्यता
ईमेज ITC व्यूटिसियन प्रशिक्षण केन्द्र
नारायणगोपाल चोक, चक्रपथ
फोन :- 2150731, 4720323

अर्जेन्ट आवश्यकता
NGO लाई साधारण लेखपढ भए नभएका महिला, पुरुष, गृहेणी, Test/SLC दिएर बसेका विद्यार्थी कर्मचारीहरु तु. चाहियो ।
सुविधा- पार्टटाइम, फुलटाइम आफ्नै घर कोठामा बसी गर्न सकिने ।
तलव - ९,५००/-
सम्पर्क
गौशाला - ४४८८८९१, ९८४१८१२०१०
जोरपाटी - ०१६२२०११९, ९८०८३२२२३१
भक्तपुर, नयाँठिमीचोक - ६६३०९९३, ९७४११४८०५४
नोट- महिला, गृहेणी तथा Test/SLC दिएर बसेका विद्यार्थीलाई विशेष ग्राह्यता ।
शनिबार पनि अफिस खुल्ला हुनेछ ।

Great Opportunity
Beautician & Ethentis Trainng in CANADA
Features:
- Low Tuition Fee
- Male or Female Can apply
- Dependent can apply
- High Visa success till now
- PR opportunity
Visit Visa & Business visa
- Korea
- Japan
- Europe (Schengen)
We also deal UK, USA, AUSTRALIA AND NEWZELAND Student Visa
Contact
Elmira International Education pvt.ltd
Dillibazar opposite to Batuleghar Bazra House 3rd Floor
Phone: 01-4444397, 01-4436976
website:www.elmiranepal.com

प्राइभेट
Test/S.L.C 2067
कक्षा १० मा भर्ना खुल्यो
के तपाई S.L.C पास गर्न चाहनु हुन्छ ?
दक्ष तथा अनुभवी स्कूल तथा कलेज का शिक्षकहरु द्वारा सञ्चालित एक मात्र एकेडेमी ।
पाइथागोरस एकेडेमी
फोन नं. ४२६०६३२, ९८५१००९४२७
प्रर्दशनी मार्ग, पुतली सडक, काठमाडौं

Private
TEST / SLC 067
को लागि साथै कक्षा ६, ७, ८ र ९ मा भर्ना खुल्यो
कक्षा ४,५,६,७ वा ८ पास गरी स्कुल जान नसकेका, कक्षा ९, Test वा SLC फेल भई स्कुल छाडेका वा स्कुल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुलाई
अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
- अंग्रेजी र नेपाली दुवै भाषामा पढाईन्छ ।
- SLC दिने विद्यार्थीहरुले कक्षा १० को मात्र पाठ्यवस्तु पढे पुग्ने ।
- बारम्बार फेल भई निराश भएका र पढाई छाडि बसेकाहरुको लागि विशेष कक्षाको व्यवस्था गरी मनोवैज्ञानिक तरिकाले पढाइने।
- होस्टेल तथा यातायातको समेत व्यवस्था छ ।
- कक्षा समयः बिहान र बेलुका ।
- नियमित स्कुल आउन नसक्नेहरुको लागि खुला सिकाईको व्यवस्था ।
- जुन कक्षामा विद्यार्थी भर्ना हुने हो त्यसभन्दा २ कक्षा तलको कक्षा उत्तीर्ण गरेको प्रमाण पत्र पेश गरे पुग्ने ।
Students' Open Learning Academy
द्वारा सञ्चालित तथा जि.शि.का. बाट अनुमति प्राप्त
Students' Coaching & Tutorial Academy
भाटभटेनी चोक (सिजापति शालिक संगै), PHONE: 4415244

What after Exam ?
उदघोषण/ANCHORING
(RJ / VJ / STAGE / NEWS / TECHNICIAN)
Public Speaking / Speech Art
Personality & Confidence Development
(Mass को अगाडी बोल्न नसक्नेको लागि)
The Media's Collection
Bagbazar (Opp. to Petrol Pump) Ph: 4233042
Chardobato, Banepa (opp. to Red Cross):-011-664506
Also in Pokhara and Itahari
Rs. 1000/- Discount
Job opportunity for the best

Wanted
SLC दिएर बसेकाहरुलाई सुवर्ण अवसर
L.G Company लाई कर्मचारी आवश्यकता
संख्याः 10 Gents & Ladies
तलवः 10,500/-
योग्यताः Test, SLC, above
Unique Solution
Gwarko, Lalitpur
5543056, 9841466409
9803897872
नोटः बुझ्न आउदाँ Document अनिवार्य छ ।

# युगल गायनमा उदय-मनिला



**साप्ताहिक समाचार**

काठमाडौं– 'भिज्यो सिरानी रातमा, तिम्रो यादमा...' गायिका मनिला सोताङलाई सांगीतिक उचाई प्रदान गर्ने यो गीत सुगम संगीतको एउटा प्रतिनिधि गीत हो । 'उकाली चढौंला, ओराली झरौंला तिम्रै लागि हो भने ज्यानै दिदिउँला...' मनिलाले आफ्ना श्रीमान् गायक उदय सोताङसँग गाएको यो युगल गीत पनि उत्तिकै लोकप्रिय छ । नेपाली सांगीतिक क्षेत्रमा विगत दुई दशकदेखि सक्रिय यो स्थापित जोडि गत शुक्रबार बसुन्धरास्थित शहन्साह होटलको ठूलो हलमा एकल गायन कार्यक्रममा प्रस्तुत हुँदा उपस्थित दर्शकले उनीहरूका रोमान्टिक गीतहरू सुनिरहन चाहे । दर्शक संख्या ठूलो पाएपछि उत्साहित भएका सोताङ दम्पतीले पनि श्रोताको रोजाइका गीतहरू प्रस्तुत गरिरहे ।

नववर्ष २०६७ को पूर्व सन्ध्यामा *साप्ताहिक*को समेत सहभागितामा नेप्लिज फेसन होम तथा सानी हाउजिङले संयुक्त रूपमा आयोजना गरेको 'रोमान्टिक म्युजिकल इभ' का मुख्य आकर्षण नै उदय र मनिला सोताङ थिए । कान्तिपुर टेलिभिजनले साँझ ५:३० बजेदेखि प्रत्यक्ष प्रसारण गरेको उक्त कार्यक्रम राति साढे आठ बजेसम्म जारी थियो । कार्यक्रमको पहिलो एक घण्टा सोताङ दम्पतीले उपस्थित दर्शकलाई सुमधुर गायनमार्फत बाँधेर राखे । कार्यक्रमस्थल शहरभन्दा केही टाढा भएकाले कार्यक्रम प्रारम्भ भएको झन्डै एक घण्टासम्म पनि दर्शकहरू आउने क्रम जारी थियो । साँझ सात बजे कान्तिपुर टेलिभिजनबाट समाचारको प्रसारण प्रारम्भ भएपछि प्रत्यक्ष प्रसारण टुंगियो । कार्यक्रमको दोस्रो भागमा उदय-मनिलाले अघिल्लो भागमै गाएका अधिकांश लोकप्रिय गीत गाए । साढे सात बज्दासम्म कार्यक्रमस्थल खचाखच भरिएको थियो । गायक दम्पती लगातार दुई घण्टासम्म गीत गाएर पनि थाकेका थिएनन् । कार्यक्रममा दम्पती गायक-गायिकाले झन्डै डेढ दर्जन लोकप्रिय गीत संगीत प्रस्तुत गरेका थिए ।

**अनिल शाहीको गिटारवादन**

एकल गायनको मध्यान्तरमा चर्चित संगीतकार तथा गिटारवादक अनिल शाहीले आफ्नो सांगीतिक समूहसँग मिलेर करिब आधा घण्टा फ्युजन संगीत प्रस्तुत गरे । गिटार, तबला, बाँसुरी, ड्रमसेट, सेक्सोफोनजस्ता वाद्ययन्त्रमार्फत प्रस्तुत गरिएको सांगीतिक धुनले अधिकांश दर्शकको मन जितेको थियो । विद्युतीय गतिमा गिटारमा औंला चलाएर अनिलले प्रस्तुत गरेको सांगीतिक धुनबाट स्वदेशी मात्र होइन, विदेशी दर्शक पनि मुग्द देखिन्थे । धुन प्रस्तुत गर्ने क्रममा दर्शकदीर्घाबाट लामो तालीको फोहोरा समेत छुटेको थियो ।

## ऊ अनि म को साँझ

धरान- गीतहरू सुन्दा उनलाई सबैले भावुक होला भनेर भन्ठालान् तर होइन रहेछ । सोमबार धरानको सैनिक भवनमा आयोजित सांगीतिक कार्यक्रममा उदय सोताङ पूरै खुले । उनले आफ्नी सांगीतिक जोडी जीवनसंगिनी मनिला सोताङलाई पनि कम्मर मर्काई-मर्काई नाच्न लगाए । उदयले त एकपल्ट माइकको डोरीले नै मनिलालाई अल्झाएर आफूतिर ताने । त्यतिबेला मनिला पनि हर्षित हुँदै उनको समीप तानिइन् । उनिहरूले सँगसँगै गाउँदै हिँडेको २० वर्ष भयो । आफ्नी श्रीमतीसँग मख्ख परेका उदयले हलमा सबैले सुन्ने गरी भनिहाले- 'के गर्नु, धेरै वर्ष भयो सँगै हिँडेको, अहिले कहीं छुट्न मन लाग्दैन, फेरि अहिले त उनी मेरो बुढेसकालकी सहारा भैसकिन् ।'

भर्खरै काठमाडौंमा जमेको सांगीतिक जोडी उदय र मनिला सोताङले सोमबार धरानमा पनि सबैलाई मन्त्रमुग्ध पारे । नयाँ वर्षको अवसर पारेर पूर्वाञ्चल कलाकार संघको आयोजना सञ्चालित ग्रान्ड गजल एन्ड डान्स-२०६७ मा उनीहरूको गायकीमा उपस्थित सबै झुमे । कार्यक्रममा धरानका स्थानीय प्रतिभा विद्या राई, हर्षु राई, तुइन लिम्बू, अविस गुरुङ तथा राईमन राईले पनि गीत प्रस्तुत गरेका थिए ।

## गुरुङ गीतमा झुमे विदेशीहरू



ताङतिङ– कास्कीको उत्तरपूर्वी नामार्जुङ गाविसको ताङतिङ गाउँमा गत चैत २४, २५ र २६ गते महोत्सव सम्पन्न भएको छ । महोत्सव अवलोकन गर्न बेलायतबाट एक दर्जन विदेशी पाहुनाहरू पनि आइपुगेका थिए । महोत्सवमा विदेसीहरूले भलिबल, बास्केटबल, सट्पुट, डोरी तान्नेजस्ता खेलहरू अवलोकन गरेका थिए । मुडा गुडाउने, निगाला तान्नेजस्ता नयाँ र साहसिक खेलले उनीहरूलाई रोमाञ्चित तुल्याएको थियो । तीन दिनको समयमा गुरुङ संस्कृतिमा आधारित मारुनी, घाटु र सोरठी नाच हेर्ने अवसर पनि उनीहरूलाई जुटेको थियो । महोत्सवमा ताङतिङको हिमालय मिलन मावि र बेलायतको मेडस्टोन ग्रामर स्कुल फर गर्ल्स बिच मितेरी सम्बन्ध पनि कायम भयो । हिमालयन मिलन माविका प्रधानाध्यापक ओमप्रकाश गुरुङ तथा मेडस्टोन ग्रामर स्कुल फर गर्ल्सका डाइरेक्टर अफ रिसोर्स एन्डी ब्राउनले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए । उक्त महोत्सव ताङतिङ युबा क्लबले आयोजना गरेको थियो ।

**– नरेन्द्र रौले**



# गुरुङहरू रमाए ट्होटेमा

पोखरा- हूलमा थिए गुन्यू चोली, पटुकी तथा चुरापोतेले सजिएका महिलाहरू । उनीहरूकै साथमा थिए, भोटो कछाड पहिरिएर बाजा बजाउँदै हिँडेका पुरुषहरू । ससाना बाबु-नानीहरू पनि जातीय पहिरनमा चिरिच्याँट्ट देखिन्थे । अनुहारभरि रंग पोतेर, झारपात सिउरेर, खुकुरी र तरबार नचाउँदै हिँडेको यस्तो समूह देखेर रमितेहरू दंग परे ।

यस्तो सांस्कृतिक झाँकीसहित देखिएको चहलपहल गुरुङ समुदायले मनाउँदै आएको ट्होटे पर्वको थियो । टुँडिखेलबाट प्रारम्भ भएको बाजागाजासहितको झाकी सहरका विभिन्नचोकको परिक्रममा गरी तमुधिमा पुगेर टुंगिएको थियो । त्यहाँ सहभागी गुरुङ समाजका झाँकीहरूलाई प्रतिस्पर्धामा उतारियो ।

हरेक वर्ष साउन र चैत महिनाको अन्तिम मंगलबार यहाँका गुरुङहरूले सडकमा उत्रिएर बाजागाजासहित ट्होटे पर्व मनाउँछन् , गुरुङहरूको भाषामा ट्हो भनेको राज्य र टे भन्नाले धपाउने भन्ने बुझिन्छ । अर्थात् राज्यबाट शत्रु भगाउनु नै ट्होटे हो । ग्रामीण भेगमा शत्रु र भूतप्रेत धपाउने पर्वका रूपमा मनाइँदै आएको यो पर्व अजाभोलि सहरमा गुरुङहरूले विकृति-विसंगति एवं भ्रष्टाचारविरुद्धको पर्वका रूपमा मनाउन थालेका छन् ।

ट्होटेमा गुरुङ समुदायका सबै सदस्य अनिवार्य रूपमा सहभागी हुनुपर्ने नियम छ । सहभागी नहुनेलाई जरिवाना गर्ने चलन तमुहरूको साझा संस्था तमु धिले बसालेको छ । ट्होटेमा सहभागी भएर वेशभूषा, बाजागाजा, सहभागिता आदि विविध विधामा उत्कृष्ट हुनेलाई प्रोत्साहन गर्दै पुरस्कृत गरिँदै आएको छ ।

**–शिव शर्मा**

# किड क्वीनको चहलपहल



**साप्ताहिक समाचार**

काठमाडौं– शान्तिनगरस्थित बेबीलोन नेसनल स्कुलमा कक्षा ५ मा अध्ययनरत करिना भट्टराई विद्यालयको बिदाको समय सदुपयोग गर्न पाएकोमा खुसी छिन् । हात्तीवनस्थित लिटिल एञ्जल्स स्कुलमा कक्षा छ मा अध्ययनरत स्नेहा निरौला पनि अचेल दंग छिन् । स्नेहा र करिना मात्र होइन, राजधानीका झन्डै एक दर्जन विद्यालयमा अध्ययनरत ४२ जना छात्राहरूको दिनचर्या फेरिएको छ । उनीहरू अचेल हरेक साँझ ठमेलको जिएए हलमा भेटिन्छन् । करिब दुई घन्टासंगै बिताउँछन् र अभिभावकसँग घर फर्कन्छन् ।

उनीहरूलाई यसरी एकै ठाउँमा भेला पारेर प्रशिक्षण दिने व्यवस्था नेप्लिज फेसन होमले गरेको छ । होमले आगामी वैशाख २५ गते राजधानीमा आयोजना गर्न लागेको 'सानी हाउजिङ किड क्वीन- २०१०' का लागि उनीहरूएकै ठाउँमा भेला भएका हुन् । नेप्लिज फेसन होमको यो आठौं किड क्वीन प्रतियोगिता हो । यसपटकको प्रतियोगितामा नौ वर्षदेखि १३ वर्ष उमेर समूहका बालिका प्रतिस्पर्धा गर्दैछन् ।

प्रज्ञा भवनमा आयोजना गरिने यो प्रतियोगिताको कोरियोग्राफी रोहिया महर्जन तथा विवेक श्रेष्ठले संयुक्त रूपमा गरिरहेका छन् । यस पटकको प्रतियोगितामा सहभागी बालिकाहरूले एक महिनाको प्रशिक्षण लिन पाउने भएका छन् । प्रशिक्षणकै क्रममा उनीहरू ट्यालेन्ट शोमा पनि सहभागी हुनेछन् ।



# जंगलबीचमा नृत्य प्रतियोगिता

हिले (धनकुटा)- जंगलको बीचमा खुला चौर, चौरको बीचमा अकर्षक स्टेज अगाडि खचाखच दर्शक भएपछि प्रतिस्पर्धामा उत्रिएका कलाकारहरूलाई के चाहियो ? गर्मीयाम सुरु भए पनि सदाबहार हिलेको चिसोको परवाह नगरी दर्शकहरूको ओइरो लागेपछि आयोजक सिर्जनशील सांस्कृतिक समूह हिलेले आफ्नै समूहको अप्रतियोगी तामाङ सेलोबाट कार्यक्रम प्रारम्भ गऱ्यो । त्यसपछि प्रतियोगितात्मक प्रस्तुति सुरु भयो । प्रथम प्रस्तुतिका रूपमा धनकुटा सांस्कृतिक समूहको पश्चिमतिर रोधीघरमा नाचिने नृत्यले दर्शकको मन जित्यो । दर्शकको मन जितिसकेपछि निर्णयकद्वय सरोज भुजेल र प्रनिता परियारको नजर पनि त्यही नृत्य पऱ्यो र छवटा समूहलाई उछिन्दै प्रथम स्थान हासिल गऱ्यो ।

त्यसैगरी राष्ट्रिय गीत पश्चिम कोही पूर्व घरमा नृत्य प्रस्तुत गर्ने हिलेको द प्रतिभाज् समूह दोस्रो भयो भने डम्फु तामाङसेलो नृत्य प्रस्तुत गरेको देउराली सांस्कृतिक समूह तृतीय स्थानमा रह्यो । नौवटा समूहले भाग लिने भनिए पनि विविध कारणले छवटा मात्र समूहले भाग लिएको सो कार्यक्रमलाई अझ रोचक बनाउन अन्य अप्रतियोगी नृत्य पनि प्रस्तुत गरिएको थियो भने स्थानीय गायकहरूले आफ्नो स्वर पनि सुनाएका थिए ।

**–भिषा काफ्ले**

# साँखु महोत्सव सम्पन्न

काठमाडौं- नेवार जातिको सांस्कृतिक एवं ऐतिहासिक पक्ष उजिल्याउन राजधानीको साँखुमा आयोजित 'साँखु महोत्सव' सम्पन्न भएको छ । अन्य स्थानको महोत्सवभन्दा साखु (सक्वः) महोत्सव फरक थियो । अन्य स्थानको महोत्सवमा एक ठाउँमा सीमित हुन्छ भने यहाँ टोलैभरि आफ्नो संस्कृति झल्कने सांस्कृतिक झाँकी, खानेकुराका साथै पुराना सामग्री प्रदर्शनी गरिएका थिए । टोलटोलमा आफ्नै रीतिरिवाज प्रदर्शन गरेर साँखुलाई चिनाइयो छ । प्रदर्शन गरेर कमाउनेभन्दा पनि आफ्नो ठाउँलाई चिनाउने र विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने कुरामा थियो , साँखुमा एक वर्षसम्म गरिने सांस्कृतिक गतिविधिलाई महोत्सव अवधिभर प्रदर्शन गरिएको थियो ।

तीन दिनसम्म चलेको महोत्सव १ लाख ५० हजारभन्दा बढीले अवलोकन गरेको आयोजक समितिका संयोजक महेन्द्रलाल श्रेष्ठ जानकारी दिए । महोत्सवमा नेवारी खाना समयबजी सेट चाख्ने धेरै थिए । चिउरा, भटमास, बोडी, आलु, अदुवा, मासुजस्ता खानेकुरा राखेको सेट मात्र ६० रुपैयाँमा पाइन्थ्यो । त्यस्तै अर्को नेवारी परिकार यमरी पनि प्रदर्शनीमा राखिएको थियो ।

टोलैपिच्छे फरक-फरक प्रदर्शनी सम्पन्न भएका थिए । आठवटा टोलमा आठै किसिमको जात्रा तथा नृत्य प्रदर्शन गरिएको थियो । महोत्सवमा बज्रयोगिनीको जात्रा, ढिकीमुसलीमा चिउरा कुट्ने, लाखेनाच, फाइनआर्ट, फोटो प्रदर्शनी, नेवारी खाजा, ब्रिकेट (कोइला) प्रदर्शनी, जंकु फाल्चा, सालीनदीका बेला अन्तिम दिन गरिने काम, नरसिंहको प्रदर्शन, देवीनाच, रञ्चितकारले प्रयोग गर्ने छापलगायत पुरानो सामग्री संकलन गरी बनाइएको संग्रहालय, दुर्गाहिटीमा कृषि प्रदर्शनी, हस्तकला प्रदर्शनी र सडकमै लोकल रक्सी बनाएर देखाइएको थियो । महोत्सवकै क्रममा साँखुको सांस्कृतिक, ऐतिहासिक र वस्तुस्थितिलाई कलाकारहरूले क्यानभासमा उतारेका छन् ।

बज्रयोगिनी, सालीनदी, जोगेश्वर चैत्य मन्दिर, ऐतिहासिक नौ ढोका, आठ टोलको आ-आफ्नै विशेषता भएकाले विश्वसम्पदामा सूचीकृत गर्न स्थानीयवासीले पहल गरिरहेका छन् । यस क्षेत्रलाई धार्मिक पर्यटकीय स्थलका रूपमा चिनाउन सरकारले विशेष पहल गर्ने आश्वासन दिएको छ ।

**– मकर श्रेष्ठ**



# झरी, हुरी-बतासमा
# नयाँ वर्ष



**साप्ताहिक समाचार**

काठमाडौं- वर्ष २०६६ को अन्तिम साँझलाई अविष्मरणीय बनाउने योजना बनाइरहेकाहरू त्यस बेला निराश भए जब उनीहरूको योजना हुरी-बतासले बिथोल्यो। काठमाडौंमा साँझ पाँच बजेपछि अनायसै चलेको हुरी बतास अनि वर्षात्का कारण घरबाट न्यू-इयर इभ मनाउन बाहिर निस्कने तयारी गरिरहेका अधिकांश मानिस के गर्ने-कसो गर्ने भन्ने दोधारमा परे। अचानक बढेको चिसोका कारण घरमै बसेर न्यू-इयर इभ मनाउने कार्यक्रम बन्न थाल्यो। यद्यपि राजधानीमा पूर्वनिर्धारित न्यू-इयर इभका कार्यक्रमहरू भने सञ्चालन गरिए तर आशा गरिएअनुसार मानिसहरूको सहभागिता भने कम रह्यो।

एयरपोर्ट अगाडि रहेको टर्मिनल क्याफेमा न्यू-इयर इभ मनाउनेहरू राति आठ बजेपछि मात्र बाक्लिएका थिए। भरखरै सञ्चालनमा आएको उक्त क्याफेमा दुई जना चर्चित डिजेले उपस्थित व्यक्तिहरूलाई मध्यरातसम्म नचाए।

ठमेलस्थित कम्फर्ट जोनमा रुद्र ब्यान्डका संगीतकर्मीहरू न्यू-इयर इभलाई रमाइलो बनाइरहेका थिए। 'न्यू-इयर इभ बास' शीर्षकको उक्त कार्यक्रमलाई डिजे युवाले राति आठ बजेदेखि मध्यरातपछि सम्म तताए।

लाजिम्पाटस्थित क्लब १९०५ मा डिजिटल पार्टी इभेन्टले आयोजना गरेको 'सेलिब्रेसन २०६७' लाई तीन जना डिजेले झन्डै बिहानीपखसम्म तताए। डिजे भाइब, डिजे एनभिएन तथा डिजे सरोजले साँझ सातबजे प्रारम्भ भएको डान्स पार्टीमा पालैपालो डिजेइङ गर्दै हिन्दी तथा नेपाली गीतका डिजे मिक्समार्फत सहभागी युवा-युवतीहरूलाई नचाएका थिए।

थापाथलीस्थित ब्लुबर्ड मलमा रहेको मुड्स लाउञ्जमा गायिका इन्दिरा जोशीको एकल गायनसँगै डान्स पार्टीसमेत आयोजना गरिएको थियो भने दरबारमार्गस्थित मालिंगो रेस्टुराँमा गायक सुरेश कुमारको एकल गायन सञ्चालन गरेर नयाँ वर्ष २०६७ को स्वागत गरिएको थियो।

याक एन्ड यती होटल परिसरमा रहेको रोयल क्यासिनाको वातावरण भने थप आकर्षक थियो। द एम्प्लिफाइड इन्टरटेन्मेन्टले आयोजना गरेको कार्यक्रमलाई गायक यम बराल, रेश्मा सुनुवार, रामचन्द्र काफ्ले, जुनु रिजालका सांगीतिक प्रस्तुतसँगै सिम्पल खनालको उद्घोषणले रमाइलो बनाएको थियो। मंगलबार साँझ सात बजे प्रारम्भ भएको उक्त कार्यक्रममा सांगीतिक प्रस्तुतिपछि आधा दर्जन सिक्वेन्समा विभाजित फेसन शो सञ्चालन गरिएको थियो। आठ जना महिला तथा चार जना पुरुष मोडलहरूको आकर्षक क्याटवाक समावेश गरिएको फेसन शोको कोरियोग्राफी अमित पोखरेल तथा प्रवीण श्रेष्ठले गरेका थिए। मध्य राति १२ बजेपछि नयाँ वर्ष २०६७ को शुभकामना आदान-प्रदान गर्दै कार्यक्रम डान्स पार्टीमा परिणत भएको थियो।

यसबाहेक ठमेल, दरबारमार्ग, पुतलीसडक, नयाँ बानेश्वर आदि स्थानमा रहेका रेस्टुराँ, पब, क्याफे तथा डान्स बारहरूमा पनि नयाँ वर्षको स्वागत गर्ने कार्यक्रमहरू सम्पन्न गरिए।

### शुभारम्भ-२०६७

नयाँ वर्षकै स्वागतमा नेपाल टेलिभिजनले झन्डै पाँच घन्टा लामो मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्‍यो। गत मंगलबार राति ८:५० देखि प्रारम्भ भएको 'शुभारम्भ २०६७' शीर्षकको मनोरञ्जनात्मक कार्यक्रम राति २ बजे टुंगिएको थियो। नेपाल टेलिभिजन तथा एनटिभी टुवाट प्रत्यक्ष प्रसारण गरिएको उक्त कार्यक्रममा गीत, संगीत, नृत्य, प्रहसन लगायतका रमाइला कार्यक्रम सञ्चालन गरिएको थियो। मुभि हाउसका सन्तोष सापकोटाले संयोजन गरेको यो कार्यक्रमको सञ्चालन आशिफ शाह तथा कल्पना श्रेष्ठले गरेका थिए। कार्यक्तममा फत्तेमान, प्रमोद खरेल, धर्वेन्द्र सेवान, हेमन्त राना, पुष्पा पौडेल, पुरन बाँस्तोला, रुपक चौधरी, भीम तुलाधर, प्रशंसा श्रेष्ठ, निर्णण श्रेष्ठ, आस्था, विकास श्रेष्ठ लगायतका गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरेका थिए। रेश मरहट्ठा, खुश्बु न्यौपाने, प्रिया रिजाल आदि नायक-नायिकाको नृत्यसमेत समावेश गरिएको यो कार्यक्रममा हास्य शृंखला झ्याईं कुटी झ्याईंका दमन रूपाखेती, शेखर खनाल, स्विटी शाही लगायतका कलाकारले एउटा प्रहसनसमेत प्रस्तुत गरेका थिए। प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबमा भने नयाँ वर्षको पहिलो दिन गत बुधबार न्यू इयर्स नाइट शीर्षकको डान्स पार्टी आयोजना गरियो। पार्टीको आयोजना पार्टीपड्सनेपाल डट कमले गरेको थियो।






# एसएलसी सकियो, फुर्सदमा के गर्ने ?

● शिव मुखिया



एसएलसी सकियो, परीक्षामा सामेल विद्यार्थीहरू अहिले फुर्सदिला छन् । फुर्सदमा के गर्ने ? यही प्रश्नले अहिले उनीहरूको मस्तिष्कमा डेरा जमाइरहेको छ । परीक्षाको बेला पढाइमा तल्लीन रहेका विद्यार्थीहरू परीक्षाको समाप्तिसँगै आफूलाई स्वतन्त्र महसुस गर्छन्, पढाइको बोझ कम भएको मान्छन् । यही समयमा उनीहरूले गलत बाटो पनि समाउन सक्छन् । 'टाइम पास' को बहानामा कुसंगत र कुलतमा समेत फस्न पुग्छन् । मनोरञ्जनका लागि साथीभाइसँगै हो-हल्लामा हिँड्न सक्छन् । फलतः केही महिनाकै अवधिमा उनीहरूले आफ्नो लक्ष्य बिर्सने र जीवनलाई नियमित ढंगले अगाडि बढाउन नसक्ने अवस्थामा पनि पुग्न सक्छन् । त्यसैले अहिलेको समयमा मस्तिष्कलाई खाली राखेर बस्नु राम्रो हुँदैन । भविष्यका लागि योजनाबद्ध रूपमा लाग्नु राम्रो हुन्छ ।

### लक्ष्य पहिल्याउने

एसएलसी उत्तीर्ण भएपछि के पढ्ने ? कस्तो विषय पढ्दा राम्रो हुन्छ ? आफ्नो आर्थिक एवं बौद्धिक क्षमताअनुसारको विषय कुन हुन सक्छ ? जस्ता विषयमा सोचौं । समयमै यस्तो कुराहरूमाथि आफू पक्का भैसकेपछि धेरै अन्यौल खेपिरहनु पर्दैन । उच्च शिक्षा अध्ययनका क्रममा धेरै विद्यार्थी के पढ्ने ? कहाँ पढ्ने भन्ने अन्योलमा अल्झिरहेका हुन्छन्, जसले उनीहरूको समय नष्ट गरिरहेको हुन्छ । उच्च शिक्षाबाटै विद्यार्थीको करियर विकास हुने हुँदा अहिलेको समयमा उनीहरूले आफ्नो लक्ष्य निर्धारण गर्नुपर्छ । परीक्षामा अनुत्तीर्ण भए पनि यसरी लिएको लक्ष्य खेर जाँदैन ।

### शैक्षिक स्तर वृद्धि

परीक्षापछि आफूले अध्ययन गर्न चाहेको विषयका सम्बन्धमा आधारभुत जानकारी लिन सकिन्छ । विभिन्न भाषा, कम्प्युटरसम्बन्धी ज्ञान हासिल गरेर पनि यो फुर्सदको समयलाई उपलब्धिमूलक बनाउन सकिन्छ । राम्रो इन्स्टिच्युट एवं शिक्षकमार्फत भाषा, कम्प्युटरजस्ता विषयमा दक्षता हासिल गर्नु राम्रो हुन्छ ।

### सीप विकास

फुर्सदमा कुनै नयाँ सीप सिक्न पनि सकिन्छ । आफूमा सीप विकास गरेपछि जीवन सहज बन्न सक्छ । विभिन्न संघ-संस्थाले सीपविकाससम्बन्धी तालिमहरू दिइरहेका हुन्छन् । यी तालिमहरूबाट पनि आफूलाई दक्ष बनाउन सकिन्छ । आफ्नै प्रयासमा पनि विभिन्न किसिमका सीप सिक्न सकिन्छ ।

### सिर्जनात्मक काम

सिर्जनात्मक एवं रचनात्मक कामले विद्यार्थीको मन-मस्तिष्कलाई सन्तुलित राख्न मद्दत गर्छ । त्यसैले परिक्षापछिको फुर्सदिलो क्षणलाई सिर्जनात्मक काममा लगाउनु उत्तम हुन्छ । साहित्य लेख्ने-पढ्ने, चित्र कोर्ने, जीवनोपयोगी पुस्तकहरू अध्ययन गर्ने, सामाजिक सेवाको क्षेत्रमा जागरूक हुने, नृत्य-गायनमा सहभागी हुने जस्ता सिर्जनात्मक कार्यहरू गरेर फुर्सदको सदुपयोग गर्न सकिन्छ ।

### समाजसेवा

हामी सामाजिक प्राणी भएकाले समाज हाम्रो जीवनको आधार हो । तसर्थ समाजको लागि आफू बोझ भएर बाँच्नु राम्रो होइन । बरु, समाजका लागि केही गरेर बाँच्नु राम्रो हो । हामीले फुर्सदिलो समयलाई सामाजिक सेवाको क्षेत्रमा लगाउनु राम्रो हुन्छ । यसले समाजलाई मात्र फाइदा पुग्दैन, आफ्नो व्यक्तिगत जीवनमा समेत राम्रो प्रभाव पार्छ । समाजसेवामा लाग्दा आफैलाई सन्तुष्टि मिल्छ ।

### घरायसी काममा सहयोग

फुर्सदको समय आफ्ना घरपरिवारलाई सहयोग गरेर पनि बिताउन सकिन्छ । आफ्ना बाबा-आमाले एवं अभिभावकले सम्हालेको पेसा व्यवसायमा सहयोगी बन्नु राम्रो हो । यसबाट परिवारका जिम्मेवारीबोध मात्र हुँदैन, आफूले थुप्रै अनुभव पनि ग्रहण गर्न सकिन्छ ।

### आयमूलक काम

फुर्सदलाई आय आर्जनको काममा पनि लगाउन सकिन्छ । यसले आत्मनिर्भरताको अनुभव दिलाउँछ भने पारिवारलाई सहयोग पनि मिल्छ । कतिपय विद्यार्थीको यस्तो बाध्यतामा पनि परेका हुन्छन् कि आफैले नकमाई परिवारको भरमा लेखपढ गर्न तथा पेट पाल्नै समस्या हुन्छ । कमजोर आर्थिक अवस्थाका यस्ता विद्यार्थीले कुनै पनि क्षेत्रमा काम गरेर आय आर्जन गर्न सक्छन् ।

### स्वस्थ्य मनोरञ्जन

आफ्ना साथीहरूसँग नयाँ ठाउँको भ्रमण गर्ने, खेलकुदमा सहभागी हुने र राम्रा चलचित्र हेर्ने जस्ता कामबाट स्वस्थ मनोरञ्जन लिन सकिन्छ । स्वस्थ्य मनोरञ्जनले हाम्रो मस्तिष्कलाई ताजा र शरीरलाई फुर्तिलो बनाउँछ ।



# उच्च शिक्षा : भविष्यको बाटो

फोटोग्राफीमा उनको निकै दखल छ । वन्यजन्तु फोटोग्राफी उनको रुचिको विषय हो । उनले वन्यजन्तुसम्बन्धी उत्कृष्ट तस्विर खिचेका छन् । तस्विर हेरेपछि यस्तो लाग्छ, उनी जन्मजात फोटोग्राफर हुन् तर उनका मध्यमवर्गीय अभिभावक छोरालाई फोटोग्राफर होइन, इन्जिनियर भएको देख्न चाहन्छन् । त्यसैले उनीहरूले छोरोलाई इन्जिनियर कलेजमा भर्ना गरिदिएका छन् । यसरी आफ्नो खुबी र चाहनाविपरीत आमाबुबाको दबाबमा उनी इन्जिनियरिङ अध्ययन गर्न बाध्य छन् । हिन्दी चलचित्र थ्री इडियटबाट लिइएको यो दृष्टान्तले हाम्रो समाजको यथार्थतासमेत उदांगो पारिदिएको छ । खासगरी उच्च शिक्षाका क्रममा विद्यार्थीहरू आफ्नो रोजाइले भन्दा पनि अभिभावकको दबाबमा विषय छनौट गर्न बाध्य हुने गरेका छन् ।

उच्च शिक्षाका लागि छोराछोरीको रुचि र दक्षतालाई भन्दा पनि एसएलसीमा प्राप्त गरेको अंकलाई आधार बनाएर तिनका अभिभावकले कुन विषय पढाउने भन्ने कुराको निर्क्यौल गर्ने गरेको पाइन्छ । धेरै अंक हासिल गरे साइन्स पढाउने नभए आर्ट्स । छिमेकीको मेख मार्नकै लागि मात्र पनि छोराछोरीलाई महँगो क्याम्पस र साइन्स नै पढाउने अभिभावक पनि प्रशस्तै छन् । यसरी अभिभावकको अदूरदर्शी निर्णयको सिकार बन्ने गरेका छन् धेरै विद्यार्थी । अभिभावकको दबाबमा विषय रोज्न बाध्य कतिपय विद्यार्थी बीचैमा पढाइ छाड्न पनि गरेका छन् ।

कतिपय विद्यार्थी स्वयं पनि एसएलसी उत्तीर्ण गरेपछि कुन विषय रोज्ने भनेर अन्योलमा पर्ने गरेका छन् । कुन विषय पढ्ने भन्ने कुराको निर्णय आफ्नो क्षमता र रुचिलाई ध्यानमा राखेर लिनुपर्छ । त्यस्तै अभिभावकले पनि छोराछोरीका मनोविज्ञान बुझ्न आवश्यक हुन्छ । उनीहरूको रुचि के छ, बौद्धिक क्षमता कस्तो छ भन्ने कुरालाई आधार बनाएर विषय छनौट गर्नु राम्रो हुन्छ । यस्तो अवस्थामा परिवारको आर्थिक अवस्था पनि महत्त्वपूर्ण हुन्छ ।

एउटा तह पार गरिसकेपछि अर्को तहमा कुन विषय लिएर पढ्ने भन्ने समस्याले धेरै विद्यार्थीलाई सताउँछ । आफूले रोजेको विषयमा पढेर काम पाइन्छ कि पाइँदैन भन्ने अर्को समस्या हुन्छ ।

अभिभावक, शिक्षक र साथीहरूको दबाब एवं लहलहैमा लागेर विद्यार्थीले आफ्नो रुचि वा क्षमताभन्दा फरक विषय रोज्छन् । यसरी रोजिएको विषयमा विद्यार्थीले उत्कृष्टता हासिल गर्न सक्दैन । फलतः उसको भविष्य अन्यौलग्रस्त बन्न पुग्छ । यसर्थ एसएलसी उत्तीर्ण गरिसकेपछि कुन विषय पढ्ने ? आफ्नो क्षमता र रुचि के छ ? जस्ता कुरामा स्वयंले निर्णय गरी विषय छनौट गर्नु राम्रो हुन्छ । यसका लागि एसएलसी परीक्षा दिइसकेपछिको खाली समयमा शैक्षिक परामर्श लिन सकिन्छ ।

उच्च शिक्षा हासिल गर्नु भनेको आफ्नो भविष्यको गोरेटो पहिल्याउनु हो । उच्च शिक्षा कुन विषयमा गर्ने भन्ने कुराको निर्क्यौल आफ्नो रुचि, बौद्धिक एवं आर्थिक क्षमता, त्यस विषयमा अध्ययन गर्दा प्राप्त हुने अवसर आदिलाई आधार बनाउनुपर्छ । उच्च शिक्षा लिनुअघि पूर्ण रूपमा सम्बन्धित विषयप्रति जानकार भैसकेको हुनपर्छ तब मात्र त्यस्तो विषय पढेर भविष्यमा के गर्ने वा के बन्ने भन्ने कुराको टुंगो गर्न सकिन्छ ।

### क्षमताको पहिचान

जबसम्म आफूले आफैलाई चिन्न सकिँदैन तबसम्म कुनै पनि क्षेत्रमा सफलता हासिल गर्न सकिँदैन । त्यसैले आफ्नो क्षमता एवं रुचिका सम्बन्धमा ध्यानपूर्वक विचार गरौं । आफ्नो क्षमता र रुचि स्पष्ट भैसकेपछि विषय छनौट गर्न गाह्रो हुँदैन । अरूको दबाव एवं लहलहैमा नलागी आफ्नै स्वविवेक प्रयोग गरेर उच्च शिक्षाका लागि विषय छनौट गर्नुपर्छ । धेरैजसो विद्यार्थी एसएलसीमा उच्च अंक लिएकै आधारमा विज्ञान पढ्छन् र पछि पढ्न नसकेर अर्को विषयमा प्रवेश गर्छन् । आफूले अध्ययन गर्ने विषयका बारेमा फितलो निर्णय गर्दा यस्तो समस्या बेहोर्नुपरेको हो । त्यसैले एसएलसीमा प्राप्त अंकका आधारमा भन्दा पनि आफ्नो रुचि र क्षमताका आधारमा विषय छनौट गर्नुपर्छ ।

### शैक्षिक परामर्श

सधैं आफ्नो विवेकले सही निर्णय निकाल्न सकिँदैन । आफूले गरेका कतिपय निर्णय आफ्ना लागिसमेत हानिकारक हुनसक्छ । यसर्थ आफ्नो लागि भरपर्दो एवं विश्वासिलो र दक्ष एवं परिपक्व व्यक्तिबाट सल्लाह लिनु राम्रो हुन्छ । साथीभाइ, शिक्षक एवं अभिभावकबाट यस्तो सल्लाह लिन सकिन्छ । उनीहरूले दिएको सल्लाह कति उपयुक्त छ ? आत्ममूल्यांकन गर्नुपर्छ । अहिले सहरी क्षेत्रमा यस्ता विद्यार्थीलाई लक्षित गरेर शैक्षिक परामर्श मेलाहरूको पनि आयोजना गर्ने गरिएको छ । विषय छनौटमा अल्मलिरहेका विद्यार्थीहरूले यस्ता मेलामा गएर सही सल्लाह एवं सुझाव हासिल गर्न सक्छन् ।

### भविष्यको बाटो

आफूले रोजेको विषय अध्ययन गरेपछि कुन क्षेत्रमा काम गर्न सकिन्छ वा कस्तो योग्यता हासिल गर्न सकिन्छ भन्ने कुराको ख्याल गरौं । उच्च शिक्षाको प्रमाणपत्र लिइसकेपछि पनि मैले कुन विषयमा दक्षता हासिल गरे भन्ने कुरामा अनभिज्ञ विद्यार्थी प्रशस्तै भेटिन्छन् । यस्ता विद्यार्थीले शिक्षा हासिल गर्ने नाममा प्रमाणपत्र त लिन्छन् तर ज्ञान एवं सीप लिएका हुँदैनन् । उच्च शिक्षा लिइसकेपछि पनि आफूले प्राप्त गरेको योग्यता नचिन्ने वा प्रयोग गर्न नसक्ने विद्यार्थीहरू सधैं बेरोजगार बस्नुपर्ने हुन्छ । अतः आफूले अध्ययन गर्न चाहेको विषयको भविष्य हेरौं । त्यो विषय अध्ययन गरेर आफू कुन क्षेत्रमा लाग्ने भन्ने कुराको निर्क्यौल अहिले नै गरौं ।

### सहयोगी सामग्री

यो विषयमा उच्च शिक्षा अध्ययन गर्ने भन्ने कुराको टुंगो गरिसकेपछि सम्बन्धित सामग्रीहरू हेरौं । छनौट गरिएको विषय कहाँ अध्ययन गर्न सकिन्छ, खर्च कति लाग्छ आदि विषयमा जानकारी हासिल गरौं । यदि आफूले रोजेको विषय अध्ययन गर्नका लागि आफ्नो बौद्धिक क्षमता, आर्थिक क्षमतालगायत ती विषय पढाइ हुने कलेज कस्तो छ ? आफ्नो लागि अनुकूल हुन्छ कि हुँदैन जस्ता सम्पूर्ण कुराको जानकारी लिनुपर्छ । यसका लागि विभिन्न सञ्चारमाध्यामको विज्ञापन एवं सम्बन्धित कलेजले प्रकाशित गरेको सन्दर्भ सामग्रीहरू सहयोगी हुन सक्छन् ।

### शिक्षक/शिक्षिकाको सल्लाह

आफूले उच्च शिक्षाको लागि रोजेको विषयका सम्बन्धमा थप जानकारी हासिल गर्न सोही विषयसँग सम्बन्धित शिक्षक/शिक्षिकालाई भेट्न सकिन्छ । उनीहरूबाट विस्तृत सल्लाह एवं सुझाव लिन सकिन्छ । आफूले रोजेको विषय अध्ययन गरिसकेपछि कुन क्षेत्रमा काम गर्न सकिन्छ, पढ्नका लागि मेरो बौद्धिक क्षमताले भ्याउँछ कि भ्याउँदैन जस्ता कुरा सम्बन्धित शिक्षकबाट बुझ्नु राम्रो हुन्छ ।

### देशको आवश्यकतालाई बुझौं

आफूले उच्च शिक्षा लिने विषय छनौट गर्दा देशको आवश्यकतालाई पनि मनन गर्नु राम्रो हुन्छ । देश कुन क्षेत्रमा पछाडि परेको छ ? त्यसका लागि कस्तो किसिमको जनशक्ति आवश्यक छ जस्तो कुरालाई मनन गरेर आफूले अध्ययनका लागि विषय छनौट गर्नु धेरै राम्रो हो । देशमा कुन किसिमको जनशक्तिको आवश्यकता खड्किइरहेको छ भन्ने कुरा बुझेर सम्बन्धित विषयमा अध्ययन गर्दा भविष्यमा सो क्षेत्रमा काम गर्न सकिन्छ । यसले आफ्नो अध्ययनलाई सार्थक त बनाउँछ नै, आफ्नो मुलुकका लागि केही गर्ने अवसरसमेत प्राप्त हुन्छ ।

# कसरी लेख्ने प्रश्नको उत्तर ?

सन्दर्भ +२ परीक्षा



११ औं कक्षामा अध्ययनरत विजयले इन्टरनेटमा जब आफ्नो रिजल्ट हेरे, उनी अकाशबाट खसेझैं भए । उनको २ वटा विषयमा मात्र पासिंग मार्क्स आएको थियो । उनी पढ्नमा पनि ठीक थिए तर उनको उत्तर लेख्ने शैली ठीक थिएन ।

सुमीलाई नै लिऊँ, उनी पढ्नमा राम्री छिन्, तर यसपटक जब उनी परीक्षा हलमा पुगिन्, तब पेपर देखेर काँप्न थालिन् । उनलाई जे कुरा याद थियो, त्यो पनि बिर्सिन् । आत्मविश्वासको कमी अनि हडबडीका कारण उनको परीक्षा बिग्रियो र उनी असफल भइन् । रोशनको भने कुरै अर्को छ । उनी जब परीक्षामा बस्छन्, बढाईचढाई उत्तर लेख्छन् । उनी थुप्रै सप्लिमेन्ट्री कापी पनि भरिदिन्छन् । परिणाम परीक्षकलाई इम्प्रेस गर्न नसक्दा उनले आजसम्म राम्रो अंक ल्याउन सकेका छैनन् ।

परीक्षामा प्रश्नको ठीक-ठीक उत्तर लेख्नु पनि एउटा कला हो । एउटा औसत विद्यार्थीले पनि बढी पढ्ने विद्यार्थीभन्दा राम्रो अंक ल्याउन सक्छन्, तर उत्तर लेख्ने तरिका परीक्षकलाई प्रभावित गर्ने खालको हुनुपर्छ ।

- प्रश्नपत्र हातमा नपर्दै लेख्न नथाल्नुहोस् । पूरै प्रश्नपत्र २-३ पटक राम्रोसँग पढ्नुहोस् ।
- ती प्रश्नहरूमा ठीक लगाउनुहोस् जसको उत्तर आफूलाई राम्रोसँग आउँछ । त्यसपछि मात्र उत्तर लेख्न थाल्नुहोस् ।
- प्रश्न संख्या ठीकसँग लेख्नुहोस । यदि ५ नम्बरको प्रश्नलाई २ नम्बरमा लेखियो भने प्राप्तांक काटिन सक्छ ।
- कुनै पनि प्रश्नको उत्तर लेख्ने शब्द सीमा हुन्छ । त्यसैले तोकिएकै शब्द सीमाभित्र उत्तर दिने प्रयास गर्नुपर्छ, जसले उत्तर सटीक लागोस् ।
- 'टु दि प्वाइन्ट' लेख्नुपर्छ । मुख्य प्वाइन्टलाई अन्डरलाइन्न गर्न बिर्सनु हुँदैन ।
- निबन्धात्मक प्रश्नको उत्तर लेख्दा भूमिका, मूलभावना, निष्कर्ष गरी तीन भागमा बाँड्नुपर्छ ।
- भूमिका कुनै प्रश्नको उत्तर आरम्भ गर्ने मुख्य स्रोत हो । यसलाई कुनै प्रसिद्ध कोटेसन आदिबाट सुरु गर्न सकिन्छ, जसले परीक्षक प्रभावित हुन्छन् । भूमिका लगभग आधा पृष्ठको हुनुपर्छ ।
- निबन्धात्मक प्रश्नको उत्तर लेख्दा आवश्यताअनुसार तथ्यांक, रेखाचित्र तथा तालिका आदि बनाउनुपर्छ ।
- अन्तमा निष्कर्ष लेख्नुपर्छ, किनभने यसले परीक्षकलाई विषयका बारेमा परीक्षार्थीको दृष्टिकोण थाहा हुन्छ । यसमा आफ्नो सुझाव पनि दिन सकिन्छ ।
- प्रत्येक प्रश्नको उत्तर नयाँ पृष्ठबाट नै सुरु गर्नुपर्छ ।
- परीक्षामा प्रश्नपत्र विभिन्न एकाइमा बाँडिएको हुन्छ । त्यसैले प्रत्येक एकाइबाट प्रश्नको छनौट सावधानीका साथ गर्नुपर्छ ।
- यदि उत्तरको समाप्ति धेरै पृष्ठमा छ भने प्रत्येक पृष्ठमा कृ.प.उ. वा P.T.O. अवश्य लेख्नुपर्छ ।
- ह्रस्व-दीर्घ, अल्पविराम, पूर्णविराम, अनुच्छेद आदिमा ध्यान दिनुपर्छ । यिनीहरूको सही प्रयोगले परीक्षकलाई प्रभावित गर्छ ।
- उत्तर सफा र स्पष्टसँग लेख्नुपर्छ ।
- उत्तर लेख्नुभन्दा पहिले प्रश्नलाई राम्रोसँग बुझ्नुपर्छ, किनभने कतिपय अवस्थामा आफूलाई उत्तर आइरहेको हुन्छ, तर मन अतालिन्छ ।
- पटक-पटक एउटै कुरालाई रिपिट गर्नुहुँदैन, न त कुनै कुरालाई बढाइचढाइ लेख्ने प्रयास गर्नु नै उपयुक्त हुन्छ । बेकारको गफ हाँक्नु हुँदैन । यसले परीक्षकमाथि गलत प्रभाव पर्छ । परिणामतः परीक्षकले दिक्क भएर कम नम्बर दिन सक्छन् ।
- गाइड वा गेसपेपर रट्नु हुँदैन । मौलिक उत्तर लेख्नुपर्छ । यसले आफ्नो विचारशक्ति पनि बढ्छ ।
- शब्दको संक्षेपीकरणको महत्त्व बुझ्नुहोस् । यसले समयको पनि बचत हुन्छ । ती शब्द छनौट गर्नुपर्छ, जुन साधारण बोलचालको भाषामा प्रयोग गरिन्छ । कठिन शब्द नलेखी हल्काफुल्का भाषा प्रयोग गर्नुपर्छ ।
- जहाँ आवश्यक छ फर्मुला, डायग्राम्स र समीकरण आदि उल्लेख गर्नुपर्छ । यसले उत्तरलाई रोचक बनाउँछ र बढी अंक आउने संभावना पनि बढ्छ ।
- डायग्राम्स सधैं HB ग्रेडको पेन्सिलले नै बनाउनुपर्छ ।
- प्रत्येक प्रश्नको उत्तर लेख्ने समयसीमा तय गर्नुपर्छ । समय सीमाभित्र उत्तर लेख्ने प्रयास गर्नुपर्छ ।
- कुरालाई स्पष्ट पार्न उदाहरण पनि दिन सकिन्छ ।
- उत्तर सिलसिलेवार नै हुनुपर्छ ।
- प्रत्येक उत्तर संख्यामा क्रमांक लेखेर अन्डरलाइन गर्नुपर्छ । कतिपय परीक्षार्थीले उत्तर संख्यामा गोलो लगाइदिन्छन् । त्यस्तो गर्नु ठीक होइन ।
- सप्लिमेन्टरी कापीमा रोल नम्बर लेख्न बिर्सनु हुँदैन ।
- आफ्नो उत्तरको बीचमा वा अन्तमा परीक्षकलाई 'कृपया मेरो मार्क्स बढाइदिनुहोला, मैले पढेको त थिए तर सबै बिर्सिए समयको अभाव वा पेनमा मसी सकिएकाले पूरै उत्तर लेख्न पाइन, जस्ता नोट वा अनुरोध लेख्नु हुँदैन, यसले आफ्नै अयोग्यता दर्साउँछ ।

परीक्षामा विद्यार्थीको योग्यताको मूल्यांकन हुन्छ । त्यसैले बिना कुनै हिच्किचाहट पूरै आत्मविश्वासका साथ परीक्षा दिनुपर्छ ।

# परीक्षा तयारीका ३१ टिप्स

**परीक्षा नजिक छ । मनमा हलचल छ । मष्तिष्कमा टेन्सन छ । ओठले मुस्कुराउन छोडिसकेको छ । मनमा हरपल परीक्षाको डर छ, "कसरी तयारी गर्ने ?" कसरी पढ्दा सबैभन्दा राम्रो अंक आउँछ ? यदि यस्तै प्रश्नमा अल्झिरहनु भएको छ भने परीक्षा तरिका सम्बन्धी ३१ टिप्स :**



१. सबैभन्दा पहिले मनमा परीक्षामा राम्रै अंक ल्याउन सक्छु भन्ने उत्साह एवं विश्वास जगाउनुपर्छ ।

२. अब सिलसिलेवार पढ्ने योजना बनाउनुहोस् । एउटा टाइमटेबल बनाएर त्यसैअनुरूप अध्ययन प्रारम्भ गर्नुहोस् ।

३. पढ्ने कोठा, शान्त, हावादार र सफासुग्घर हुनुपर्छ ।

४. ध्यान दिएर पढ्नुहोस् । पढाइमा इन्टरेस्ट जगाउनुहोस् जसले गर्दा अध्ययन बोझिलो काम नबनोस् ।

५. बिहानको पढाइ राम्रो हुन्छ । यतिबेला मस्तिष्क ताजा रहन्छ । मार्निंग आवर्समा पढिएका कुराहरू लामो समयसम्म सम्झनामा रहन्छन् ।

६. परीक्षाको तयारी एक दिनमा हुन सक्दैन । परीक्षाभन्दा पहिले पूरै रात जागेर पढनुभन्दा रेगुलर पढ्नु राम्रो हुन्छ । प्रत्येक दिन सेल्फ स्टडीका लागि समय निकाल्नुपर्छ ।

७. डीप स्टडी गर्नुहोस् सबै च्याप्टर राम्रोसँग बुझेर पढनुहोस मात्र गाइड वा नोट्सको सहाराले परीक्षामा उत्तीर्ण हुने प्रयास नगर्नुहोस् ।

८. जहाँ समस्या आउँछ, तुरुन्त स्पष्ट गरिहाल्नुहोस् । यसका लागि शिक्षक वा सिनियरहरूको मद्दत लिन सकिन्छ ।

९. परीक्षा नजिकिँदै जाँदा, आफ्ना नोट्सहरूलाई फाइनल टच दिँदै जानुपर्छ ।

१०. प्वाइन्ट्स याद गरिसकेपछि त्यसलाई एउटा नोटबुकमा लेखिहाल्नुहोस् जसले गर्दा जब समय मिल्छ, तब त्यसलाई दोहोऱ्याउन सकिन्छ ।

११. समयलाई कैयौं भागमा बाँडेर पढनुहोस्, जब फ्रेस भइन्छ त्यतिबेला कठिन विषय पढ्नुपर्छ ।

१२. लगातार एउटै विषय पढ्नुको सट्टा विषय परिवर्तन गरेर पढ्नुपर्छ । यसले छिटो याद हुन्छ । कठिन विषयजस्तो म्याथ, साइन्सपछि नेपाली, अंग्रेजीजस्ता हलुका विषय पढ्नाले अध्ययनमा रोचकता आउँछ ।

१३. जे याद गरिन्छ, अर्को दिन त्यसलाई मनमनै दोहोऱ्याइहाल्नुपर्छ । २-३ पटक दोहोऱ्याइसकेपछि त्यो मस्तिष्कमा सेट हुन्छ । यदि कुनै प्रश्न कठिन लागिरहेको छ भने त्यसलाई लेखेर याद गर्नुहोस् ।

१४.समस्यामा आफूलाई जाँच्ने प्रयास गर्नुपर्छ । निश्चित समयमा उत्तर लेख्ने अभ्यास गर्नुपर्छ ।

१५. साथीहरूसँग पढाइसम्बन्धी छलफल गर्नुहोस् । ग्रुप छलफल पनि उपलब्धिमूलक हुन्छ ।

१६. टोलछिमेकका सिनियर स्टुडेन्ट्सको सम्पर्कमा रहनुहोस् । अघिल्लो वर्षको प्रश्नपत्रमा एक नजर अवश्य डुलाउनुहोस् ।

१७. परीक्षाका लागि शारीरिक रूपले फिट रहनु पनि उत्तिकै आवश्यक छ । त्यसैले खानपिन र स्वास्थ्यमा पूरै ध्यान दिनुहोस् । खानपानमा फलफुल, दाल, तरकारी, दूध, दही, चना आदि पर्याप्त मात्रामा खानुपर्छ ।

१८. परीक्षाको अर्थ खेल्न, घुम्न वा टेलिभिजन हेर्न बिल्कुलै बन्द गर्नु कदापि होइन । पढाइका साथै अलिकति मनोरञ्जनले पनि मष्तिष्कलाई ताजा राख्छ ।

१९. बिहान उठेर एक्सरसाइज गर्नुहोस् ।

२०. परीक्षा नजिक आएपछि घरबाट बाहिर रहने बानीबाट बच्नुहोस् ।

२१. यदि पढाइको समयमा घरमा पाहुना आएका छन् वा टेलिभिजनको आवाज आइरहेको छ भने त्यही कोठामा बस्नुभन्दा कुनै अर्को शान्त कोठा, छत वा बगैंचामा गएर पढ्नुहोस् ।

२२. पुस्तकको प्रत्येक भागको तयारी गर्नुहोस् । कठिन भनेर कुनै भागलाई नछाडनुहोस्, बरु त्यसमा बढी मेहनत गर्नुहोस् ।

२३. यदि कुनै खास सब्जेक्टमा कमजोर हुनुहुन्छ भने त्यसको ट्युसन लिन सकिन्छ ।

२४. अन्तिम दिनमात्र प्वाइन्ट्समा नजर डुलाउनुहोस् । परीक्षाको दिन नयाँ च्याप्टर बुझ्ने चक्करमा समय खेर नफाल्नुहोस ।

२५. परीक्षाको टेन्सन नलिनुहोस् । रिल्याक्स मुडमा बस्नुहोस् । राति ढिलोसम्म जागिरहनु पनि आवश्यक छैन । राति १०-११ बजेसम्म पढेर सुतिहाल्नुहोस् ।

२६. परीक्षाभन्दा एक दिनपहिले नै लानुपर्ने झोला तयारी अवस्थामा राख्नुहोस् । पेन्सिल, इरेजर, स्केल, पेन, प्रवेशपत्र, आवश्यक नोट्स आदि जतनका साथ राख्नुहोस् ।

२७. परीक्षाको निश्चित समयभन्दा केही पहिले नै पुग्नुहोस् । यसले आरामका लागि समय प्राप्त हुन्छ ।

२८. प्रश्नपत्र हातमा परेपछि पहिले पूर्ण रूपमा पढ्नुहोस् । हडबडाएर प्रश्न हल गर्न नथाल्नुहोस् ।

२९. प्रश्नको उत्तर सहज एवं सरल भाषामा दिनुहोस् । ह्यान्डराइटिङ सफासुग्घर होस् ।

३०. जति सोधिएको छ त्यति नै उत्तर दिनुहोस् ।

३१. लेखिसकेपछि एकपटक अवश्य रिभिजन गर्नुहोस् ।

**–श्यामकुमार सिंह**

## ● सन्देश ●

सुष्मा, सन्ध्या र सुस्मिता। मीठो माया अनि सुमधुर सम्झनाका साथै नववर्ष प्रवेशको पावन अवसरमा उत्तरोत्तर प्रगतिको कामना।

**यस.जी.**

स्नेही साथीहरू सागर, सविन, प्रदिप, सुनिता, फुर्वा, सलिना, अस्मिता, आस्मा, निरु, मिना, सुधा, आशिष, श्रीराम, अनिता, यम, आयुष, इश्वर, उमा अनि विशेष गरी निकिता लाई नाया वर्ष २०६७ को शुभकामना भन्न चाहान्छु।

**शशी**

नववर्ष प्रवेशको सुअवसरमा, समस्त देशवासी, आमा-बुबा, दाजु-भाइ, दिदी-बहीनी तथा मेरा सम्पूर्ण शुभेच्छुक साथीहरू अमृत, डिलकुमार, सुमन, कमल, सुरज, किशोर, जय, हरि, अर्जुन, भगवती, पुनम, चित्रकला, सरस्वती तथा गीताको उन्नति, प्रगति एवं सुस्वास्थ्यको शुभकामना।

**सन्तोष सुवेदी**

नववर्ष प्रवेशका अवसरमा आफन्त एवं सम्पूर्ण साथीहरूमा सुख, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको शुभकामना।

**प्रशान्त राई**

साथीहरू ओम, सम्झना, तारा, डिला, सरस्वती, भवन, शोभा, तेज, विमला, रामकुमारी, देवीलगायत सम्पूर्ण साथीहरूलाई सुख, शान्ति, समृद्धि एवं शैक्षिक सफलताको हार्दिक शुभकामना।

**रमेश बूढा क्षेत्री**

तीतो अतीतलाई भुली मीठो वर्तमानलाई सम्हाल्दै जानु, सधैं-सधैं सुनौलो भविष्यलाई सपार्दै जानु, प्रगति पथहरूमा आफ्ना पाइला लम्काइरहनु, उच्च सगरमाथाझैं आफ्नो नाम चम्काइरहनु, चुनौती पन्छाई संघर्ष गर्नु लिएर विशाल चाहना, शिखर चुमोस् जीवनले सधैं यही छ- नववर्षको शुभकामना।

**प्रशान्त चाम्लिङ राई**

आत्मीय साथीहरू ओम, सम्झना, तारा, डिला, सरस्वती, भवन, शोभा, तेज, कृष्णा, रामकुमारी, राम, देवीलगायत सम्पूर्ण पत्रमित्र एवं आफन्तहरूलाई नववर्ष २०६७ प्रवेशको अवसरमा सुख, शान्ति, समृद्धि र शैक्षिक सफलताको हार्दिक शुभकामना।

**भुवन आचार्य**

सबु, नववर्षको हार्दिक शुभकामना, आइ लभ यु।

**अनिष**

नववर्षको शुभकामना, विशेष गरी सुरज, सुष्मा, पार्वती दिदी, मञ्जु, लक्ष्मी, तगु, विमती, सुनिता, मेलिना, सावित्री दिदी, अनिता, रस्सु अनि बीएसईटीका साथीहरूमा।

**कल्याण**

आत्मीय मित्रहरू राजीव, रवि, इन्दु, सन्तोष, सुष्मा, गोविन्द, संगम, शर्मिला, एरोना, बन्दना, नानु, कुमारी, दिदी कल्पना, माइजु मञ्जु, दादाहरू उद्धव, अनिल, सुवोध, विराट तथा रोशनमा नववर्षको मंगलमय शुभकामना।

**प्रणयल लामा**

नानु, तिमीले चाहेका-सोचेका सम्पूर्ण कुरा पूरा हुन्। तिमीले चालेका हरेक कदममा सफलता मिलोस्। म तिमीबाट जति टाढा भए पनि तिम्रो माया सदैव मसँग हुनेछ। मैले तिम्रो मायालाई धेरै जतन गरेर राखेको छु। नववर्षको हार्दिक शुभकामना।

**प्रणयल**

साथीहरू देवकी, सुधा, शारदा, आशामाया, गंगामाया, रीता, ललिता, रूप, रूपम, सोनिया, पदम, सानुकाजी, पुरन तथा नवराजमा नववर्षको हार्दिक शुभकामना।

**शिवराम अधिकारी**

विनु, तिमीले चालेको हरेक कदममा सफलता मिलोस्, नववर्षको मंगलमय शुभकामना।

**कान्छा**

आ., मेरो सारा खुसी र सपना भन्नु तिमी नै थियौ। आज कसैको भएकी छयौ र पनि नववर्ष र नयाँ जीवनको धेरै-धेरै शुभकामना।

**दीपक**

सलिना, कुसुम, प्रकाश, प्रकाश, दीपा, दिवस, रामचन्द्र, विधान, सुजन, यशोदा, सुप्रभा, सरिता, सुशीला, स्वस्थानी, श्रीधर तथा युगराजलाई सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुका साथै शैक्षिक सफलता र उत्तरोत्तर प्रगतिको शुभकामना।

**सुरेन**

रीति., नववर्षको शुभकामनासँगै चोखो माया तिमीलाई। म तिम्रो पर्खाइमा हिजो पनि थिएँ, आज पनि छु र भोलि पनि रहनेछु।

**पुरानो पागल प्रेमी**

आर., म तिमीलाई धेरै माया गर्छु। मलाई थाहा छ, तिमी मलाई माया गर्दैनौ, तर पनि म चाहन्छु तिम्रो जिन्दगीमा सधैं खुसीयाली छाओस्। तिमी जहाँ भए पनि खुसी रहँ– सुखी रहँ। नयाँ जिन्दगी र नववर्षको धेरै-धेरै शुभकामना।

**श्रीतिका**

मेरा स्नेही साथीहरूलाई नववर्षको हार्दिक शुभकामना।

**बबिन राई**

नौ महिनाअघि मित्रताको सम्बन्ध जोडेकी अञ्जान, अहिले तिमी धरानमै छौ ? तिमीले एसएमएस गरेकी थियौ, तर पूर्ण रूपमा विश्वास लागेन। धरानमै छु भनेर यदि तिमी मसँग असल मित्रताको सम्बन्ध तोडन चाहन्छयौ भने प्लिज एकपटक कल गर। तिम्रा इच्छा-आकांक्षाहरू पूरा हुन्– लाखौंलाख शुभकामना।

**टासी गुरुङ**

नववर्ष प्रवेशको पुनीत अवसरमा गीतकार भूपेन्द्र खड्का तथा उहाँको समस्त परिवारमा सुख, शान्ति, समृद्धि, दीर्घायु, सफलता तथा उत्तरोत्तर प्रगतिको शुभकामना।

**कमल**

नववर्ष प्रवेशको सुअवसरमा साथीहरू प्रेम, निर्मल, भुवन, भीम, दुर्गा, शम्भु, बाबुराम, कपिल, पूर्ण, अर्जुन, दिल, अर्जुन, पदम, रमेश, शान्ति, दुर्गा तथा बाबुरामलाई उत्तरोत्तर प्रगतिको शुभकामना।

**कमल जीसी**

नववर्षसँगै सम्पूर्ण नेपालीहरूको जीवनमा सुख, शान्ति र समृद्धि छाओस्– मंगलमय शुभकामना।

**राजु राई**

आत्मीय साथी लोकेन्द्रलाई सुखमय जीवन, सुस्वास्थ्य, दीर्घायु एवं प्रगतिको मंगलमय शुभकामना।

**रमेश**

मुस्कान, सागरसरि चोखो मायाका साथै आकाशको मीठो सम्झना। नववर्षसँगै तिम्रो जीवनमा सुखको आगमन होस्। तिम्रो प्रेमले नयाँ गति लिन सकोस्। प्रत्येक पाइलामा सफलता मिलोस्। जीवन स्वस्थ र दीर्घायु होस्। नववर्षको मंगलमय शुभकामना।

**आर**

चन्द्रमोहन, उद्धव, रामशरण, गंगाप्रसाद, रामलोचन, दिवाकर, रामकृष्ण, नारायण, केवल, आर. एल. तथा सरस्वतीमा नववर्षको हार्दिक शुभकामना।

**रामेश्वर सिलवाल**

गोल्फुटार फुटबल मैदानमा फुटबल खेल्न आउने तमाम खेलाडी साथीहरूमा नववर्षको हार्दिक शुभकामनाका साथै उत्तरोत्तर प्रगतिको कामना।

**गफाडी**

ए, भेटेको बेलाको एकवचन मीठो बोली र मुस्कान नै मेरा लागि धेरै हुन्छ। यो उदास मनले तिमीलाई नै सम्झिरहेको हुन्छ। प्रेम आँखाले होइन, हृदयले देख्छ। म तिमीलाई हरदम चाहन्छु, नववर्षको हार्दिक शुभकामना।

**सफल**

नववर्ष प्रवेशको सुअवसरमा



सम्पूर्ण देशवासीहरूमा सुख, शान्ति एवं समृद्धिको कामना गर्दै मंगलमय शुभकामना।

**धर्म**

साथीहरू केमुना, सन्ध्या, अनिता, कुसुम तथा शान्तमा दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना।

**कपिल**

नववर्ष प्रवेशका अवसरमा प्राणभन्दा प्यारा आमाबाबा, दाइ-भाउजू, दिदी-भिनाजु, भाइ अनमोल, छुच्ची र विशेष गरी हामीबाट टाढिएर बस्ने दादा रोशनमा मंगलमय शुभकामना।

**इशा**

ए हजुर, मेरो सपनाको एञ्जल कहिले आउनुहुन्छ, मलाई लिनका लागि ? भगवान् कृपा गरेर मेरो एञ्जललाई यो नववर्षमा पठाइदिनु ल। मेरो सपनाको राजकुमार, म हजुरको प्रतीक्षामा छु।

**परी**

डियर इशा, हजुरमा नववर्षको मुरी-मुरी शुभकामना, सफलताले सदा हजुरको पाइला चुमोस्, यही छ मेरो कामना। सम्झना र मायाका मीठा सौगातहरू मात्र हजुरका लागि। हाँस्न थाल्नुभएछ, खुसी लागेको छ।

**परी**

मेरो सम्पूर्ण आफन्तजन, इष्टमित्र, देशभित्र र बाहिरका सम्पूर्ण साथीहरूलगायत सम्पूर्ण नेपालीमा सुख-समृद्धि एवं दीर्घायुको मंगलमय शुभकामना।

**दीपक काउचा**

नववर्ष प्रवेशको पावन अवसरमा साथीहरू जमुना, मुना, भावना, सरिता, राजेन्द्र, तिलक, तारा, शिवराम, किशोर दाइ, तिलक, सानी, युष्मा तथा प्यारी दिदीलाई सु-स्वास्थ्य, दीर्घायु, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना।

**रामु खाती**

मलाई थाहा छ, छातीभित्रका भावनाहरू तुसारोले कठ्याग्रिसकेका छन्, तैपनि मैले तिमीलाई भुल्न सकिनँ। नववर्षको शुभकामना छ- रीता, सिर्जना, दीपा, मंगल, सुजितका साथै र सम्पूर्ण नेपाली मनका साथीहरूलाई।

**बी.बी.राना**

आत्मीय मित्रहरू सविता, शान्ता, शम्भु, रमेश, नवराज, दाताराम, सिर्जना, तुलसा, मेनुका, गीता, कल्पना, कोपिला, दिपीका, दीपा, दिया, रञ्जु, सञ्जु, पूजा, लक्ष्मी, जीवन, प्रितम, नरेश, वसन्ता, मुना, अर्चना, विमला, मनीषा, अनिता, स्वेच्छा, प्रतीक्षा, प्रियंका, रेणु तथा सारदामा नववर्षको हार्दिक शुभकामना।

**बीएन मुखिया**

निरु, जस्तोसुकै बाधा-व्यवधानसँग जुध्नुपरे पनि रत्तिभर विचलित नभै शीघ्र मिलनको प्रतीक्षा गर्न आग्रह गर्दै नववर्षको हार्दिक शुभकामना।

**मधुसूदन**

ममी-बुबा, दिदी-भेना, सविना, दाइ-भाउजू, बहिनी, भाइ, बज्यू, सागर, पम्फा, सुमन, रोहित, रोजन, महेश, किशोर, विजय, लक्ष्मी, सन्तोष, प्रेम, शोभा, लक्ष्मी, रीना, हसिना, दीपक, नरेश, रेखा, उषा तथा सजनालाई नववर्षको हार्दिक शुभकामना।

**अनु लामा**

साथीहरू मीन, उत्सव, केदार, नवराज, लक्ष्मी, रोजिना, ललिता, कमला, कोपिला, सम्झना, सपना, युयान, सुवास, प्रदीप, वीरबहादुर, विवेक, नारन, साथै पूजा तथा चित्रकला, नववर्ष शुभ रहोस्, उन्नति-प्रगति होस्, सुस्वास्थ्य, दीर्घायु तथा सुशान्ति छाइरहोस्- नववर्षको मंगलमय शुभकामना।

**श्याम**

सन्ध्या, अञ्जु, मञ्जु, महेन्द्र, सुवास, धर्म, रमेश, पूर्ण, इन्द्र, लक्ष्मी, रीता, शोभा, गीता, रजिना, ज्योति, मीरा, सजिता, सरिता, शर्मिला, चन्द्र, सुजाता, चण्डेश्वरी, कमल, पुण्य, गंगा, तुला, मैयाँ, विकास, सुलोचना, निर्मला, फिरोज, रितेश, राज्य, सीता, अनिता, रत्न, सञ्जीव, मञ्चला, सुनिता, शर्मिला, मनीषा, रजनी, मनिता, बाल, बिमला, राजन, राजेन्द्र, सोनिया तथा सुजिनामा नववर्षको मंगलमय शुभकामना।

**राजन सुवाल**

साथीहरू सूर्य, किरण, मिलन, दिनेश, चन्द्र, विक्रम, विजय, राजन, रुद्र, ध्रुव, बिर्ख, उमेश, रमेश, हरि तथा राजुलाई नववर्षको मंगलमय शुभकामना।

**कवीर**

नयाँ नेपाल निर्माणका लागि शान्तिको आवश्यकता छ। त्यसैले नेपाल र नेपालीलाई माया गरौं, मिलेर हाँसौं, मिलेर बाँचौं- सबै नेपालीलाई उन्नति-प्रगतिको हार्दिक शुभकामना।

**नमराज तिवारी**

आत्मीय साथीहरू सोनाम, विकास, सन्तोष, मनोज, सुशीला, कमल, जीवन, विश्वनाथ, अखर, सविना, सुनिता, प्रमिला, निर्मला, अञ्जना, मौसमी, सुशन, मुना, अर्जुन, सन्तोषी, नीलम तथा टीकामा नववर्षको हार्दिक शुभकामना।

**टासी गुरुङ**

अस्मि., तिम्रा हरपाइलाले खुसीका सिँढी चढून्, उन्नति र प्रगतिका बाटाहरूमा छाइहरनु, तिम्रा इच्छा-आकांक्षा पूरा हुन्। नयाँ जोस एवं जाँगर सिर्जना भै सधैं उच्च विचारका साथ अघि बढ। नयाँ वर्षको आगमनसँगै तिम्रो सुस्वास्थ्य एवं दीर्घायुको कामना, साथै शैक्षिक सफलताको उत्तरोत्तर प्रगतिको लाखौंलाख शुभकामना।

**सुरेन**

नववर्ष प्रवेशको पावन अवसरमा माता मन, पिता रित, दाजु सुवास, टंक, भाउजू, फूलमाया, पञ्च र साथीहरू प्रेम, दीपेन्द्र, भोला, प्रकाश, गोपाल, किरण तथा अञ्जलीमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना।

**प्रवीण**

राकेश, चक्र, लक्ष्मण, भरत, आलोक, सन्तोष, रामबाबु, कृष्ण, मिलन, अनिस, भुवन, सँर्य अभिषेक, सविता, केशरा, सपना, सुजिता, इन्दु, मञ्जरी, गोविन्द, प्रदीप, प्रकाश, लक्ष्मण, देविका, शोभा, सम्झना, सञ्जिका तथा मीनामा नववर्षको हार्दिक शुभकामना।

**धर्मराज**

सुखमा सबै हाँस्छन्, दुःखमा पनि हाँस्न सिकौं भन्दै नववर्षको हार्दिक शुभकामना।

**गोकुल अधिकारी**

मीना, नववर्षको आगमनसँमगै तिम्रो शुभजन्म दिन आउँछ, तर तिम्रो जन्मदिनमा कहिल्यै सँगै हुन पाइनँ। के गर्नु, परदेशी जीवन यस्तै रहेछ। टाढा भए पनि तिमीलाई जन्मदिनको लाखौंलाख शुभकामना। आई लभ यू टु मच।

**सेरु थापा**

सानु, न्यानो मायाका साथै नववर्षको हार्दिक शुभकामना, मातापितामा सुस्वास्थ्य तथा दीर्घायुको कामनाका साथै जापान र युकेमा रहेका भाइहरूमा उत्तरोत्तर प्रगतिको कामना।

**एजीएचके**

दाजु श्यामका साथै बाबाआमालगायत सम्पूर्ण इष्टमित्रहरूमा नववर्षको हार्दिक शुभकामना।

**एगनेस थापा**

मनकुमारीलाई नववर्षको मंगलमय शुभकामना। हरपल तिम्रै माया र सम्झनामा बाँधिइरहेको छु। हाम्रो यो माया र सम्बन्धलाई टुट्न नदेऊ। म तिमीलाई कति माया गर्छु भन्ने कुरा तिमीलाई थाहा छ, त्यही मायाका कारण तिमीबाहेक कसैका बारेमा सोचेको छैन। म हरपल तिमीलाई आफ्नो बनाउने प्रयास गरिरहेको छु।

**विवश एकल यात्री**

साथीहरू अमृत, रुद्र, सविता, सुप्रभा, कान्ति, देउमाया, पेमा, ज्योतिलगायत सम्पूर्ण साथीहरूमा उत्तरोत्तर प्रगति, सुख, शान्ति, सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना।

**राजेन्द्र लामा**

ममी, आन्टी, भाइबहिनी, गाउँमा रहेका आजा-आजी, साथीहरू अनिता, अनु, कविता, सरिता, अप्सरा, सरस्वती तथा देवकीलाई नववर्षको मंगलमय शुभकामना।

**विन्दु श्रेष्ठ**

बाआमा, दिदी, भिनाजु, अंकल, आन्टी, भाइहरू, दादाहरू, भाउजुहरू, अञ्जु, एरु दिदी, टंकजी तथा साथीहरू भाष्कर विप्लव, मनोज, कुसुम, बाबु निसानका साथै सम्पूर्ण चिरपरिचित मित्र एवं नेपालीजनमा नववर्षको मंगलमय शुभकामना।

**मञ्जु**

सवि, निर्मला, सजिना एवं मेरा सम्पूर्ण साथीहरूमा नववर्षको हार्दिक शुभकामना।

**सन्दीप**

नववर्ष प्रवेशका अवसरमा साथीहरू शशी, अमित, देवराज, राजकुमार, सुनिता, दीपा तथा रमामा हार्दिक शुभकामना।

**तारा ढकाल**

साथीहरू जीवन, गोकुल, निर्मला, दिनेश, रूषा, भरत, सुवास, सरिता, कल्पना, अनुपमा, रिमना, रमा, नन्दकुमारी, चन्द्रकला, देविका, दिवानी, बबिता, आनन्द, राजन, आर.डी., राम, कुमार तथा सुनितामा नववर्षको हार्दिक शुभकामना।

**दासु कुलङ**

सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि छाओस्, नयाँ वर्ष सफल रहोस्, हार्दिक शुभकामना।

**सन्तोष थापामगर**

प्यारी कान्छु, नववर्ष प्रवेशको सुअवसरमा तिम्रो सुख, शान्ति, दीर्घायु तथा सुस्वास्थ्यको कामनाका साथसाथै नयाँ वर्षको नयाँ बिहानीसँगै नयाँ उमंग छाओस्। म तिम्रो मुस्कानमा बाँचेको मान्छे, यसर्थ सधैं-सधैं तिमी हाँसेको देख्न पाऊँ। मेरो संसार नै तिमी हौ, तिमी खुसी भयौ भने म अवश्य नै खुसी हुनेछु, लाख-लाख शुभकामना।

**एन.आर.**

नववर्ष प्रवेशको पावन अवसरमा मलाई हर सुखदुःखमा साथ दिँदै आएका सुकेलाई अन्तरआत्मादेखि निश्चल माया, सुकेले चालेका हरेक पाइलामा सफलता मिलोस्, मनका इच्छा-चाहनाहरू पूरा हुन्- हार्दिक शुभकामना।

**फुच्ची नानु**

प्रविन, आशकुमार, याङजिला, असानी, विनोद, रमेश, लक्ष्मी, मनीष, दीपक, प्रकाश, गौरी, कविता, सिर्जना, अञ्जना, शोभा, राधिका, सीता, माइली, राजकुमार तेजकुमार, सुनिता, निर्मला तथा शंखमा नववर्षको हार्दिक शुभकामना।

**अमर**

## ● तालुमा आलु ●



प्रकाश ओझा

हजुरआमा : राजु यदि तिमीले बाटोमा दस लाख भेट्यौ भने के गर्छौ ?

राजु : यदि त्यो पैसा कुनै गरिब मानिसको रहेछ भने फिर्ता गरिदिन्छु ।

ooo

एउटा अधबैंसे व्यक्ति डाक्टरकहाँ गयो र भन्यो- 'डाक्टरसा'ब, मेरी श्रीमती बहिरी भैजस्तो छ । कुनै कुरा पनि एकपटक भन्दा सुन्दिनँ, चार-पाँच पटक दोहोऱ्याएर भन्नुपर्छ, म के गरौ ?'

डाक्टरले भन्यो- 'यसो गर्नुहोस्, आज बेलुकी तपाईं घर फर्किएपछि श्रीमतीभन्दा २० फुट परबाट केही कुरा भन्नुहोस्, उनले नसुने फेरि १५ फिटबाट केही भन्नुहोस् । फेरि पनि नसुने १० फिट टाढाबाट केही भन्नुस् । त्यसपछि पनि नसुने ५ फिट टाढाबाट केही भन्नुहोस् ।'

'यसो गर्दा के हुन्छ ?' व्यक्तिले सोध्यो ।

'यसो गर्दा तपाईंकी श्रीमती कति हदसम्म बहिरी छिन् भन्ने कुरा अनुमान गर्न मलाई सजिलो हुन्छ ।' डाक्टरले जवाफ दियो ।

त्यो व्यक्ति घर गयो, श्रीमती भान्सामा काम गर्दै थिइन् । उनले २० फिट टाढाबाट सोध्यो- 'कमला, के पकाउँदैछचौ ?' जवाफ आएन ।

ऊ ५ फिट अगाडि बढ्यो र सोध्यो- 'कमला, के पकाउँदैछचौ ?' फेरि पनि जवाफ आएन ।

ऊ अझै ५ फिट अगाडि बढ्यो र सोध्यो- 'कमला, के पकाउँदैछचौ ?'

'काउलीको तरकारी,' बूढी रिसाउँदै बोली- 'चार पटक भनिसकेँ, काउलीको तरकारी भनेर, कस्तो नसुनेको ?'

ooo

'रातभरि घुरेर हैरान पार्ने मेरो श्रीमान्को घुराइ रोक्ने कुनै उपाय बताउनुस् न डाक्टर सा'ब ।'

'धेरै तरिका छन् बहिनी ! जस्तो कि, श्रीमान् सुत्नुअघि दुई गिलास मनतातो दूधमा मह हालेर ख्वाइदिनुहोस् वा उहाँसँग प्रेमपूर्वक व्यवहार गर्नुहोस् वा घोप्टो परेर सुत्न लगाउनुहोस् वा तपाईंको दुवै कानमा कपास खाँद्नुहोस् वा तपाईं श्रीमान्को मुखमा गन्हाउने मोजा खाँदिदिनुहोस् ।

ooo

'हेर्नुहोस् दाइ,' डाक्टरले बिरामीको निरीक्षण गरिकेपछि भने- 'उमेरअनुसार त तपाईंको स्वास्थ्य ठीकै छ तर पनि स्वास्थ्य तन्दुरुस्त रहनका लागि तपाईंले दैनिक चार किलोमिटर पैदल हिँड्नुपर्छ, साँच्ची तपाईं काम चैं के गर्नुहुन्छ ?'

'हजुर, म हुलाकी हुँ । चिठी बाँड्छु,' उत्तर आयो ।

### मेरो कुरो

'पैसा दुःखको कारण हो भने त्यो पैसा मलाई दिनोस् र सुखी रहनुहोस् ।'

## ● कविता ●

### साथी



यो दुनियाँमा कति हुने गुमनाम साथी
छैन कि मानिको त कुनै पनि दाम साथी
कस्ता-कस्ता परिदृष्य देखिन्छन् यहाँ
हो कि क्यारे जिन्दगानी घुमघाम साथी
कतै रोदन कतै हाँसो यथार्थमा बाँच्दा
जीवनलाई उत्सवझैं मनाओ धूमधाम साथी
यात्राचाहिं सबैको धर्ती वरिपरि नै
जति गरे नि सिद्धिएन गर्नुपर्ने काम साथी ।

**रेशमकुमार सुनवार**

### पाक्दैनन् अचेल पिजा-मःम

पाक्दैनन् अचेल पिजा-मःम रोटीमै रमाउँछु
कलम मात्र हैन साथी कोदालो नि समाउँछु,
आफ्नो लागि त बाँचियो धेरै अझ बाँच्नु छ नै
दुई-चार दिन भो हिजोआज गाउँसँगै रमाउँछु,
बसाइँ अचेल सारेको छु नयाँ साथी धेरै छन्
घरको पीर लाग्छ किन्तु यिनीसँगै रमाउँछु,
साँझ पख जून हेर्दा उनको याद आउने गर्छ
वियोगमा रुन्छ मन तस्वीर हेरी मन बुझाउँछु,
जिन्दगी रै'छ कहिले पहाड कहिले तराई बनिदिन्छ
कहिले काँहि त ठूलै पहाड आउने हो कि डराउँछु ।

**प्रभात खत्री**

### नआओस् याद

तिमी हिँड्ने पथमा पाइला टेक्न नपरोस्
तिम्रो साथ पाउन बाटो छेक्न नपरोस्
कहिल्यै पनि नआओस् निर्मोहीको याद मलाई
तिमीलाई सम्झी गीत-गजल लेख्न नपरोस्
तिमीसँग यो जुनीमा बोल्नु त के कुरा
तिम्रो छाया मरे पनि देख्न नपरोस्
मनमा चाह छैन मेरो त्यसैले त डर लाग्छ
झुक्किएर दोबाटोमा भेट्न नपरोस्
बाध्य मलाई नबनाऊ फिर्ता लैजाऊ बरु आफै
तिम्रो फोटो चक्कुले रेट्न नपरोस्
पापीनीको जालमा परें आफ्नै भाग्य दोषी छ
मैले जस्तो कसैलाई माया मेट्न नपरोस् ।

**सौगात मिश्र**

### तिमी बन



औशीको रातमा तिमी पूर्णिमाको जून बन,
चट्टान रूपी हृदयमा तिमी कोमल गुलाफ बन ।
बगर झैं मरुभूमिमा तिमी अमृततुल्य पानी बन,
दुःखको सागरमा म डुब्दा तिमी कुशल माझी बन ।
बटुवाको प्यासमा तिमी शीतल झरना बन,
जिन्दगीको यात्रामा तिमी अनन्त बाटो बन ।
सिमसिमे पानीमा तिमी ओत लाग्ने छहारी बन,
आाखाको सागरमा तिमी चम्किलो नानी बन ।
मुटुको ढुकढुकीमा तिमी जिन्दगीको धड्कन बन,
संघर्षशील जिन्दगीमा तिमी कुशल सारथी बन ।

**देवकी अर्याल**

## ● लघुकथा ●



### किन ढिला ?

विवाह भएयता चन्द्रमान आफूलाई निकै भाग्यमानी महसुस गर्न थालेको थियो । उसले जुन अफिसमा जागिर खायो, त्यही कार्यालयको हाकिमको घरकी सहयोगी केटी चन्द्रमानकी श्रीमती भएकी थिइन् । विवाहलगत्तै उसको प्रमोसन पनि भयो । चन्द्रमानकी श्रीमती पनि खुसी नै देखिन्थिन् । यद्यपि बेलाबेलामा माइत जान्छु भन्दै श्रीमती हाकिमको घर जाने कुराले भने उसलाई दुःखी तुल्याउँथ्यो ।

विवाहको केही वर्ष बिते । एक दिन नेपाल बन्द भएका कारण ऊ चाँडै घर फर्कियो । श्रीमती एक्लै लुगा धोइरहेकी थिइन् । उसले पछाडिबाट आँखा छोप्यो । श्रीमतीले रिसाउँदै भनिन्, 'नगर्नु न राम सर, चन्द्रमान आउने बेला भयो । आज तपाईं आउन किन ढिला गर्नुभएको ?'चन्द्रमानले आश्चर्यका साथ श्रीमतीको आँखाबाट हात निकाल्यो । यद्यपि श्रीमतीको कुरा नसुनेझैं फिस्स हाँस्यो । त्यस रात ऊ निदाउन सकेन । खट्पटीमै रात बित्यो । भोलिपल्ट बेलैमा अफिस गयो । हाकिमको बाटो हेऱ्यो । निकै बेरपछि हाकिम पनि अफिस आए । हाकिम आउनेबित्तिकै चन्द्रमानले उनलाई एक थप्पड हान्यो र भन्यो, 'हाकिम साव, यही हो अफिस आउने बेला ? किन ढिला ?'

**–सरोज विष्ट**

# सुवर्ण र परिनाले जिते

साप्ताहिक समाचार

काठमाडौं– करिब छ घण्टा लामो कडा प्रतिस्पर्धापछि सुवर्ण खड्का तथा परिना राईले वर्ष २०१० को मिस्टर एन्ड मिस राजधानीको मुकुट पहिरिएका छन् । गत शनिबार जमलस्थित राष्ट्रिय नाचघरको खचाखच भरिएको प्रेक्षालयमा आयोजित वर्ष २०६६ कै अन्तिम मोडलिङ प्रतिस्पर्धामा सुवर्णले २२ जना तथा परिनाले ११ जना प्रतिस्पर्धिलाई पाखा लगाउँदै शीर्ष उपाधिमा कब्जा जमाएका हुन् ।

द एरो मोडलिङ एजेन्सी तथा एक्सपोज नेपाल डट कमले संयुक्त रूपमा आयोजना गरेको यो प्रतियोगिता दिउँसो दुई बजे नै प्रारम्भ भैसकेको थियो । प्रेक्षालयका सबै कुर्सी भरिएर भऱ्याङमा समेत बसेर कार्यक्रम हेरिरका दर्शक राति आठ बजिसक्दासमेत आफ्नो स्थानबाट उठेका थिएनन् । प्रतियोगिताको पहिलो सिक्वेन्स प्रारम्भ हुनुअघि नै आकर्षक नृत्य प्रस्तुत गरिएको यो कार्यक्रम परिचयात्मक चरण हुँदै अघि बढेको थियो ।

प्रतियोगिताको दोस्रो सिक्वेन्स बेस्ट ड्रेसको थियो, जसमा प्रायः सबै प्रतिस्पर्धीले आफ्नो रोजाइका पहिरन प्रदर्शन गरे । त्यसपछिको फ्रि स्टाइल सिक्वेन्स सबैभन्दा आकर्षक रह्यो । क्याजुअल वेयरमा प्रस्तुत भएका महिला तथा पुरुष मोडलहरू हिन्दी चलचित्र क्रेज फोरको शीर्षक गीतमा पालैपालो नृत्य गर्न स्टेजमा प्रस्तुत हुँदा दर्शकहरू पनि उनीहरूसँगै नाचेका थिए । चौथो सिक्वेन्समा टप टेन प्रतिस्पर्धिको छनौट गरियो । १० जना निर्णायकले पालैपालो विभिन्न प्रश्न सोधेपछि त्यसकै जवाफका आधारमा अन्तिम चरणका लागि दुबै विधाका टप फाइव प्रतिस्पर्धा छानिए । अन्तिम चरणमा सोधिएका दुई भिन्न प्रश्नका आधारमा विजेताको छनौट गरिएको थियो ।



तस्बिर : नवराज बाग्ले

पूर्व मिस्टर राजधानी दिनेश शाही तथा मिस राजधानी चाँदनी लामिछानेद्वारा कोरियोग्राफी गरिएको उक्त प्रतियोगितामा विजेताको मुकुट पहिरिन सफल सुवर्ण तथा परिनालाई नगद २५-२५ हजार रुपैयाँसमेत प्रदान गरिएको थियो । मिस्टर राजधानीको उपाधि जित्ने सुवर्णले बेस्ट फिजिक्स तथा भ्युअर्स च्वाइस एवार्डको शीर्षक उपाधिसमेत जित्न सफल भए । मिस राजधानी पेरिनाले पनि बेस्ट फिगर तथा मस्ट ब्युटिफूलको शीर्षक उपाधि जितेकी थिइन् । सैनिक सेवामा रहेका प्रशान्त लामा तथा श्वेता रानाले फस्ट रनर अपको उपाधि जिते । आरसी लामा तथा गोमा छिनालले सेकेन्ड रनर्स अपको उपाधिमा चित्त बुझाए ।


कार्यक्रमलाई मनोरञ्जक बनाउन प्रयास संगीत कलाकेन्द्रका कलाकारहरूले आकर्षक नृत्य प्रदर्शन गरे भने मिङ्मा शेर्पा, रेश्मा सुनुवार आदि गायक-गायिकाले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेका थिए । अतिथि मोडलहरूले प्रस्तुत गरेको फेसन शो पनि उत्तिकै आकर्षक रह्यो ।

ENGLISH LANGUAGE
Our Features:
● Professional & practical classes
● Highly interactive environment
● Different levels of classes
● Audio-video facilities
● Sufficient extra materials
If you want to be able to speak English Confidently, please contact us to join our effective classes.
IELTS/STUDY ABROAD
AXIS INT'L EDUCATION
Putalisadak, Kathmandu
Ph: 4419972
www.axisedu.com.np

Achieve your dream...Make your career
BRITISH ARMY Being & SINGAPORE POLICE
"Evry man is an architect of his own fortune, but is needs proper guidance"
NG.Lic No.44948/063-64
British Army तथा Singapore Police Preperation Class मा भर्ना खुल्यो !!!
चाँडै गर्नुहोला धमाधम भर्ना लिईदैछ
COURSES
Educational: Mathematics, English, Grammar, Barb Test, Oral Test, Essay Writing, Dictation, Passage
Physical: Puss Up, Set Up, 800m(Running), Drill, B.F.T, Doko Carry
हाम्रा विशेषताहरू:
➜ न्युनतम शूल्कमा गुणस्तरिय सेवा प्रदान गरिने ।
➜ गत Intake हरुमा अधिकतम विद्यार्थीहरुलाई भर्ती गराउन सफल
➜ Ex-British Army द्धारा शारिरिक प्रशिक्षण गराईने ।
➜ दक्ष शिक्षकहरुबाट शैक्षिक प्रशिक्षण गराईने ।
➜ हरेक हप्ता Test गराईने ।
➜ उत्कृष्ट विद्यार्थीलाई छुटको व्यवस्था गरिने ।
➜ कम्पनीको आफ्नै Uniform उपलब्ध गराईने ।
➜ पुरानो प्रश्नपत्र एवं सम्भावित नयाँ मोडेल अनुसार अधिकतम अभ्यास गराईने ।
BRITISH GURKHAS EDUCATIONAL & PHYSICAL TRAINING CENTRE(P) LTD
Shankhapark-4, Dhumbarahi, Kathmandu,Nepal
Contact: 01-4007538, 9841344404, 9841306113,9849145319, 9851002703
Branch office
Dharan-9, Acharya Line
Ph: 025-696513,9804007669
9842021640,9842195609

नृत्य तथा संगीतका शिक्षकहरूलाई सुवर्ण अवसर
हाललाई उपत्यका भित्रका १०० भन्दा बढि विद्यालयहरुमा यस संस्थाद्वारा नृत्य तथा संगीतका शिक्षकहरु पठाउनका लागि सम्झैाता भएकाले साधना कला केन्द्रका पूर्व प्रशिक्षार्थीहरु तथा विभिन्न स्कूल कलेजमा कार्यरत नृत्य तथा संगीत विधाका शिक्षकहरु साथै नृत्य तथा संगीत विधामा पारङ्गत ब्यक्तित्वहरुले तलको ठेगानामा तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।
प्रदान गरिने तलव तथा सुविधाहरू
★ प्रति दिन ४ घण्टा मात्र समय दिए पुग्ने ।
★ तलब रु. ६००० देखि १६००० सम्म प्रदान गरिने ।
★ आवश्यक तालिम प्रदान गरिने ।
★ संञ्चय कोष र औषधि उपचार तथा बाल शिक्षा कोषको ब्यवस्था प्रदान गरिने ।
साधना म्यूजिक नेटवर्क
साधना कलाकेन्द्र द्वारा प्रवर्दित
कमलादी मोड, पुतलीसडक
फोन: ४४४०२२८, ४४१६५६६
४२६३९७६, फ्याक्स: ४४४०१६८


## बाटो पत्ता लगाउनुहोस्



## सबैभन्दा विषालु भ्यागुता

दक्षिणी र मध्यअमेरिकी जंगलमा पाइने पोइजनएरो जातको भ्यागुतालाई संसारकै सबैभन्दा विषालु भ्यागुता मानिन्छ । उक्त भ्यागुताको ढाडको छालामा विषग्रन्थि हुन्छ । अक्सफोर्ड पकेट बुक अफ लिभिङ थिङ्सका अनुसार उक्त भ्यागुताले आफ्ना ढाडबाट एकपटकमा २ हजार मानिसलाई एकैसाथ मार्न सक्ने विष निकाल्न सक्छ ।

## साप्ताहिक कोठेपद



**दायाँ**

१.नगरवासी (४)
२. काल्पनिक वृक्ष (४)
३. माफी दिनु (४)
५. थपडी, हातको आवाज (४)
७. योग्य, गर्न सक्ने (३)
८. ऋणको विवरण-पत्र (४)
९. नराम्रो खराब (४)
११.पूजापछि गरिने आरती (४)
१२. रुपैयाँ पैसा (३)
१४. डोल्पाको विमानस्थल (४)
१५ आगो (२)
१६. परीक्षा लिने व्यक्ति (४)
१८. कुलको नाम राख्ने सन्तान (५)
२१. पूर्व नेपालको एक नदी (३)
२२. अम्लको उल्टो, लवण (२)
२३. सिर्जना, रचिएको (३)
२४.नाम नभएकी (४)
२५. नथाकेर (३)
२६. कोसीको एक सहायक नदी (३)

**तल**


१. नाचघर (४)
२. व्यायाम (४)
३. लाज नमान्ने निर्लज्ज (४)
४. भित्र पानी हुने फल (४)
५. धारा भएको ओस्याइलो ठाउँ (३)
६. परशुरामका पिता (४)
७. लिम्बूहरूको एक थर (३)
८. तौलने साधन (३)
१०. नुन (३)
११. आकाशगंगा (४)
१२. पानीको एक स्रोत (४)
१३. धार्मिक यात्रा (४)
१६. जाँच, परिश्रण (३)
१७. उत्तर बग्ने एक नदी (४)
१८.कास्मिरमा पर्ने एक ठाउँ (४)
१९. कला सिर्जना गर्ने व्यक्ति (४)
२०. कारणको सर्जक (३)
२१. पर्दा छेकवार (३)

## पत्याउनु हुन्छ ?

चीनका ५२ वर्षीय गो फेङको स्तन महिलाहरूको जस्तै ठूलो छ । विगत १० वर्षदेखि लगातार बढ्दै गएको उनको स्तन कसरी यो स्थितिसम्म आइपुग्यो भन्ने कुराचाहिँ चिकित्सकहरूले पत्ता लगाउन सकेका छैनन् ।



जापानको रोबोट रिसर्च सेन्टरले निर्माण गरेको रोबोभी-२ नामक रोबोट डिपार्टमेन्टल स्टोरमा आउने ग्राहकका सामान बोक्न सहयोगी होस् भनेर निर्माण गरिएको हो ।





विश्वको सर्वाधिक पीरो खुर्सानी भारतमा पाइने भूत झोलोकियालाई मानिन्छ । अहिले यो खुर्सानीबाट टियर ग्याँस र खुर्सानी बम बनाउन अनुसन्धान भैरहेको छ । यो खुर्सानी हाल बजारमा पाइने खुर्सानीभन्दा २ सय गुणा बढी पीरो हुन्छ ।



कंगो नदीमा पाइने टाइगर फिसलाई सफा पानीमा पाइने हिंस्रक माछा मानिन्छ । यसको दाँतले स्टिललाई पनि काट्न सक्छ । यसलाई राति मात्र पक्रन सकिन्छ । यसले मानिसलाई पानीमा भिजेको अवस्थामा मात्र आक्रमण गर्छ ।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



# पढेर जानिन्छ कि परेर?

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
२. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
३. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
४. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
५. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
६. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
७. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
८. राजनीति राम्रो कि समाजसेवा ? किन ?
९. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
१०. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?

मानिस पढ्नु पनि पर्छ र पर्नु पनि पर्छ । यी दुवै कुरा गरेर नै राम्रो जान्ने हुन्छ मान्छे ।

**रमेश सुनुवार**

पढेर सैद्धान्तिक ज्ञान हुन्छ भने परेर व्यावहारिक, त्यसैले उस्तै-उस्तै हो नानु ।

**स्वतन्त्र, लहान**

पढेर पनि जानिन्छ र परेर पनि ।

**मल्लिका मल्ल** (१८), **धादिङ**

मानिस जुन कुरामा बढी लगनशील हुन्छ त्यसैबाट जान्दछ ।

**टीकाराम अर्याल, स्याङ्जा**

पढ्न त जे पनि पढिन्छ तर स्वयं आफूमा पर्नु एउटा अवसर र चुनौती हो जो अरू कसैलाई नमिल्न सक्छ ।

**आर.एस., पाल्पा**

नेपाल छँदासम्म पढेर जानिन्छ तर जब कामका लागि विदेश लागिन्छ तब त परेरै जानिन्छ ।

**डी.जी. थापा, स्याङ्जा**

तपाईं पढेर कि परेर साप्ताहिकको सम्पादक बन्नुभयो ?

**बाबु, स्याङ्जा**

कस्तो कुरा हो...?, नपढेकाले परेर जान्दछ भने पढेकाले परेर, पढेर चाहिँ दुवै कुरा जानिन्छ ।

**राकेश श्रेष्ठ**

परेर जानिन्छ नि, माओवादीका नेताहरूले पढेर राजनीति गर्न जानेका होइनन् परेरै हो क्यारे ।

**श्रुति अर्याल, स्याङ्जा**

पचास-पचास प्रतिशत होला ।

**सुरज एसके**

पढेर सर्टिफिकेट लिएर मात्र के गर्नु ? व्यावहारिकता छैन भने ।

**कमल जिसि** (२५), **वाग्लुङ**

एकै सिक्काका दुई पाटा हुन् यी, कुनै कुरा पढेर जानिन्छ भने कुनै कुरा परेर जानिन्छ ।

**नानु थापा** (२०), **तनहुँ**

खोई के भन्ने ? पढेर भनूँ भने यतिसम्म पढियो, केही जानियो जस्तो लाग्दैन, बरु परेर पो जानिन्छ कि ?

**सुबोध लामा, गोलबजार**

पढेर जानिने भए त म विवाह नै गर्दिनथें, परेर पो थाहा भो डाडु-पन्यूँको डाम कस्तो हुन्छ ?

**star_parbin@yahoo.com**

मत पढेको विद्वान् होइन हजुर, परेको मानिस हुँ ।

**राजेन्द्रप्रसाद पन्त, बैतडी**

पढेर होइन, परेर जानिन्छ ।

**रुद्रप्रसाद दाहाल**

पढेर ब्याचलर सकियो तर केही जानेको छैन, त्यसैले परेरै जानिन्छ ।

**विनोद दाहाल** (२०)

जान्नेले त इशाराकै भरमा जानिहालिन्छ नि तर के गर्ने यो संसार स्वार्थी छ, जान्नेहरू पनि नजाने झैं गर्छन् ।

**प्रभा, पाटनढोका**

सयमा पच्चीस प्रतिशत पढेर जानिन्छ, पचहत्तर प्रतिशत परेरै जानिन्छ ।

**नवीन नवोदित** (१९)

## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : म ३० वर्षीया एक शिशुकी आमा हुँ । मेरो महिनावारी पहिलेदेखि नै ठीक समयमा हुन्छ । महिनावारी भएको सुरुको ७ दिनपछि मेरो योनिबाट सेतो दुर्गन्धित पानी बग्छ जुन पानीले योनिको भित्र र बाहिरको भागमा पोल्छ अनि चिलाउँछ । त्यसको दुई-तीन दिनपछि मेरो योनिबाट दही वा पीपजस्तो पदार्थ (बेला-बेलामा) आउँछ । श्रीमान्सँग यौनसम्पर्क गर्दा योनि पोल्नुका साथै श्रीमान्को लिंग दुख्छ र पोल्छ । यौनसम्पर्कपछि श्रीमान्को लिंगको घेरामा खालो जाने सा-सानो बिमिरा आउने र चिलाउने हुन्छ । चिकित्सकको सल्लाह बमोजिमऔषधी पनि खाइसकें, तर पूर्णरूपमा निको हुन सकेन र कुनै-कुनै औषधी खाँदा एलर्जी पनि हुन्छ । यो कुन रोगको लक्षण हो ? यो रोग केबाट र कसरी उत्पन्न हुन्छ ? यसको उपचार कसरी गरिन्छ ?**

**– बी.**



डा. राजेन्द्र भद्रा

**उत्तर: अस्वाभाविक योनिश्राव**

योनिबाट सेतो पानीजस्तो पदार्थ बग्नुलाई योनिश्राव भनिन्छ, तर यसो हुनुको अर्थ सधैं रोग लागेको भन्ने लाग्दैन । हाम्रो सामान्य शरीरक्रियासँग सम्बन्धित र स्वाभाविक रूपमा पनि योनिश्राव हुन्छ भन्ने बुझ्नुपर्छ । यस्तो स्वाभाविक योनिश्राव महिनावारी हुने बेलामा वा यौन उत्तेजना भएको बेलामा हुन्छ । पाठेघरको मुखबाट हुने श्राव यस्तै महिनावारी भएको हप्ता दिनपछि सुरु भएर डिम्ब निष्कासनको बेलासम्म यस्तो हुन्छ । यस्तो स्वाभाविक किसिमको योनिश्रावका लागि कुनै किसिमको उपचारको आवश्यकता पर्दैन ।

दुर्गन्धित योनिश्राव हुनुले अस्वाभाविक योनिश्रावको संकेत गर्छ । प्रजनन अंगको संक्रमण, जसमा यौनरोग पनि पर्छ, यसको प्रमुख कारण हो । सामान्यरूपमा योनिबाट आउने श्रावभन्दा धेरै बढी मात्रामा आउने, गन्हाउने किसिमको वा मैलो किसिमको योनिश्राव हुन थाले त्यसलाई अस्वाभाविक योनिश्राव मानिन्छ । यौनरोग यौनसम्पर्कको माध्यमवाट सर्छ ।

तपाईंले उल्लेख गर्नुभएका लक्षणहरूलाई विचार गर्दा योनिमार्गको संक्रमण भएको संकेत मिल्छ । यसका अनेक कारण हुन सक्छन् ।

**ब्याक्टेरियल भ्याजिनोसिस** : योनिको संक्रमणमध्ये यस्तै आधाजसो महिलामा यही संक्रमण हुने गरेको पाइन्छ । योनिमा विभिन्न किसिमका सूक्ष्म जीवाणुहरू प्राकृतिक रूपमा नै सन्तुलित रूपमा बसेका हुन्छन् । विशेष गरेर त्यो सन्तुलन बिग्रदा एक किसिमको जीवाणु अत्यधिक मात्रामा बढ्छ । विशेष गरेर यस्तो हुादा अलि नराम्रो गन्हाउने किसिमको सेतो वा मैलो (खरानी) रंगको योनिश्राव हुन्छ । योनिश्राव एकदमै पातलो (पानीजस्तै) पनि हुनसक्छ । साथसाथै योनि तथा योनिको वरिपरि चिलाउने हुनसक्छ र पिसाब फेर्दा पनि पोल्न सक्छ । कतिपय महिलामा त लक्षण नै नदेखिन सक्छ ।

**ढुसीको संक्रमण** : योनिश्राव अलि वाक्लो मैलो सेतो रंगको पनीरजस्तै हुन्छ र एकदमै चिलाउँछ । कहिलेकाहीं योनिश्राव देखिने गरेर नहुन पनि सक्छ । योनिको वातावरण आएको परिवर्तनले यसको संख्यामा निकै वृद्धि हुँदा यस्तो समस्या देखिन्छ ।

**ट्राइकोमिनियासिस** : योनि तथा यसको वरिपरि चिलाउँछ, तर त्यसका साथसाथै पहेंलो हरियो वा मैलो सेतो (खरानी) रंगको फिंजजस्तो योनिश्राव हुन्छ र पिसाव पोल्ने हुनसक्छ । पीप नै आएको स्थितिमा गोनोरिया वा क्लामाइडियाको संक्रमण हो कि भनेर छुट्ट्याउनुपर्ने हुन्छ ।

**औषधी खाएर पनि किन निको नभएको होला ?**

पत्रमा भएको सीमित जानकारीका आधारमा यकिनसाथ भन्न नसकिए पनि केही अनुमानचाहिँ गर्न सकिन्छ । रोग निदान ठीकसँग नभएको स्थितीमा औषधी ठिक नपरेको हुनसक्छ । कहिलेकाहीँ उपचारका क्रममा या त औषधीको मात्रा वा अवधि पुगेन भने यस्तो हुनसक्छ । हामीमध्ये कतिपयले लक्षण कम हुनासाथ औषधी सेवन गर्न छोड्छौं । त्यसबाहेक योनिमा भएका सूक्ष्म जीवको संख्यामा उतारचढाव आउने अर्थात असन्तुलित हुने कारण वा पुनः संक्रमण हुने कुनै कारण हुनुपर्छ । प्रतिजीवी औषधीको अत्यधिक प्रयोग, मधुमेह, स्टेरोईड, प्रतिरक्षा शक्ति कम हुने स्थिति, कुनै हार्मोन युक्त औषधीको प्रयोग, भित्री लुगा अति नै कस्सिएको वा सुतीबाहेकको लगाउनु, सुगन्धयुक्त स्प्रे योनिक्षेत्रमा प्रयोग गर्नु वा योनिमा पानी पठाई अत्यधिक सफा गर्ने बानी वा योनिमा केही पसाउादा चोट लाग्नुजस्ता अनेक कुराले त्यस्तो संक्रमणलाई बढावा दिन सक्छ । उपचार गर्दा यौनसाथीको उपचार पनि आवश्यक छ । नत्र भने रोग पुनः सर्छ र बल्झिन्छ । एलर्जी हुने औषधीबाट परहेज गर्नुपर्ने कुरा त यहाा दोहऱ्याइरहनु नपर्ला ।

**यौनसम्पर्क राख्न खोज्दा किन पीडा भएको होला ?**

यौनसम्पर्क सुरु गर्ने बेलामा पीडा अनुभव हुन्छ भने क्यान्डिडा वा हर्पिसजस्ता संक्रमण हो कि भनेर विचार गर्नुपर्ने हुन्छ । त्यसैगरी लिङ्गको प्रवेश एकदमै भित्रतिर हुादा पीडा अनुभव हुन्छ भने क्लामाइडिया वा गोनोरिया हुनसक्छ । यस्ता संक्रमणले पनि पाठेघरको मुख वा पाठेघर वरिपरिको अन्य भागलाई प्रभाव पारेको हुन्छ । योनि सुख्खा भएको स्थितिमा यौनसम्पर्क गर्दा पनि पीडादायक हुन्छ । विशेष गरेर भयातुर वा डर भएका कारणले गर्दा यौनसम्पर्क गर्न लाग्दा अकस्मात् योनिको मांसपेशी संकुचन भै कडा हुन्छ । यस्तो बेलामा यौन सम्पर्क राख्न खोज्दा पीडा हुन्छ । अंग्रेजीमा यस किसिमको अवस्थालाई Vaginismus भनिन्छ । पीडापूर्ण तथा अप्ठचारो यौनसम्पर्कलाई चिकित्सीय भाषामा Dyspareunia भनिन्छ, जुन महिला तथा पुरुष दुवैलाई हुन सक्छ ।

**लि का ससाना बिमिरा के होलान् ?**

केही बिमिरा सामान्य पनि हुनसक्छन् । केही संक्रमणमा यस्तो हुनसक्छ । यस विषयमा विस्तृत रूपमा लेख्नुभए जवाफ दिने प्रयास गर्नेछौं ।

खुल्यो ! खुल्यो !! खुल्यो !!!
१००% प्राक्टीकल
नेपालमै पहिलो पटक
CCTV, Security System, Fire alarm control system, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic विषयहरुमा अनुभवी इन्जीनियर तथा दक्ष प्राविधिकद्वारा प्रशिक्षणको तालिम खुल्यो । धमाधम भर्ना लिइदैछ. सिट सिमीत छ ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि,
अद्वैतमार्ग, पुरानो बसपार्क, काठमाण्डौं
४२४६९३६, ९८०२०३१७६६

आकर्षक व्यक्तित्व
Acupuncture, अक्युप्रेसर (VASTU) उपकरणहरू
● अनुहार गोरो बनाउन (Roop Amrit)
● डण्डीफोर, चायापोतो, चारीपना हटाउने
● स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
● YOKO (Height) बढाउन
लिङ्गको लम्वाई, मोटाई बढाउन
स्खलन रोक्न (Handsum up)
● केश झर्न रोकी उमार्न (Oil)
● रक्सी, चुरोटको कुलत छुटाउन
● मोटापा घटाउन, बढाउन
● ढाड दुखाई कम गर्ने चुम्बकीय (Belt)
Abking Pro Suna Belt, Home Jogger
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
Thamel, Galkopakha
98030-87729, 97213-19662

कस्मेटिक सर्जरी
- शरीरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेशन पछिका दागहरू हटाउन
- नाक, कान, आँखा सम्बन्धी कष्मेटिक सर्जरी
- मंगोलियन आँखाको उपचार
- अनुहारको चाउरीपन हटाउन (BoTOX TREATMENT)
- स्तन सम्बन्धी कष्मेटिक उपचार
- टाउकोमा केश उमार्न
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हरिसिद्धि, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

Asian Sky Shop का सामानहरू र टि.भि.मा देखिइने सामानहरू पाईन्छ ।
शक्ति सम्बृद्धिको लागि हर समस्या, हर रोगबाट छुटकारा दिलाउने नजर कबज साथमा त्रिस्टल र हरेक लकेटहरु पाईन्छ । साथमा चुरोट, जाँड, रक्सीको नशाबाट छुटकारा दिलाइन्छ ।
100% Sliming Center
If u want slim, Beauty, heighty, Smart, Active Personality Plz contact
Japanes Oil 499/-
मोटाउने दवाई पनि पाईन्छ।
Handsome Up
Counselling for 9808503540
Male & Female
SEX PROBLEM ?
स्तन, गुप्ताङ्ग टाईट एक दम फिट 100 % ग्यारेण्टी
सुमधुर वैवाहिक जिवन
सन्तुष्टी Long time को लागि
कोरियन स्प्रे एण्ड सेक्स पावर जेल रु. २९९९।-
योको हाईट
- 5 in a Magic Sofa & Air
- Foot Bath, Massager
- Body Bath Steamer
- AB King pro मोटोपना घटाउने
- Exercise
99% Guarented
No Side Effect
100 % Natural
चायाँ पोतोको अचुक उपचार
बुढौयलीपन क्रम गराउने गुमेको सुन्दरता फिर्ता चाउरीपना हटाई गोरो बनाउने रुप अमृत, पेटको धर्सा मेटाउने
Slim Hip, Thai, Stomach १ दिनमा नै ५ इन्च कम हुने
होम डेलिभरी २४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ ।
९८४९०३०७३४
हट लाइन ०१-४३५४९८५ ९७२१५२६१३५
हेल्दी होम फिटनेश एण्ड ब्युटी क्लब गणेशस्थान रोड, गोंगबु
पहिले ९० के.जी. 51 cm
अहिले ६६ के.जी. 35 cm (मात्र केहि दिनमा)

सौन्दर्यका सामानहरु
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Vibro Belt Price -रु.२,८९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,८९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. २,५००/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झर्न रोकी नयाा कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/-
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि) ९८५१०१४६०२
कुमारीबैंकपछाडिफोन: ४१६८११५, ४१६८०६१

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

सफलता तपाईंको हातमा
कक्षा ९ र १० फेल ? पढाई छुट्यो ?
नि:शुल्क होईन गुणस्तरीय शिक्षा रोजौं ।
No. चिन्ता !
जि.शि.का. बाट अनुमति प्राप्त
६ वर्षको अनुभव
प्राईभेट टेष्ट / SLC - 2067 मा भर्ना खुल्यो ।
स्मल हेभन Open Inst. (P) Ltd.
लगनखेल ☎ 2120693, 9841452755
मछिन्द्रनाथको रथ राख्ने चौबाटो बाट पूर्व
स्मल वर्ल्ड Open Inst. (P) Ltd.
कोटेश्वर ☎ 4601589, 9841306634
प्रहरी बिटको ठिक पछाडी ठूलो भवन

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134

100% पावर
गम्भीर समस्याको अब सफल समाधान
Young & Sweet Breast Care
स्तन घटाउन बढाउन
साथै टाईट बनाउने
ब्राण्डेड "हर्वल क्रिम"
अनावश्यक मोटोपना घटाई स्लिम बन्न
● चिरा, पेटको सेता धर्सा हटाउनको लागि क्रिम
● अनुहरको चायाँ-पोतो डन्डीफोर हटाउन
लिङ्गको लम्बाई मोटोई बढाउन
गुप्ताङ्ग टाईट गर्ने Gel
सम्पर्क: कलंकी खसीबजार
9751090597, 9803634896

हाईट बढाउने ?
३ महिनामा ४" उचाई बढाउने
केश झर्न तुरुन्तै रोकी उमार्ने
१ महिनामा चाहेजती ब्रेष्ट बढाउने र घटाउन
जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल, (पाटन हस्पिटल अगाडी)
फोन : 5004046, 5550195
मोवाइल : 9851112675

100% फिट्नेस
स्तन बढाउने, घटाउने तथा टाईट र आकर्षक बनाउन सकिने ।
अनुहार पोतो, चायाँ, डण्डीफोर तथा Wrinkle हटाउने ।
यौन शिघ्र स्खलन, उत्तेजना नहुने लिङ्गको लम्बाई तथा मोटाई बढाउन ।
4276068, 4336701
9841981976, 9841981976

# वर्षका उत्कृष्ट पुरुष खेलाडी





### दीपक विष्ट, तेक्वान्दो

वर्ष-२०६६ मा सर्वाधिक चर्चामा रहने खेलाडी हुन्– दीपक विष्ट। दक्षिण एसियाली खेलकुद (साग) मा लगातार चार स्वर्ण जितेर उनले नयाँ क्षेत्रीय कीर्तिमान कायम गरे। ढाकामा १५-२६ माघमा भएको ११ औं संस्करणमा चौथो स्वर्ण चुमेका दीपक यो उपलब्धि हासिल गर्ने दक्षिण एसियाकै पहिलो खेलाडी हुन्। त्यसले यी ३३ वर्षीया खेलाडीलाई नेपाली खेलकुदको इतिहासमा सर्वाधिक सफल खेलाडीका रूपमा स्थापित गऱ्यो। छनौट चरण पार गरेर बेइजिङ ओलम्पिक खेलेका दीपकले एसियाली खेलकुदमा पनि २ कांस्य हात जितिसकेका छन्।

### पारस खड्का, क्रिकेट

ऐतिहासिक उपलब्धिका रूपमा नेपालले वर्ल्ड क्रिकेट लिग डिभिजन-५ को उपाधि फागुनमा जित्यो। घरेलु भूमिमा हात पारेको जितले सिनियर राष्ट्रिय टिमको असफलताको यात्रामा पनि पूर्णविराम लगायो। सिनियर टिमलाई पहिलोपल्ट च्याम्पियन बनाउने क्रममा कप्तान पारस खड्का नायक रहे। उनी बल र ब्याट दुवैमा जमे। लामो समय नेपालको कप्तानी सम्हालेका विनोद दासलाई विस्थापित गर्दै नेपाली टिमको कमान्डमा सम्हालेका २३ वर्षीय पारसले नेपाललाई ऐतिहासिक उपाधि दिलाउँदै डिभिजन-४ मा उकाले।

### अनिल गुरुङ, फुटबल


अनिल गुरुङ सर्वाधिक चर्चित् नेपाली फुटबल खेलाडी रहे। पोखरेली स्ट्राइकर अनिलले भारतीय क्लब सिलोङ लाजोङसँग ६३ लाख ६० हजार रुपैयाँको तीनवर्षे सम्झौता गरेका छन्। कात्तिक महिनामा भएको अनुबन्धले उनलाई सर्वाधिक महँगा नेपाली खेलाडी बनाएको छ। फेडरेसन कप तथा इके नयनर अल इन्डिया गोल्डकपमा उत्कृष्ट प्रदर्शन गर्दै उनले लोजोङलाई फाइनल पुऱ्याएका थिए। आई लिगमा पनि यी २२ वर्षीय खेलाडीको प्रदर्शनको प्रशंसा भैरहेको छ। लाजोङको अफर स्वीकार गर्नुअघि अनिलले बेलायती क्लब वोकिङमा ३ महिना बिताए। ट्रायल पास गरेपनि 'वर्क परमिट' नपाएपछि उनी सिलोङतर्फ लागेका हुन्।

### राजेन्द्र भण्डारी, एथलेटिक्स

राजेन्द्र भण्डारी ईख लिएर खेल्ने मेहनती खेलाडीका रूपमा परिचित छन्। डोपिङ टेस्टमा असफल भएपछि उनले चार वर्षअघि दसौं सागका दुई स्वर्ण मात्र गुमाएनन्, दुई वर्ष खेल्नै नपाउने गरी प्रतिबन्ध पनि बेहोरे। त्यसपछि उनी ३३ वर्षे उमेरमा पनि खेलमा फर्किए। मध्यम दूरीका स्पर्धा परिवर्तन गरेर म्याराथन सुरु गरेका भण्डारीले ११ औं सागमा स्वर्ण जितेर सफल पुनरागमन गरे। घरेलु प्रतियोगितामा पनि उनले एकपछि अर्को सफलता आत्मसात् गरिरहेका छन्।

### आङबाबु शेर्पा, उसु

सिन्धुपाल्चोकको इचोक-१ मा जन्मिएका आङबाबुले ११ औं सागमा स्वर्ण जित्ने क्रममा दक्षिण एसियाली कीर्तिमान पनि कोरेका छन्। पूर्णांक २० रहेको प्रदर्शनी खेल थाउलुको थाइची छ्वान ओभरअल स्पर्धामा उनलाई निर्णायकले १९ अंक दिएका थिए। उसुमा यति अंक पाउनु दुर्लभ मानिन्छ। आङबाबुले पाएको अंक दक्षिण एसियामा अहिलेसम्मकै सर्वाधिक हो।



# वर्षका उत्कृष्ट महिला खेलाडी



### देवु थापा, जुडो

११ औं साग उद्घाटनकै दिन ढाकामा लिफ्ट दुर्घटनामा परेकी देवुको अहिलेको अवस्था हेर्ने हो भने उनी खेल्न सक्ने स्थितिमा छैनन्। चोटको पीडा कम गर्न पेनकिलर खाँदै शरीरभरि पट्टी बाँधेर पनि दुई सन्तानकी यी आमाले विपक्षीलाई पछार्दै पदक जितेरै घर फर्किन्। उभिन नसक्ने स्थितिमा खेलेर उनले जितेको काँस्यको वास्तविक मूल्यांकन स्वर्णभन्दा कम छैन। त्यसैले ३५ वर्षीय यी खेलाडीको साहसको सम्मान गर्नैपर्छ। नेपाल फर्केर पनि उनी एक महिना अस्पतालको शैयामा रहिन्। अहिले पनि उनको दैनिक साढे तीन घण्टा उपचारमै बित्ने गरेको छ।

### विनिता महर्जन, उसु

११ औं दक्षिण एसियाली खेलकुद (साग) मा नेपाललाई पहिलो स्वर्ण विनिताले दिलाएकी थिइन्। माघमा भएको सागमा सुरुका दिन स्वर्ण चुम्न नसकेको निरासा मेटाउँदै यी २१ वर्षीया खेलाडीले नेपालको स्वर्ण सपना पूरा गरेकी थिइन्। उसुको सान्सौंमा उनले सफलता चुमेकी थिइन्। डेढ दशकको कडा मेहनतको प्रतिफलस्वरुप ढाकामा स्वर्ण जित्ने उनी सबैभन्दा कम उमेरकी नेपाली खेलाडी हुन्।

### गंगा अधिकारी, कराते

झापाली खेलाडी गंगा अनुभवी कराँते खेलाडी हुन्। ३० वर्षीया गंगाले नेपाललाई ११ औं सागमा स्वर्ण दिलाएकी थिइन्। ढाकामा उनले पाकिस्तान, भारत र अफगानिस्तानका खेलाडीमाथि प्रभावशाली जित हासिल गर्दै स्वर्ण पदक जितेकी थिइन्। साग छनौटमा पनि उनले अविश्वसनीय रुपमा तारा गुरुङलाई हराएकी थिइन्। उनी नेपाल प्रहरीमा आबद्ध छिन्।

### जमुना गुरुङ, फुटबल

नेपालले एक दशकयता पहिलोपल्ट अन्तर्राष्ट्रिय फुटबल ११ औं सागमा खेलेको थियो। त्यसमा नेपालले अविश्वसनीय रूपमा फाइनलको यात्रा तय गर्दै रजत पदक जित्यो। अन्तर्राष्ट्रिय फुटबलमा नेपाली महिला टिमको यो सर्वोत्कृष्ट नतिजा हो। यो ऐतिहासिक उपलब्धिमा कप्तान जमुना गुरुङको भूमिका नेतृत्वदायी थियो। पाकिस्तानमाथि शून्यका विरुद्ध ७ गोलको जितमा ३ गोल गरेर उनी अन्तर्राष्ट्रिय फुटबलमा ह्याट्रिक गर्ने पहिलो नेपाली महिला बनिन्। नेपालका लागि सर्वाधिक ७ गोल जमुनाकै नाममा रह्यो। गुरुङ सशस्त्र प्रहरी बलको एपीएफ क्लबमा आबद्ध छिन्।

### आयशा शाक्य, तेक्वान्दो

चार वर्षअघि कोलम्बो सागमा गरेको गल्तीलाई पाठका रूपमा लिएकी आयशा शाक्यले ११ औं सागमा स्वर्ण जित्ने धोको पूरा गरिन्। यो सफलताले उनलाई अहिले तेक्वान्दोमा सर्वोत्कृष्ट महिला खेलाडीका रूपमा उभ्याएको छ। उनले ५३ किलोग्राममुनिको स्पर्धाका तीनै खेलमा एकपक्षीय जित हात पार्दै स्वर्ण चुमेकी थिइन्। २२ वर्षकै उमेरमा उनले सागमा एक स्वर्ण र एक रजत हात पारेकीले आयशाबाट नेपालले भविष्यमा ठूलो सफलताको अपेक्षा गरेको छ।





# अभागी क्लब स्टारहरू

हिमेशरत्न बज्राचार्य

फुटबलप्रेमीहरूको ध्यान अब दक्षिण अफ्रिकामा हुने विश्वकपतर्फ मोडिँदैछ । विश्वकपमा सर्वाधिक उत्कृष्ट खेलाडीहरूले आफ्नो चुनौती पेस गर्नेछन् । उत्तिकै राम्रा खेलाडीहरूको एक हूलको भूमिका भने आमदर्शकको जस्तै हुनेछ । उनीहरू विशेषतः युरोपेली लिगका नामी स्टार खेलाडी हुन्, जसले यसपटकको विश्वकप खेल्नेछैनन् । उनीहरूलाई अभागी क्लब स्टार भन्न सकिन्छ ।

इङ्लिस प्रिमियर लिग र स्पेनी लिग हेर्ने दर्शकका लागि चेल्सीका गोलरक्षक पिटर चेक तथा बार्सिलोना स्ट्राइकर जाल्टन इब्रामोभिच आम नाम हुन्, प्रत्येक सप्ताहान्त सुन्न पाइने । साताको मध्यभागमा पनि युरोपेली क्लब प्रतियोगिता हुँदा उनीहरू चर्चामा रहन्छन् । चेक गणतन्त्र र स्वीडेन यसपल्टको विश्वकपमा छनौट भएनन् । त्यसैले उनीहरू विश्वकप अनुपस्थित रहनेछन् ।

सिजनको सुरुमा आर्सनलले इङ्ल्यान्डमा राम्रो गर्ने विश्वास गरिएको थिएन, तर उसले अविश्वसनीय रूपमा आफूलाई उपाधिको होडमा कायम राख्यो । आर्सनलका तीन प्रमुख खेलाडीमा रूसी फरवार्ड आन्द्रेयी आर्सभिन, क्रोएसियाली स्ट्राइकर एडवार्डो डा सिल्भा तथा चेक मिडफिल्डर टोमस रोस्की रहे ।

उनीहरूको देश विश्वकपमा छानिएका ३२ देशमध्ये नपरेको हुँदा दक्षिण अफ्रिका जानेछैनन् । आर्सनलको भन्दा म्यानचेस्टर युनाइटेडको कथा अलिक फरक छ, युनाइटेडका धेरै खेलाडीले विश्वकप खेल्नेछन् । त्यसमध्ये बुल्गेरियाली स्ट्राइकर डिमिटर बारबाटोभ भने दुर्भाग्यको सामना गर्दैछन् । रायन गिग्स त म्यानचेस्टरका आधारस्तम्भ नै हुन् । सम्भवतः उनी कुनै समय विश्वकप खेल्न नपाउने उत्कृष्ट खेलाडीको सँचीमा पर्नेछन् । उनले म्यानचेस्टरका लागि ११ प्रिमियर लिग उपाधि जिते । दुई युरोपेली च्याम्पियन्स उपाधि पनि उनको नाममा रह्यो, तर यसबीच गिग्सको देश वेल्स कहिल्यै विश्वकपमा छनौट भएन । अन्ततः निराश गिग्सले अन्तर्राष्ट्रिय फुटबलबाटै संन्यास लिए ।

लामो समययता उनले आफ्नो पूरा ध्यान म्यानचेस्टरमै केन्द्रित गरेका छन् । वेल्सकै स्थिति आयरल्यान्डको पनि छ । अझ यसपालि त निर्दयी तरिकाले आयरल्यान्ड विश्वकपमा छनौट हुन सकेन र त्यसको प्रमुख कारण युरोपेली प्ले-अफमा थिएरी हेनरीको ह्यान्डबल रह्यो । अफ्रिकामा पहिलोपल्ट हुने विश्वकपमा त्यहाँकै टोगोले खेल्नेछैन । फलस्वरूप आर्सनल छोडेर म्यानचेस्टर सिटी गएका इमानुल एडाबायोरमा पनि निराशा छायो । युरोपेली प्ले-अफमा युक्रेन पनि पराजित भयो, जसले गर्दा एसी मिलान र चेल्सीका पूर्वखेलाडी आन्द्रेयी शेभचेन्को पनि विश्वकपमा देखिनेछैनन् । यो हूलमा अफ्रिकी च्याम्पिययन इजिप्टका सबै खेलाडीलाई सर्वाधिक दुर्भाग्यशाली मान्न सकिन्छ ।

इजिप्ट अफ्रिकी फुटबलको पारम्परिक महाशक्ति हो । अफ्रिकी कप अफ नेसन्समा उसको दबदबा हुन्छ, तर किन हो विश्वकप छनौटमा उसलाई भाग्यले साथ दिंदैन । यसपल्ट पनि अफ्रिकी प्ले-अफमा इजिप्ट अल्जेरियाको हातबाट पराजित भयो, तर अफ्रिकी च्याम्पियन बन्न उसले अल्जेरियासँगै नाइजेरिया, क्यामरुन र घानालाई हराएको थियो । संयोगले ती चारै देश विश्वकपमा छनौट भए ।



## रोनाल्डोको रेट बढ्यो

नाइक कम्पनीले आफ्ना ब्रान्ड एम्बेसडर क्रिस्टियानो रोनाल्डोलाई अनुबन्ध बढाउन थप रकम दिने भएको छ । सन् २०१४ सम्मका लागि नाइकको ब्रान्ड एम्बेसडर भएबापत रोनाल्डोलाई नाइकले वार्षिक ६० लाख युरो दिने भएको छ । यसअघि रोनाल्डोलाई नाइकले वार्षिक रूपमा ४५ लाख युरो दिँदै आएको थियो । युरोपको सर्वाधिक आम्दानी गर्ने खेलाडी रोनाल्डोलाई नाइक कम्पनीले ब्रान्ड एम्बेसडर भएबापत दिइएको पारिश्रमिक फुटबलको क्षेत्रमा सर्वाधिक मानिएको छ, तर नाइक कम्पनीले अन्य खेलका खेलाडीको तुलनामा रोनाल्डोलाई दिएको पारिश्रमिक भने कम छ । नाइक कम्पनीले विभिन्न खेलका खेलाडीहरूलाई आफ्नो ब्रान्ड एम्बेसडर भएबापत दिने पारिश्रमिकमा विविधता छ, जसअनुसार नाइकले अमेरिकाको नेसनल बास्केटबल लिग खेल्ने खेलाडीहरूलाई रोनाल्डोको तुलनामा बढी पारिश्रमिक दिएको छ । एनबिएको एलए लार्करका कोबी ब्रायन्टलाई ७५ लाख युरो दिएको छ भने क्लेभल्यान्डका लिब्रोन जेम्सलाई ९० लाख युरो वार्षिक रूपमा दिँदै आएको छ । युरोपमा जर्मन स्पोर्ट्स कम्पनी एडिडासको प्रभुत्व बढ्दै गएको परिप्रेक्ष्यमा नाइकले रोनाल्डोलाई आफ्नो कम्पनीको प्रचार-प्रसारमा अघि सारेको हो । युरोपका सर्वाधिक महँगा खेलाडी रोनाल्डोका लागि सन् २००८ मा स्पेनको रियल म्याड्रिड क्लबले स्थानान्तर गर्ने क्रममा ९ करोड ४० लाख युरो तिरेको थियो ।



## उडकी प्रेमीकाबीच सौन्दर्य प्रतियोगिता

गल्फ खेलाडी टाइगर उडका प्रेमिकाहरू सार्वजनिक हुँदै गएपछि उनी सर्वाधिक कामुक व्यक्ति ठहरिएका थिए । टाइगर उडको जीवनमा आएका १४ जना प्रेमिकालाई लिएर हालै रेडियो कार्यक्रम प्रस्तोता होवार्ड स्ट्रनले 'टाइगर उडकी प्रेमिका' नामक सौन्दर्य प्रतियोगिता सम्पन्न गरेका छन् । उडको जीवनमा आएका प्रेमिकाहरूलाई भोटिङमार्फत् छनौट गरेर अन्तिम चरणमा तीन जना प्रेमिकालाई प्रस्तुत गरिएको थियो । रेडियो कार्यक्रममार्फत् भएको उक्त सौन्दर्य प्रतियोगितामा श्रोताहरूले समेत प्रश्न गरेका थिए । अधिकांश श्रोताले प्रतियोगीहरूसँग उडको यौन आचरणका सम्बन्धमा प्रश्न गरेका थिए जसले उडको यौन स्वभावका विषयमा चित्तबुझ्दो उत्तर दियो उसैलाई उपाधि प्रदान गरियो । फाइनलमा सहभागी भएकी जेमी जङ्गलरले उडको लिंगको आकार बताएकी थिइन् भने अर्की प्रतियोगी लोरेन्डाना जोलीले उडले आफूलाई माइकल जोर्डनले भन्दा बढी सन्तुष्ट दिएको बताइन् । श्रोताहरूको उत्तर दिने क्रममा जेमी ग्रुब्सले- उड कहिल्यै कण्डम प्रयोग गर्न चाहँदैनथ्यो, उसले उसको बुबाको मृत्यु भएको दिन समेत मसँग यौनसम्पर्क राखेको थियो भनिन् । यस्तै प्रश्न-उत्तर हुँदै रेडियोमार्फत् भएको मतदानमा जेमी जङ्गलरले उपाधि हात पारिन् । उपाधि सहित उनलाई ७५ हजार डलर नगद प्रदान गरिएको थियो । प्रतियोगितामा जेमी ग्रुब्स र लोरेन्डाना जोलीले संयुक्त रूपमा दोस्रो स्थान हात पार्दै १५ हजार डलर पाए ।

● विश्वकप डायरी ●

## विश्वकपलाई कन्डम सहयोग



आगामी विश्वकपको आयोजक दक्षिण अफ्रिकाले भोग्नुपरेको ठूलो समस्या फुटबलको आयोजना भए पनि त्यहाँ तीव्र रूपमा फैलिरहेको एचआईभी/एड्सबाट विदेशी दर्शकलाई जोगाउनु पनि हो । एचआईभी/एड्सको क्षेत्रमा कार्यरत संस्थाहरूका अनुसार अहिले दक्षिण अफ्रिकामा ५० लाख व्यक्ति एचआईभी/एड्सबाट संक्रमित छन् । विश्वकपको समयमा विदेशबाट ४ लाख ५० हजार फुटबलप्रेमी दक्षिण अफ्रिका आउनेछन् । यी दर्शकलाई एचआईभि/एड्स संक्रमित व्यक्तिहरूसँग हुन सक्ने यौनसम्पर्कबाट जोगाउनु अर्को चुनौती हो । यसका लागि १ अर्ब थान कन्डम आवश्यक पर्नेछ । विश्वकपको समयमा दर्शकहरू खुसीमा बढी यौनसम्पर्कतर्फ आकर्षित हुने हुँदा आयोजक समितिले उक्त अनुमान गरेको हो । दक्षिण अफ्रिकामा आफ्ना प्रशस्त नागरिक सहभागी हुने देखिएपछि बेलायतले हालै दक्षिण अफ्रिकालाई कन्डम खरिद गर्न १५ लाख डलर सहयोग दिने भएको छ । दक्षिण अफ्रिकाका राष्ट्रपति ज्याकोब जुमाको हालै सम्पन्न बेलायत भ्रमणका क्रममा बेलायतले कन्डम खरिद गर्न उक्त सहयोग गर्ने वचन दिएको छ ।



रेगुलर प्राईभेट Test/SLC
६ महिनामै +2, SLC, ११ को परीक्षा नदिई सोझै १२ को परीक्षा दिए पुग्ने ।
(NIOS SLC को लागि Science, Maths, Test नदिई ५ विषय मात्र पास गरे पुग्ने
(जिल्ला स्तरीय परीक्षा कक्षा ८ को मार्कसिट नभए पनि SLC दिन पाउने ।)
कक्षा १० मा भर्ना खुल्यो
जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त
कक्षा ९, १० तथा टेष्ट फेल भएर निराश भएका, विविध समस्याले विद्यालय जान छोडेका, जागिर गर्दै पढ्न चाहने पुरुष तथा गृहिणी महिलाहरुका लागि अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर ।
चावहिल, गणेशस्थान — नवबुद्ध ओ. स्कूल 4475300 016212357
नयाँ बानेश्वर — जेम्स ओ. स्कूल 016223251 9841-203836
लाजिम्पाट — कोसेट ओ. स्कूल 2160736 9841-264514
कोटेश्वर — कामना स्कूल 4600335 9841-268409



विक्रम राई

# प्रसंग कतिपय

प्रेमका भाइरसहरू हावामा बगिरहेका हुन्छन् । भनिन्छ, प्रेम एउटा यस्तो अनुभूति हो, जसलाई महसुस नगर्नेहरूले जीवनको उत्कृष्टता अनुभव गर्न पाउँदैनन् । जब प्रेम हुन्छ तब मुस्कानहरू आफैँ पोखिन्छन्, जति लुकाउन खोजे पनि प्रेम त्यसै छचल्किन्छ । बिनाकारण पनि अधरको मुस्कान देखिन थाल्छ । चञ्चल र यौवनले भरिएका अनुहारमा यी मुस्कानहरू त्यसै-त्यसै बगिरहन्छ । फेरि प्रेममा परेपछि आँखाको भाका बुझ्न सकिन्छ । आँखाले प्रेमको मापन गर्छ, किनभने आँखा नै मन र मुटुको आइना हो । कसैको मन-मुटुमा डुब्न खोज्नेहरू पहिले आँखाको गहराइभित्र डुब्न खोज्छन् । त्यसैले प्रेम भएपछि बोली फुट्दैन, शब्दहरू निस्कँदैनन् । एक्कासि रातहरू लामा हुन थाल्छन् । शरीरले भिन्न महसुस गर्न थाल्छ, अनि निमा रुम्बाको तालमा यो मन नाच्न थाल्छ :

*साँझमा पनि, रातमा पनि*
*सम्झन्छु तिमीलाई, दिनमा पनि ।*

दर्शन र तर्कलाई पछि पार्दै विज्ञानले प्रमाणित गरेको छ– जब दुई जनाबीचको क्यामेस्ट्री मिल्छ तब दुई मुटुबीच ढुकढुकी बढ्छ । त्यसलाई अनुहार र शरीरको फ्युजनले सहयोग गरेको हुन्छ, तर ढुकढुकी बढाउन सबैभन्दा ठूलो र महत्त्वपूर्ण भूमिका भनेको त्यो 'ज्यानमारा नखरा' नै हो, जसले धेरै जना एक-अर्काका प्रति भुतुक्कै हुन्छन् । त्यसैले अनेकौं बाधा-अड्चनका बाबजुद पनि धेरैको उदय र मनिलाको जस्तो भेट हुन्छ र गुनगुनाउँछन् :

*आधी बाटो हिँडेपछि*
*तिमीसित भेट भयो*
*जिन्दगीको हाम्रो यात्रा*
*त्यहीँबाट सुरु भयो ।*

कहिलेकाहीँ त लाग्छ, मान्छेको जोडी माथिबाट बनेर आएको हुन्छ । त्यसलाई ईश्वरीय शक्तिले नै जुराएको हुन्छ । सायद त्यसैले होला, मन मिल्ने नभेट्टिएसम्म यो मुटु सधैं बरालिँदो रहेछ । त्यसैले कसैलाई देख्दा एक्कासि आँधी-हुरी आउँछ । अदृश्य ठूलो हावाको बेगले एक्कासि मन बिगारिदिन्छ । कहिलेकाहीँ जोसमा रोमान्टिक गीत गुनगुनाउँदा यो फुटेको धोक्रो स्वरले एमपीथ्री प्लेयरलाई पनि बेसुरो बनाइदिन्छ । फेरि उता हरिभक्त कटुवालका भावुक गीतले शरीरका नसा तन्कँदा, आँखा नशालु बन्दै जान्छ । बन्दको मौसममा आइपोडको एयरफोन कानमा लगाएर 'सेन्टी' गीत सुन्दै र क्यालोरी फ्याँक्दै गन्तव्यतर्फ लाग्दा यो मुटु कसैको यादमा झक्कानिएर आउँछ अनि लाक्पा शेर्पालाई सम्झँदै ओठहरू बरबराउँछन् :

*झस्केर दुख्छ*
*यो मुटु मेरो*
*उसैको यादमा ।*

यथार्थमा त यो व्यस्त जीवनमा मुटु ढुकढुक हुनेको साथ पाउनै गाऱ्हो छ । त्यसैले यो भीडभाडमा प्रेम मुस्किल बन्दै गएको छ । फेरि प्रेमी र प्रेमीका बन्न जगजित सिंहले गाएझैं धेरैले धपेडी खाएकै हुनुपर्छ । त्यसैले त शायर लेख्छन् :

*प्यारका पहला*
*खत लिखनेमे*
*वक्त तो लगता है ।*

यति हुँदाहुँदै पनि धेरै जना यस्ता पनि छन्, जसले जिन्दगीको यात्रा सँगै सुरु नै गर्न पाउँदैनन् । एकतर्फी प्रेम र बिछोडले गर्दा दुःख र विरह मात्र भोग्नुपरेको छ । परिणाम समयअगावै 'सेन्टी एन्ड म्याचुर' बनाइदिने खराब 'साइको' धेरैले भोगेका छन् । यसका कारण जे भए पनि बैंसमा गरिएको एकतर्फी प्रेम र बिछोडले मुटुको घाउलाई बारम्बार दुखाउँछ । सायद चित्रा सिंहले धेरै पहिले नै बुझेर होला, कुनै शायरको पंक्तिलाई गीतमा यसरी व्यक्त गरेकी थिइन् :

*दिले नादान तुझे हुआ क्या है*
*इस दर्दका दवा क्या है ।*

बिछोडको औषधी के नै हुन सक्छ ? तथापि गीत-संगीतले मन र मुटुलाई भुलाउन सकिँदो रहेछ । पप र रक गीतमा भिज्न नपाउँदै सुगम संगीत र गजलको सौखिन बन्न पुगेको मन सोलुको जोरसल्लेमा उकालो चढ्दा होस् वा अमेरिकाको नियाग्राफल भित्र निथ्रुक्क भिज्दा होस्, कसैको यादमा मुटु बटारिएर आउँदो रहेछ । जिन्दगीको यो पलमा दीप श्रेष्ठले भर्खरै गाएको गीतमा झैं आफूले आफैंलाई सहानुभूति दिनुपरेको छ :

*खुसी तिमी हुनु, फूलझैं फुलेर*
*सप्तरङ्गी रंग छर्दै, इन्द्रेणी बनेर ।*

prasangakatipaya@hotmail.com


Admission Open
Pre for
BRITISH GURKHAS ARMY
&
SINGAPORE POLICE FORCE
For 2010/2011
Lincoln Sports Pvt. Ltd.
Gongabu Tel: 01-4354576
Jawalakhel Tel: 01-5008571
Mob. 9851011166, 9841330670

ब्यूटीसियन तालिममा निःशुल्क भर्ना खुल्यो
बिगत १३ बर्ष देखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा Basic, Advance, Diploma, Beautician Teachers Trainining, Hair Dressing र Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
********************************
नोटः यू. के., अमेरिका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेन्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्
मोटरवाईण्डिङ्
Guarantee
लोडसेडिङ्ग नो प्रोब्लम
१३ वर्ष पूरानो
SLC दिएकाहरुलाई ३०% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्कः
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोनः ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोटः विदेश जानेलाई विशेष कोर्ष

Special Discount for S.L.C. appeared students
Work & Study in JAPAN
TOEFL/IELTS (Free Books, CDs, Lab Practics & Weekly Tests)
Languages: English, Japanese, French, German, Korean, Hibrew, Chinese, Spanish, Italian, & more.
Computer Courses
Software, Hardware & Networking.
Basic, Office, Graphics, webpage, Programming Accounting Package.
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | New Baneshwor (Opp. BICC water Tank) Tel: 4785226 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

Private
TEST/SLC
❖ भर्खरै ९ तथा Test फेल भएका ।
❖ ८, ९ र Test पास भएका/ उमेर नाघेका/ जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुका लागि
दश कक्षामा भर्ना खुल्यो
100% result since 2004....
❖ बिहान र दिउँसो/नेपाली र अंग्रेजी माध्यममा पढाइने
❖ जि.शि.का. र EIA बाट सम्बन्धन प्राप्त
फारम वितरण तथा भर्ना प्रक्रिया घमाघम भैरहेको छ ।
Columbia Academy
नयाँ बानेश्वर, शंखमुल झर्ने ओरालोको मुखैमा
Tel: 4781061, 9851095070

Shaping Minds Group
Kumaripati 5008632 2292233/44
Putalisadak 2222605 4233478
Baneshwor 4782162 4781431
Itahari 025-584310
Birgunj 051-523421
Career Oriented Training
* Banking Training - 42 Days - 2 Hrs Daily
* Diploma in Fashion Design - 12 Months
* Diploma in Interior Design - 12 Months
* Hardware Training - 8 Weeks - 2 Hrs Daily
* Secretarial Training - 8 Weeks - 2 Hrs Daily
* Accounting Package - 8 Weeks - 2 Hrs Daily
* Diploma in Cook Training - 8 Weeks - 2 Hrs
* Personality Development - 8 Weeks - 2 Hrs
* Special English Course - 8 Weeks - 2 Hrs Daily
* Advance Web / Graphic Design - 8 Weeks - 2 Hrs
* IELTS / TOEFL / SAT / GRE / GMAT - 8 Weeks - 2 Hrs
Projector Base Education from Experts with Good Discount Amount

Study In USA
CANADA
CYPRUS
IRELAND
New Zealand
& More.....
50% Discount on TOEFL/IELTS
Free: CDs & Books
Learn Practical English Language
General English Spoken English
Vocabulary Class Grammar Class
Free: Books, CDs, Internet & Emails
Job Oriented Computer Courses
Basic Graphic Designing
Tally Web Page Designing
Computer Operator
Special Discount for SLC Students
Getway Educational Consultancy P. Ltd
Ph: 4239719, 4241870

भर्ना खुल्यो !
प्राईभेट Test/SLC मा भर्ना खुल्यो
एक वर्षमै S.L.C. पास गर्ने हैन त?
Free Computer & Tuition.
जि.शि.का. र EIA बाट मान्यता प्राप्त
KINGS ACADEMY
Koteshwor-35
Contact: 01-4600245
Mob: 9849489453

सजिलै पास गरौं
प्राइभेट Test/S.L.C.
☞ भर्खरै ९ तथा Test फेल भएका
☞ ८, ९ तथा Test पास गरी पढाइ छाडेका
☞ जागिरे, गृहिणी, मेहनती र जेहेन्दार विद्यार्थीलाई विशेष सुविधा सहित
कक्षा 10 मा भर्ना खुल्यो ।
समय अभाव हुनेहरुले शनिवार मात्र पढेर पास गर्ने व्यवस्था
अंग्रजी तथा नेपाली दुवै माध्यममा पढाइने
☞ जि. शि. का. बाट मान्यता प्राप्त
☞ विगतमा 100% पास गराउन सफल
☞ S.L.C. पास गर्नको लागि
सिभिल नेशनल एकेडेमी
नयाँ बानेश्वर चोक
नयाँ बानेश्वर डिपार्टमेन्ट स्टोरको ठीक अगाडी
फोन नं. ४७८०२२८, ९८४१३८१४१६

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
तालिमहरु तपाईहरुको लागि
DIGITAL EDITING & ANIMATION
फोटोग्राफी
विवाह, व्रतबन्ध, टेलिफिल्म आदिमा भिडियो खिच्नुका साथै Editing गरिन्छ ।
भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY
पुतलीसडक चोक, काठमाडौं
९४४४३३१९, ९८४१-३२२७७७

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाईनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर,वारमेन,क्याप्टेन,होटल सुपरभाइजर, रिसेप्सनिष्ट,हाउसकिपीङ्ग आदि ।
✱५ तारे होटलमा कार्यरत अनुभवी प्रशिक्षक बाट तालिम दिइने ।
✱टाढाबाट आएका र बिदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था ।
✱Ex-practical को लागि होटलहरुमा पठाईने ।
सक्षम नभएमा पुनः कक्षा गराएर सक्षम बनाईने ।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) सँगै
फोन: 01-4384548

Cook / Waiter
SLC दिएर बसेका विद्यार्थीहरूलाई नववर्ष २०६७ को उपलक्ष्यमा ५०% सम्मको छुटमा होटल तालिम
विदेश जानेहरूको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ
NATIONAL Employment Training Center Pvt. Ltd.
चुच्चेपाटी, चावहिल, काठमाडौं
४४९००१६, २०२३३६७

नववर्ष २०६७ को उपलक्ष्यमा SLC दिएर बसेका विद्यार्थीहरू लाई ५०% सम्मको छुटमा
होटल तालिम
Cook / Waiter
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ ।
Manpower Training Center Pvt. Ltd.
PACIFIC
Jamal, Kathmandu
4232196

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/ Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
4484098, 2134544

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्कः- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
✆4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।